ISSN 2091-1769

# शब्द संयोजन

वर्ष २३, अङ्क ५, पूर्णाङ्क २६८, २०८३ भदौ



मूल्य रु. ५०/-

# शुभारम्भ



## प्रा. डा. हेमनाथ पौडेल

कवि महेश्वर खनालका कवितामा राष्ट्रियता, सामाजिक उत्तरदायित्व र मानवीय अस्तित्वप्रतिको चिन्ता पनि उत्तिकै प्रखर छ । राष्ट्रनिर्माता पृथ्वीनारायण शाह तथा कवि लेखनाथ पौड्यालप्रति श्रद्धा व्यक्त गर्नु, आमा र गुरुका महत्त्वलाई स्मरण गर्नु तथा आधुनिक जीवनका नैतिक विचलनप्रति सजग देखिनुजस्ता पक्षले उनका कवितालाई विगत र वर्तमानबिचको सेतु बनाएका छन् । खनालका कविताको भाषा सरल, सुस्पष्ट र बोधगम्य छ । तत्सम र तद्भव शब्दको सुललित प्रयोग, शास्त्रीय लयको अनुशासन, पुनरुक्ति अलङ्कारको सान्दर्भिक प्रयोग र सकारात्मक स्वरले कवितालाई विशिष्टता प्रदान गरेका छन् । उनका कवितामा निराशा, कुण्ठा र पलायन छैन; आशा, स्वस्थता र सङ्घर्षको चेतना नै प्रधान छ । पाठकले यी कविताबाट केवल अर्थ मात्र ग्रहण गर्दैनन्, अनुभूति पनि गर्छन् । यही नै उनका कविताको विशेषता हो ।

'हिमालको छातीमा उड्ने चरा' समाज, प्रकृति र जीवनदर्शनको त्रिवेणी हो । यसले पाठकलाई उचाइतर्फ उन्मुख हुन प्रेरित गर्छ । आकाश छुने आकाङ्क्षासँगै भूमिसँगको सम्बन्ध कायम राख्ने सन्तुलित चेतना यस सङ्ग्रहको मूल आत्मा हो । खनालको काव्ययात्रा केवल साहित्यिक अभिव्यक्ति मात्र नभई संस्कार, साधना र समाजप्रतिको समर्पणको निरन्तर यात्रा पनि बनेको छ । उनका कविताले पाठकलाई बाह्य कोलाहलभन्दा बढी आफ्नै अन्तरआत्मातर्फ फर्कन आह्वान गर्छन् । यही नै उनको काव्यसफलताको सार हो ।

*-प्रा.डा.हेमनाथ पौडेल (महेश्वर खनालको कवितासङ्ग्रह 'हिमालको छातीमा उड्ने चरा' मा समाविष्ट भूमिकाबाट साभार)*

❖ सम्पादकीय

# मुलुकको अखण्डता र सामाजिक सद्भाव एवम् एकताको अपरिहार्यता

मुलुक सम्पूर्ण मुलुकवासी वा नागरिकको अभिभावक हो । राज्यले आफ्ना नागरिकलाई अभिभावकत्व प्रदान गर्नसकेन भने राज्यका प्रतिको नागरिकको विश्वास र भरोसा टुट्छ । राज्यका प्रतिको विश्वास नागरिकका तहबाट टुट्यो भने निराशाको बढोत्तरी हुन्छ र अन्ततः नागरिकको असहयोगमा राज्यले आफ्नो लक्ष्य प्राप्त गर्न पनि सक्दैन; यो अत्यन्त गम्भीर मात्र छैन चिन्ताको पनि विषय हो । राज्य आफ्ना नागरिकका प्रति अत्यन्तै जिम्मेवार हुनु आवश्यक छ। राज्य भनेको सम्पन्नको, धनीको वा हुनेखानेको मात्र होइन अत्यन्त विपन्नभन्दा विपन्न जनताको पनि हो र जसको गाँस, वास जुटाउने समार्थ्य नै हुँदैन त्यस्ता नागरिकका प्रति राज्य बढी जिम्मेवार र सम्बेदनशील हुनु जरुरी छ । तर हाम्रो राज्य निर्लज्जताका साथ आफ्नो बजेट तथा कार्यक्रमका माध्यमबाट अनावश्यक करको भार थोपर्ने, निमुखा जनताको जीवनरक्षामा सम्बेदनशील नहुनेजस्ता अमानवीय कर्मका माध्यमबाट निम्नवर्गका जनतालाई उपेक्षा गर्ने र उच्चवर्गको पक्षपोषण गर्ने चरित्रको प्रदर्शन गर्ने कार्य गरिरहेको छ! यो निकै धेरै चिन्ताको विषय हो !

हाम्रो मुलुक अहिले पनि १४२ जातजातिले बसोवास गरिरहेको र १२५ भन्दा बढी भाषाभाषीले अत्यन्त सौहाद्रपूर्ण रूपमा आपसी एकता र सद्भाव कायम राखेर, धार्मिक सहिष्णुता कायम राखेर हजारौं वर्षदेखि मिलेर बसेको मुलुक हो । जातीय विविधता तर अनुकरणीय एकता र सौहार्दता हाम्रो मुलुकको अरूहरूले पनि मुक्तकण्ठले प्रशंसा गर्ने विशेषता हो तर यो एकता, सद्भाव र सौहार्दताको कसिलो डोरी बहुजातीय र बहुधार्मिक नेपाली जनता आफैंले बाटेका हुन् र त्यही डोरीमा मालाझैं उनिएर हजारौं वर्षदेखि नेपाली जनता बसोवास गरिरहेका छन् । नेपाली जनताको यो अभूतपूर्व एवम् अनुकरणीय एकता भत्काउन, बिगार्न वेला वेलामा विभिन्न तत्त्वहरूले भित्र भित्र नदेखिने गरी वा बाहिरै देखिएर पनि अनेकखालका प्रयत्न भएका वा हुने गरेका देखिएको छ ! 'सुकेको खरमा आगो झोस्ने', 'बलेको आगोमा पेट्रोल हाल्ने'जस्ता दुश्प्रयास पनि वेला वेलामा हुने गरेका छन् तर नेपाली जनताको एकताको डोरी छिनाउने प्रयास सफल भइरहेको छैन ।

नेपाल राज्यको संविधानले यो मुलुकको बहुजातीय एवम् बहुधार्मिक चरित्रका कारण 'धर्मनिरपेक्ष' राज्य घोषणा गरेको विषयलाई नै उछाल्ने, फुटाउने, जुधाउने, लडाउने र सामाजिक सद्भाव बिगार्ने कुत्सित मनसायले देशी विदेशी शक्तिले खेल्न नखोजेका चाहिँ होइनन् तर व्यक्तिको धर्म हुन्छ राज्यको धर्म हुँदैन, कुनै खास धर्मका पक्षमा राज्यले वकालत गर्नुहुँदैन भन्ने दूरदर्शिताका कारण निकै धेरै बहस र छलफलपछि संविधानमा 'धर्मनिरपेक्ष' राज्य भन्ने व्यवस्था गरिएको हो । यो हाम्रो मुलुकको संम्बेदनशीलतासँग गाँसिएको कुरा पनि हो ।

नागरिकका तहबाट जति र जुन तरिकाले एकता, सद्भाव, सौहार्दता कायम राखिएको छ त्यही सम्बेदनशीलता राज्यका तहबाट पनि कायम राखिनु आवश्यक हुन्छ । बाह्य चलखेल, धार्मिक एवम् सांस्कृतिक हस्तक्षेप, आफ्नो स्वार्थ पूरा गराउने खालका षडयन्त्र आदि पक्षले पटक पटक सामाजिक सद्भाव बिगार्ने प्रयत्न गरेका पक्षलाई राज्यले बढी नै गम्भीरताका साथ ध्यान दिनुपर्दछ र सोहीअनुसार आफ्ना संयन्त्रका माध्यमबाट अत्यन्त प्रभावकारी एवम् विश्वसनीय कार्यान्वयन पनि गर्नुपर्दछ ।

धार्मिक एवम् सामाजिक सद्भाव कायम राख्न, अनेक खाले षडयन्त्र र घुसपैठ नियन्त्रण गर्न, जनताका बिचको एकता भाँडिन नदिन राज्य बढी नै गम्भीर, परिपक्व, जिम्मेवार हुनु आवश्यक हुन्छ । सुकेको खरमा आगो लगाउन जति सजिलो हुन्छ त्यो दन्केको आगो निभाउन त्यति नै कठिन हुन्छ र आगो लागिसकेपछि कुवा खन्नुको अर्थ पनि हुँदैन । त्यसैले राज्यले कच्चा, अपरिपक्व, अदूरदर्शी, उरन्ठेउलो भूमिका निर्वाह गरिदियो भने चाहिँ परिणाम अत्यन्तै दुर्भाग्यपूर्ण भइदिन्छ अनि जनताको तहबाट पनि आगो सल्काउन जति सजिलो हुन्छ निभाउन त्यति नै कठिन हुन्छ भन्ने शाश्वततालाई आत्मसात् गरी जुगौँजुगदेखिको एकता र सौहार्दता हामी जनता आफैँले पनि कायम राख्ने भरमग्दुर प्रयत्न गर्नै पर्छ, अत्यन्त होसियार हुनुपर्छ चनाखो हुनुपर्छ किनभने यो मुलुक हामी जनताको हो ।

सामाजिक सद्भाव र एकता विथोल्न हालै सुनसरीबाट थालनी भएको कथित दुश्प्रयासको आगो झन्डै झन्डै तराईभरि फैलियो ! मधेस प्रदेश निकै धेरै आन्दोलित भयो ! आगोमा घिउ थप्ने दुश्प्रयास कहीँ कतै भए भन्ने पनि सुनियो तर यो दुर्भाग्यपूर्ण अवस्थालाई सामान्यीकरण गर्न सिङ्गै देश जुट्यो र लागेको आगो निभाउने काम भयो । यो अत्यन्त सराहनीय, अनुकरणीय र बन्दनीय कार्य हो तर पनि भित्रसम्म गढेर रहेको कतै तुस पो बाँकी रह्यो कि ? भोलिका दिनमा फेरि कतैबाट त्यही तुसको झिल्को आगोमा परिणत हुने पो हो कि भन्ने आशङ्का चाहिँ अझै पनि निमिट्यान्न भएको छैन भनेर जनताका प्रतिनिधिहरू सांसादहरूले नै चिन्ता जाहेर गरिरहेका छन् । हाम्रो अखण्ड सामाजिक सद्भाव विथोल्न लागिपर्ने तत्त्व वा कारक को थिए ? कसरी यो विद्वेशको आगो झोसिनपुग्यो भन्ने गहन अध्ययन, अनुसन्धान भएका तथ्यहरू सार्वजनिक नहुनु र 'अब शान्त भइहाल्यो नि' भनेर फेरि आआफ्नै डम्फु बजाउने मनोविज्ञानले काम गरेको हो भने फेरि पनि कुनै पनि वेला हाम्रो सामाजिक सद्भाव र एकतामा धावा बोलिनसक्छ भन्ने चिन्ता सचेत नागरिक तथा सामान्य शान्तिप्रेमी जनतामा पनि रहेको देखिएको छ ! भित्र मनमा त्रास नै गढेर रहेको देखिएको छ ! सरकार तथा जिम्मेवार निकायका तहमा भने यो खालको चिन्ता रहेको वा नरहेको अनुभूति गर्नसकिएको छैन !

सामाजिक सद्भाव कायम गर्ने, शान्तिसुरक्षा कायम गर्ने, धनजनको सुरक्षा गर्ने, नागरिक हकको सुनिश्चितता गर्ने, सुशासनको प्रत्याभूति गर्ने, सरकारी सेवाप्रवाहलाई पारदर्शी, छिटोछरितो र कम झन्झटिलो पार्ने, जनताका आधारभूत आवश्यकताका कुराहरूलाई सरल एवम् कुशल व्यवस्थापनका माध्यमबाट जनताका तहमा पुर्‍याउने, अनुगमनलाई अत्यन्त प्रभावकारी र परिणामउन्मुख पार्ने आदि इत्यादि कुराको ग्यारेन्टी गर्ने दायित्व सरकारको नै हो ।

मुखले भनेर होइन, भाषण गरेर होइन, सामाजिक सञ्जालमा स्टन्ट गरेर पनि होइन यथार्थमा व्यवहारमा उतारेर; आतङ्कको सहाराले पनि होइन विधि, पद्धति, नियम, कानुनको न्यायोचित परिपालनाका माध्यमबाट मात्र सरकार सरकार जस्तो देखिनुपर्छ, जनताले अनुभूत गर्नेखालको सेवाप्रवाह सरकारले गर्नुपर्दछ। चारैतिर बेथितिका लम्बेतान लाइन देखाएर सुशासनको डिङ हाँक्न किमार्थ सुहाउँदैन । सुशासन, सेवाप्रवाहजस्ता कुराहरू भाषण वा स्टन्टका माध्यमबाट हुने कुरै होइनन्, अत्यन्त इमानदार प्रयत्नविना सम्भव हुने कुरा पनि होइनन् भन्ने तथ्यलाई सरकारले हृदयदेखि नै र वेलैमा बुझ्नुपर्दछ अनि सपनामा वा भ्रममा थै थै गरेर नाचिरहेका हामी जनताले पनि यो शाश्वततालाई बुझ्नु आवश्यक छ।

जसरी भ्रम र सपना यथार्थ हुनसक्तैनन् त्यसैगरी सत्थयतथ्यमा प्रवेशै नगरी वा यथार्थको जानकारी नै नलिई गरिएको अतिविश्वासले पनि अपेक्षित परिणाम दिनसक्तैन । आलोकाँचो, उरन्ठेउलो, ठेट्नो प्रवृत्ति धेरै विश्वासयोग्य हुँदैन र त्यस्तो प्रवृत्ति कतै न कतै दुर्घटित हुने सम्भावना रहिरहन्छ। जति नै ठुलो वा फराकिलो हाइवेमा चलाए पनि आवश्यक पर्ने ठाउँमा समेत ब्रेक नलगाई कुदाएको गाडी दुर्घटनामा पर्ने सम्भावना प्रबल हुन्छ । 'कुराले चिउरा भिज्दैनन्' भन्ने हाम्रो समाजको उखान अनुभवको परिणति हो। 'हामी जान्ने हौँ, हामी अरूका कुरै सुन्दैनौँ' भन्नु भनेको अर्को अतिवाद हो र अतिवाद कहिल्यै पनि राम्रो कुरा होइन, हुँदैन। 'आगो ताप्नु मुढाको कुरा सुन्नु बुढाको' भन्ने हाम्रो समाजले भोगेको भोगाइको उपजमा बनेको यो उखानले विशिष्ट अर्थ प्रदान गरेको छ । अनुभव वा भोगाइ भनेका त्याज्य होइन अनुकरणीय कुरा हुन्। हाम्रा कर्मले, व्यवहारले, अपरिपक्व र उट्पट्याङ बोलीले नागरिकका तहमा वा छरछिमेकीलाई बिझाइरहेको पो छ कि ? र यस्तै यस्तै कारणले हाम्रो आन्तरिक एकता र सद्भावमा धावा बोल्न वा आगो लगाउने सलाइको काँटीको काम पो गरिरहेको छ कि भन्ने तथ्यको अनुसन्धान हुनु, चुरो कुरा पहिल्याउन गहिराइमा प्रवेश गर्नु, परिपक्व व्यवहारको प्रदर्शन गर्नु, आफूलाई म जुजुमान नठान्नु, आतङ्कको होइन विधिको सहारा लिनुपर्छ भन्ने तत्वज्ञान लिनु अहिलेको हाम्रो मुलुकको आवश्यकता हो।

हामी किन बोलेअनुसारको कार्यसम्पादन गर्नसकिरहेका छैनौँ ? जतासुकै जनताले लामोभन्दा लामो लाइन नलागी सेवा प्राप्त गर्ननसक्नुका पछाडिको कारण के हो ? व्यवस्थापनको पक्ष फितलो भयो भने कार्यसम्पादनको परिणाम अपेक्षित रूपमा प्राप्त हुँदै हुँदैन भन्ने तथ्यलाई हामीले मनन गरेनौँ कि ? वा हाम्रो आफ्नो क्षमताको मापनविना नै हामी सुशासनको डिङ हाँकिरहेका त छैनौँ ? वा आफ्नो सामर्थ्य र क्षमताको आवश्यक परिमार्जन वा विकास वा अभिवृद्धिविना नै हामी बोलिरहेका त छैनौँ ? वा हामी पनि भ्रम छर्ने प्रयासमै त अल्मलिइरहेका छैनौँ ? कि हामीले सुशासन भनेको छुमन्तर नै चाहिँ होइन भन्ने बुझेनौँ ? यी सबै पक्षमा गहिरो अनुसन्धान, विश्लेषण गरिनु आवश्यक छ र जहाँ जहाँ जेजस्तो सम्भव भएसम्मको सुधार आवश्यक हुन्छ गरिनुपर्दछ र मात्र हामी बोली र व्यवहारको तालमेल गर्नसक्छौँ; एकता र सद्भाव कायम गर्नसक्छौँ।

*-रमेश पोखरेल*

## यस अङ्कमा


**कविता**

**भत्काइएका...**- *यशोदा अधिकारी/२१*
**फुटबल...**- *दुर्गा वनवासी/२२*
**छाया १-६**- *डा. दामोदर पुडासैनी 'किशोर'/२३*
**अतितको...**- *रामचन्द्र दाहाल/३१*
**विकसित...**- *डा. गोविन्दप्रसाद आचार्य/४५*
**है माया**- *नवराज श्रेष्ठ/४७*
**एकैनास...** - *पदम दाहाल/४८*
**गर्मी...** - *ध्रुवकुमार सापकोटा/४९*

**अनुवाद/कविता**

**झरी/अन्तरात्मा**- *अनिल शर्मा नील/११*

**कथा/लघु कथा**

**स्वतन्त्रता** - *कुमार काफ्ले/२४*
**पैताला** - *विन्दु अधिकारी ढकाल/२७*
**यावत** - *ध्रुवकृष्ण ताम्राकार/३९*
**छानो** - *म्यामराज राई/४४*
**गोपीलालको...** - *पद्मप्रसाद शर्मा/४६*

**यसपटक**

*निरञ्जना चन्द निरु/७*

**समीक्षा/संस्मरण/कृति परिचय**

**गुरु...** - *महेशराज खरेल/१३*
**सम्झनामा...** - *गोपाल बराल/२५*
**होमशङ्कर...** - *प्रा.डा. हेमनाथ पौडेल/३२*
**प्रमाण...** - *पोष चापागाईं/५०*
**कालो आँधी.../५७**

**स्थायी स्तम्भ**

**शिखर व्यक्तित्व**

*नगेन्द्रराज शर्मा/६*

**निरन्तर...**

वासुदेव अधिकारी/५३

**समाचार**/६३

**अनूभूति**

*प्रा.डा. रामप्रसाद ज्ञवाली/६४*



शब्द संयोजन
मासिक


# शब्द-संयोजन

(मासिक साहित्यिक प्रकाशन) वर्ष २३ अङ्क ५ पूर्णाङ्क २६८/२०८३ भदौ
जिप्रकाका द.नं. ९४/२०६०/०६१

**सल्लाहकार** : डा. मोदनाथ प्रश्रित, प्रा. डा. जीवेन्द्र देव गिरी, राम विनय
प्रा. केशव सुवेदी, ई. महेन्द्र गुरुङ

**प्रकाशक**: साहित्य सन्ध्या
**प्रधान सम्पादक**: रमेश पोखरेल
**कार्यकारी सम्पादक**: सुमी लोहनी
**सम्पादक**: रूपक अलङ्कार
**अन्तर्वार्ता संयोजन**: अच्युत घिमिरे
**वेब संयोजन**: प्रशान्त खरेल
**कला**: गणेशकुमार जी.सी.
**आवरण चित्र**: गुगल
**प्रतिनिधि**: पुण्यप्रसाद खरेल(झापा), डा. हरिप्रसाद तिमिल्सिना (नेपालगन्ज),
नमुना शर्मा (चितवन)
Email : s_samyojan@yahoo.com website: sahityasandhya.org.np
**मुद्रण**: विनायक प्रेस, धोबिधारा, काठमाडौं, मो.९८४१४४७३२२
**साजसज्जा**: टच क्रिएसन प्रा. लि., फोन ०१-५३१५४४८

# अभिव्यक्तिमा व्यक्त नगेन्द्रराज शर्मा



नेपाली साहित्यको विकास, विस्तार र परिष्कारमा अभिव्यक्ति पत्रिकाको अतुलनीय योगदान छ अनि सो पत्रिकालाई लोकप्रियताको उच्च सोपानमा पुऱ्याउन साहित्यिक पत्रकार नगेन्द्रराज शर्माले दिलोज्यान दिएर गरेको परिश्रम झन प्रशंसनीय छ । हुन त नगेन्द्रराज शर्मा एक गम्भीर साहित्यकार हुन् । उनले मुक्तक, कविता, निबन्ध, कथा तथा उपन्यासलेखनमा पनि कलम चलाएका छन् तथापि उनको विराट् व्यक्तित्वलाई चिनाउने महत्त्वपूर्ण कार्य भने साहित्यिक पत्रकारिता नै हो ।

विक्रम संवत् १९९४ मा रामेछापमा जन्मिएका नगेन्द्रराज शर्माले बनारसदेखि काठमाडौँसम्मको भूगोल नापेका छन् । यस क्रममा उनका सङ्घर्षका पाइलाहरू उकाली, ओराली र भन्ज्याङहरूमा बडो फुर्तिसँग दौडिए । नगेन्द्रराजका 'पीपलको बोटमुनि', 'दिवास्वप्न', 'महापुरुष'लगायतका कृतिहरू प्रकाशित छन् । उनी आफ्ना साहित्यिक कृतिहरूले भन्दा पनि अभिव्यक्ति साहित्यिक पत्रिकाले बढी चिनिएका हुन् । २०२७ बाट प्रकाशित हुन सुरु भएको अभिव्यक्ति साहित्यिक पत्रिकाले आजसम्म पनि निरन्तर प्रकाशनमा आएर गौरवमय इतिहास रचना गरेको छ ।

नेपाली साहित्यका क्षेत्रमा साहित्यिक पत्रिकाहरूको अभाव छ । जति प्रकाशित हुन्छन् तिनमा पनि स्तरीयताका प्रश्न जिउँदै छन् । स्तरीय पत्रिका निकाल्न यसै गारो छ अझ निरन्तरता दिन त फलामको चिउरा चपाएजस्तो छ । यस्तो दुरुह अवस्थामा समय र सम्पत्तिको उचित चाँजोपाँजो मिलाएर करिब पाँच दशकसम्म निरन्तर पत्रिका प्रकाशन गरेर नगेन्द्रराज शर्माले हिम्मतिलो र प्रशंसनीय काम गरेका छन् ।

अभिव्यक्ति साहित्यिक पत्रिका नेपाली साहित्य र साहित्यकारको सम्बन्धको सेतु हो । हजारौँ साहित्यकारलाई यस पत्रिकाले पहिचान दिएर स्थापित गरिदिएको छ । वर्तमानका धेरै परिचित स्रष्टाहरूलाई प्रथमपटक रचना प्रकाशन गरी बाटो देखाउने काम शर्माले अभिव्यक्तिमार्फत गरेका छन् ।

नगेन्द्रराज शर्माले साहित्यिक पत्रकारिता र साहित्य सिर्जनामा पुऱ्याएको योगदानलाई कदर गरी उनलाई भवानी साहित्यिक पत्रकारिता पुरस्कार (२०४६), मैनाली कथा पुरस्कार (२०५५), धुस्वाँ सायमि सिर्जना पुरस्कार (२०६१) प्रदान गरिएको छ भने भव्यरूपमा उनको नागरिक अभिनन्दन (२०७७) पनि गरिएको छ। नेपाली साहित्यिक पत्रकारितामा अथक योगदान गरेका नगेन्द्रराज शर्मा वि.सं.२०८३ असार ३१ गते यस संसारबाट सदाका लागि बिदा भए ।

*-रूपक अङ्कार*



## ❖ निरञ्जना चन्द निरू

वि.सं.२०४५ असार १८ मा सुर्खेत जिल्लाको सिम्ता गाउँपालिका वडा नं.४ मा माता पदमा शाही र पिता लालबहादुर शाहीकी सुपुत्रीका रूपमा जन्मिएकी निरञ्जना चन्द निरुले त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तरसम्मको शिक्षा हासिल गरी हाल शिक्षण पेसामा संलग्न रहेकी छिन्। हाल बर्दिया जिल्लाको बाँसगढी ८ मा रहेकी चन्द अध्ययन, भ्रमण तथा साहित्यलेखनमा रुचि राख्छिन् । 'निरुले साइनो' छोटा कवितासङ्ग्रह २०७६, 'निरुपण' मुक्तकसङ्ग्रह २०७७ र 'वनफूलको विद्रोह' कवितासङ्ग्रह २०८२ जस्ता कृति प्रकाशित गरिसकेकी छिन् भने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न पत्रपत्रिकाहरूमा थुप्रै फुटकर रचना पनि प्रकाशित भएका छन्। लुम्बिनी प्रदेशस्तरीय कविता प्रतियोगितामा प्रथम २०७७, नेपाल प्रज्ञाप्रतिष्ठानद्वारा आयोजित राष्ट्रिय कविता महोत्सवमा तृतीय २०७८, साहित्य सदन नेपालले आयोजना गरेको कविता महोत्सवमा द्वितीय २०८० भएर सम्मान तथा पुरस्कार पाउनुका साथै उनले अन्य थुप्रै पुरस्कार पनि प्राप्त गरेकी छिन्। नेपाली समकालीन युगजीवनलाई नजिकबाट नियाल्ने; विकृति, विसङ्गतिलाई यथार्थपरक ढङ्गले उजागर गर्ने र स्पष्ट रूपमा रूपान्तरणको आग्रह गर्ने, आशावादी जीवनदृष्टि राख्ने र सरलताका माध्यमबाट गम्भीर भाव सम्प्रेषण गर्ने यिनै स्रष्टाका तीनओटा कविता हामीले 'यसपटक' स्तम्भमा समावेश गरेका छौँ।

'युगीन प्रतिध्वनि' शीर्षकको कवितामा यो सुन्दर र बहादुरी पुष्टि भएको देशमा विध्यमान रहेका विभेद, शोषण र अन्यायका सबै सबै पर्खाल भत्काएर सबै सबै प्रकारका खाडल पुर्नुपर्ने सुन्दर वैचारिक आग्रह गरिएको छ । 'दिलमाया' शीर्षकको कवितामा नदीकिनारमा गिटी कुटेर जीवन निर्वाह गरिरहेका र भोलिको आशा पनि सँगै सँगै लिएर श्रममा बाँचेका दिलमायाहरूका मर्मान्त जीवनगाथालाई उजागर गर्दै गरिबका लागि राज्य हुननसकेको ध्वन्यार्थ आक्रोश पनि अभिव्यक्त गरिएको छ। 'दुई जिन्दगी एक राजमार्ग' शीर्षकको कवितामा म रूपी नागरिक र देश एकअर्काका पर्याय हुनुपर्छ अनि नागरिक र देशको समृद्धिको सगरमाथा ठडिनुपर्छ साथै देश निमुखाको न्यायको पर्याय र जीवनसहारा बन्नुपर्छ भन्ने अत्यन्त सुन्दर भाव अभिव्यक्त भएको छ।

## युगीन प्रतिध्वनि

अणु र परमाणुका मुटु थर्काउने हाँकहरूसँगै
भस्मासुर र भाइरसका पटक पटकका
विश्वयुद्धहरू
र सिमानाका रक्तरञ्जित कथाहरूले
निम्त्याएका
युगीन त्रासदीहरूमा
छातीमा अड्याएर जीवन
पिइदिऊँ घामका लप्काहरू
छाइदिऊँ शीतलता सँगालेर जूनका टुक्राहरू
लाइदिऊँ माला उनेर गुराँसका थुँगाहरू।

विशाल हृदयहरूको खानी
विश्वभूगोलको एक टुक्रा मेरो देश
धावा दिएर गाउँछ गीत वीरताको
र उचालेर चन्द्रसूर्य
म लगाउँछु सिन्दुर
भुइँको एक चिम्टी माटो उठाई
गाउँछु गीत सगरमाथाउचाइको।

छोडेर विध्वंसका अस्त्रहरू
आत्मज्ञान विस्फोट गराई कोहिनुर
उज्यालामा
गरिदिऊँ बीजारोपण
शान्तिका सम्बोधी आँखाहरूको
विश्वब्रह्माण्डभर गुन्जाएर बुद्धका
मन्त्रध्वनिहरू
उडाइदिऊँ सेता परेवाका जोडीहरू
रोग, भोक, शोक अनेक सन्नाटाहरू मेटाएर
छरिदिऊँ मानवताका सम्यक् बीजहरू
आऊ श्रमका पुजारीहरू!
पौरखी जिजीविषा फुलाएर
फिँजाइदिऊँ दायित्वका नवरङ्ग आकाशभरि
समृद्धिका आशातीत रङहरू इन्द्रेणीमा
पोतिदिऊँ धर्तीमा झिकाएर
चिहानबाटै जुरमुराएर
बिहानबाटै बिउँझिएर
रोपिदिऊँ समानताका सुन्दर बोटहरू।

जीवनका अप्ठ्यारा आँधीहुरीहरूमा
मैदानबाट दौडिँदै चुचुराबाट गर्जिँदै
खेलिदिऊँ पौँठेजोरी सतिसाल भएर।
उठ ए झुपडीका ताता मान्छेहरू!
सल्काइदिऊँ चिराग मूर्च्छना जगाएर
जाग ए किनारीकृत निन्याउरा मान्छेहरू!
बुलन्द गराइदिऊँ दबाइएका आबाज
पुरिदिऊँ गहिरा खाडलहरू।

## दिलमाया

वर्षौं भयो दिलमाया
भेरी नदीको छेउमा बसेर फुटाइरहेकी छ ढुङ्गा
ढुङ्गा फुटाएर बनाउँछे मसिना गिट्टी
गिट्टीसँगै दिनभर मन फुटाएर
सुकाउँछे आँखामा सुन्दर सपनाका बिस्कुनहरू

जोडिरहन्छे रातभर मन सिलाएर
कल्पनाका भाग्यरेखाहरू।
छातीमा जीवनको अविचलित शिखर राखेर
भत्काउँछे दुःखका पहाडहरू
आस्थाको आकाशबाट टिपेर
चन्द्रमुखी फूल सिउरिन्छे शिरमा
जान्छे आफ्नै रहरहरूको मलामी
गाउँछे देउडा र भ्याउरेका गीतहरू
पुछेर ठेला उठेका हातले
तपतप चुहिएका पसिनाका धाराहरू
बनाउँछे मनमनै बालुवाको
सुन्दर महल दिलमाया।

निन्याउरो अनुहारमा मुस्कानका आभाहरू छर्दै
कसेर अर्धानो पेट
हेर्दै लालाबालाहरूको निर्मल मुहार
पुकार्छे हरसन्ध्यामा आफ्नै निश्छल हृदयलाई
र भन्छे छातीमा हात राख्दै
आजको छाक त टर्‍यो
भोलिको छाक म कसरी टारूँ ?
जीवनको फेदीमा बसेर दिलमाया
अधबैँसे जवानीको दीप
न बाल्न सक्छे न निभाउन सक्छे
उसको पवित्र सङ्घर्षले
पढाइरहेको छ जीवन अनमोलका पाठहरू
पासाङ र योगमायाका त्यागी कहानीहरू।
उसका जुनकिरीजस्ता बलेका
पिलपिले आँखाहरूले
कैयौँका आँखाहरू भएका छन् तिरिमिरी
मनलाई बनाएका छन् उथलपुथल
यद्यपि ऊ अडिग भएर हिँडेकी छे
आफ्नै जिम्मेवारी र उत्तरदायित्वको बाटो।
सुखको चितामा सुतेर
पलपल दुःखको ऐँठनबाट बिउँभिएर
पुनः चिर निद्रा निदाउन खोज्छे
देशसँग आशाको झिनो त्यान्द्रोमा झुन्डिएर
सुखको एक अञ्जुली प्यास मेटाउन खोज्छे
हरप्रभातीय उषासँगै सदा दिलमाया
दुःखको जाँतोमा फनफनी घुम्छे
पुनः फनफनी घुम्छे।

## दुई जिन्दगी एक राजमार्ग

वर्षौंदेखि थाती रहेका कैयौँ योजनाहरू
अझैसम्म जस्ताको त्यस्तै छन्
पिच उप्किएका खण्डहर सडक
उस्तै गरी थुप्रिएका छन्
कारिन्दाको टेबलका फाइलका चाङझैँ।

हरेक वसन्तसँगै पालुवा पलाउने आशामा
ऋतु परिवर्तनसँगै माम्री फेरिने अभिलाषामा
दिन, महिना र वर्ष हुँदै पलाइरहेको छ
एउटा म मनुवाको जिन्दगी
अर्को छ एउटा मेरो देशको जिन्दगी।

एउटै एउटै र उस्तै उस्तै आकारको छ
हामी हिँड्ने समयको त्यो लामो लामो

राजमार्ग
हरपल, हरक्षण दिन दिनजस्तो भएर
रात रातजस्तो भएर
अथक अथक हुँदै
एक दिन हामी दुबैको जिन्दगी
नाम्चेको फेदीमा बिसाएर
केही क्षण विश्रामको लौरी
सपनाहरूको माला उन्दै चढ्ने छ
अवश्य लक्ष्यहरूको सगरमाथा।

म कुनै मौसममा आफ्नै विवशताले साँघुरिँदा
घुम्दै आउने वसन्तले
फराकिलो बनाउने छ देशको हृदय
समयको कुनै भुमरीमा देश अप्ठ्यारोमा पर्दा
म आकाश भएर दिने छु
देशलाई फराकिलो अँगालो।
नदीले बगरलाई नछाडेझैँ
बगरले नदीलाई नछाडेझैँ
म देशलाई बर्सात भएर पछ्याइरहने छु
देशले मलाई साउन भएर साथ दिइरहने छ
म देशलाई तिर्खा लाग्दा मुहान भएर देखिने छु
मलाई मेरा आवश्यकताहरूले पिरोलेर
अनुहार अँध्यारो हुँदा
मेरो देश सङ्लो ऐना भएर देखिने छ
हामी तृप्त हुने छौँ समरूप भएर
देशको मेरुदण्ड दुखेको वेला
कहाँ कहाँ पुग्नुपर्छ
म पुग्ने छु सञ्जीवनी बुटी भएर।

सतीहरूले स्नान गरेको
बागमतीमा आँसु पखाल्दै
त्रिशूली र तमोर नदीका छालहरूमा उर्लँदै
म कुर्लिने छु देशका कानहरूले सुन्नेगरी
सुदूरका दिदीबहिनीहरूको
अभिशप्त आबाज भएर
मधेसका गौनाहरूको प्रताडित क्रन्दन भएर
फुल्न नपाउँदै ब्वाँसाहरूको सिकारमा परेका
निर्मला पन्तहरूको कारुणिक रोदन भएर।

यो कुर्लिएको आबाजलाई
पिल्सिएको छाती र उम्लिएको रगतलाई
शीतलता दिन
मेरो देश सान्त्वनाको छहारी बन्ने छ
र न्यायको गीतमा
हँसाउने छ हिमाल हाँसे
नचाउने छ डाँफे नाचे
कदापि मलाई देशले रुन दिने छैन
म देशलाई पराइका बाजहरूका
नङ्ग्राले पनि छुन दिने छैन
हामी हौँ उस्तै उस्तै
र एउटै एउटै राजमार्गमा हिँडेका
दुई प्रिय जिन्दगी।

'अविच्छिन्न प्रकाशित भइरहेको
साहित्यिक पत्रिका
**शब्द-संयोजन**
मासिक' पढ्नुहोस्।



❖ अनिल शर्मा नील

## झरी

झरीका थोपाले
अब विचलित गर्दैनन्
बालमनलाई भिजाएर
दिदैन त्यसले
सुकुन, हर्ष, उल्लास, मस्ती
गर्दैन विवश
लुगा खोलेर नाङ्गोभुतुङ्ग्रो भएर
भिज्नका लागि।

झरीका थोपाले
दिँदैन अब त्यो खुसी
जसले शीतलता दिन्थ्यो
जेठ महिनाको गर्मीमा
अब ती एसी कुलरवाला कोठाहरूमा
निकै फुर्सदिला भएर
राहत पाउँछन्
जेठ महिनाको गर्मीबाट।
मोबाइल, टेलीभिजनमा
झरीका, विपद्का खबरहरू
सूचनाहरूले आशंकामा डुबाइदिन्छ
ताण्डव मचाइरहेको पानी
जसका बारेमा
पढाइएको, बताइएको छ
कि जल नै जीवन हो
जल छ त भोलि छ
चिन्तित बनाइदिन्छ
पानीको यो रूपले
बालमनलाई भयभीत बनाउँछ
गडगडाउँदै उर्लिरहेको भेल
हदभन्दा बढी बढिरहेका नदी
गर्जिरहेको बादल
खसिरहेका पहाड
विपत्तिमा पारिदिन्छन् ।

---

## अन्तरात्मा

हो, निकै अजिब कुरा राजनेताहरूको
र थाहा छैन कहिले जाग्छ
उनीहरूको अन्तरात्मा!
ज्ञान भइहाल्छ उनीहरूलाई

उचित, अनुचितको र अचानकसँग
भनिहाल्छ उनीहरूको अन्तरात्माले।

बोध भइहाल्छ कुनै अज्ञेयको
जो लुकिरहेको थियो अगम्य अभेद्य
रसातलमा।
पार्थलाई जसरी
ज्ञान भइहाल्छ
आफ्नो कर्तव्यको
जो भौँतारिरहेको थियो भ्रमको पातालमा ।

मान्छेको भावनासँग
संवेदनासँग
कुनै विचारधाराको नाममा
बेरै लाग्दैन मार्ग परिर्वतन गर्न सत्ताको!
यी जनसेवक
आफ्नो ओहदाको आकाङ्क्षामा
आफ्नो फाइदाको लालसामा
हत्या गरिदिन्छन् जनादेशको!

एउटा निर्दोष बच्चालाई
जब कोही अरूले काखमा लिन्छ
तब ऊ पनि रुन्छ
तर दल बदल्नेबित्तिकै
राजनेता मुस्कराउँछ!

अनि जसको
ऊ गुण गाइरहन्थ्यो
आफ्नो अन्तरात्मा जाग्नेबित्तिकै
उसका लागि बिख ओकल्न थाल्छ!
जसका लागि बिख ओकलिरहन्थ्यो
अन्तरात्मा जाग्नेबित्तिकै
यस्तो कायाकल्प हुन्छ कि
उसको गुणगान गरेर थाक्तैन!
मेरो देशका राजनेताहरूको
मगजमा सद्बुद्धि, दिलमा इमानदारी, निष्ठा
परमात्माले कोचिदिएको भए पनि त हुन्थ्यो नि!

*निचली भटेड़,*
*बिलासपुर (हि.प्र.) भारत - १७४००४*

*हिन्दीबाट भावानुवादः सुमी लोहनी*
*भाटभटेनी काठमाडौं, नेपाल*

## सर्जकहरूमा सादर अनुरोध

कृपया अन्य पत्रपत्रिका, अनलाइन पत्रिका, फेसबुक आदिमा प्रकाशनका लागि नदिइएका र कतै पनि प्रकाशित नभएका प्रकाशनयोग्य सिर्जना मात्र सम्पादनको अधिकारसहित 'शब्द-संयोजन' साहित्यिक मासिक पत्रिकामा प्रकाशनार्थ पठाउनुहुन सादर अनुरोध गरिन्छ। यस पत्रिकामा प्रकाशनार्थ पठाइएका सिर्जना अन्यत्र प्रकाशन गर्नुपर्ने भएमा सूचना दिएर मात्रै प्रकाशन गर्नुहुन हार्दिक अनुरोध गरिन्छ।

***– शब्द-संयोजन परिवार***

❑ समीक्षा

# गुरु दक्षराज शर्मा दाहाल र उनको साहित्यिक यात्रा



❖ महेशराज खरेल

दक्षराज शर्मा दाहाल श्री हिमालय माध्यमिक विद्यालय, दमकमा नेपाली शिक्षकको रूपमा स्थापित रहेछन् । मैले उनलाई गुरुको रूपमा त्यहीँ चिनेको हुँ । मानिसलाई चिन्न र जान्न कुनै न कुनै अवसर वा संयोग जरुरत हुन्छ । गुरु दक्षराज दाहाललाई चिन्ने मेरालागि पनि त्यस्तै एउटा अवसर जुरेको हो भन्छु म ।

हामीले पहाड छोडेपछि मेरो पढाइ रोकियो । मधेसमा गाईभैँसी चराउने, घाँसपराल गर्नेलगायत घरका सानातिना काममा मेरो दैनिकी सीमित भयो । पढ्ने रहर जति नै भए पनि कल्भट थुनिएका कारण पानीको निकास बन्द भएजस्तो भएको थियो । पढ्न नपाए पनि झापा आन्दोलनलाई आँखैले देखेर बिताएको वर्ष थियो अघिल्लो साल । त्यसका राम्रा-नराम्रा पक्षबारे थोरबहुत जानकारी थियो मलाई । कतिपटक आफ्नै स्तरका साथीभाइसित त्यसका बारेमा रोमाञ्चक वर्णन पनि गर्न भ्याएको थिएँ मैले ।

पढ्ने रहर थन्क्याएर बितेका दुई वर्ष सम्झिनसक्नुका दिन थिए मेरालागि । यही अन्यौलताबिचमा एक्कासि बाटो हराएको यात्रीले बाटो भेटेजस्तो पढ्न पाइँने अवसर जुर्‍यो मेरो । यो कति खुसीको क्षण थियो त्यो अहिले म बताउन सक्तिन । पढ्ने अवसर नभएको भए मेरो जीवन यो बाटो भएर सायद यो स्तरको बन्नसक्ने पनि थिएन । त्यो संयोग निकै ठुलो जीवन रूपान्तरणको विषय बनेर मेरासामु आज पनि ठिङ्ङ उभिएको बोध हुन्छ मलाई ।

कक्षा सातमा श्री हिमालय माध्यमिक विद्यालय, दमकमा भर्ना भएपछि शिक्षक-विद्यार्थी चिन्नेक्रममा दक्षराज सरलाई शिक्षकको रूपमा चिनेको हुँ मैले । उनले शास्त्री पास गरेर माध्यमिक तहमा पढाउँथे । म निम्नमाध्यमिक तहको विद्यार्थीले उनको चेलो हुने अवसर पाउने कुरै भएन । एक दिन मधुसूदन गुरु अनुपस्थित भएका र दक्षराज सरको कक्षा खालि भएको कारणले होला सायद ! उनले हाम्रो कक्षामा पसेर पढाए । उनको पढाउने तरिकाले मलाई निकै तानेको थियो । तानेर के गर्नु र ! यति नै मात्र उनीसितको तत्क्षण सम्बन्ध बनेको हो । म सात कक्षा पास गरेर बसाइँसराइको कारण मोरङको रङ्गेलीमा पढ्न गएँ । अर्को वर्ष फेरि दाजु तुलसीप्रसाद खरेल जो हिमालय माध्यमिक विद्यालयको शिक्षक थिएसित बसेर पढ्न आमाले मलाई दमक

पठाउनुभयो। कक्षा नौंमा नेपाली विषयशिक्षक दक्षराज शर्मा दाहाल हुनाले उनीसित पढ्ने सुअवसर जुर्‍यो मेरो।

अग्लो स्वरूप, सफा कमिजसुरवाल, गलामा गलबन्दी, ढाकाको टोपी र गोडामा छालाका काला जुत्ता उनका पहिरन थिए। यी पहिरनसहितको उनको व्यक्तित्व भव्य देखिन्थ्यो। पछि शिक्षकपोसाकको व्यवस्था भएपछि उनले सर्टपाइन्ट पनि लगाए। पान, खैनी र चुरोटको त्रिकोणत्मक सङ्घर्षले होला सायद उनका दाँत प्रायः सबै काला देखिन्थे । यस कारणले पनि होला कि भन्छु म, उनी कम हाँस्ने गर्थे। यसो भए तापनि उनको पढाउने कला, शव्दलाई उच्चारण गर्ने तरिका, कक्षामा एकपटक पूरा पाठ पढ्नै पर्ने उनको बानी । पढ्ने क्रममा वाक्यअनुरूप कहाँ रोकिने, कहाँ स्ट्रेस दिनेलगायत उनको पढ्ने सिप आकर्षक थियो। पाठको सार र व्याख्या अलग अलग गरिदिने गर्नाले उनी विद्यार्थीका आदर्शजस्ता बनेका थिए। कतिपय विद्यार्थीहरूबाट अन्य शिक्षकको आलोचना गरेको सुनिन्थ्यो तर दक्षराज सरको नराम्रो मैले सुनिन । मेरो हकमा त उनी यसै पनि मन पर्ने शिक्षकभित्र पर्थे। एक त मलाई नेपाली विषय मन पर्ने अनि गुरु दक्षराजको पढाउने तरिका र गम्भीरपनले तानेको हुन्थ्यो, अर्को त मेरा दाजु तुलसीप्रसाद खरेल उनका सहशिक्षक थिए । तुलसी सरको भाइ भनेर गुरुले चिनिदिँदाको मेरो ओज चुलिएर हिमाल बन्थ्यो। मैले किन भत्काउनुथ्यो र! थपेर अझ चुल्याउन लागेँ म । यसर्थ पनि दक्षराज सर मेरा प्रिय गुरु थिए, हुन् र छन्। त्यसपछिका दुई वर्ष उनले मसमेतलाई पढाए। त्यस बखत श्री हिमालय माध्यमिक विद्यालयमा मलाई पढाउने शिक्षकहरूमध्ये को कस्ता थिए। मेरो व्यक्तिगत अनुभूति मेरो आत्मकथनात्मक उपन्यास 'यात्रा जिन्दगीको' भाग दुईमा चर्चा गरेको छु। गुरु दक्षराजका विषयमा पनि थोरबहुत उल्लेख गरेको छु। गुरु भनेको अँध्यारोबाट उज्यालोतर्फ भन्ने जुन अर्थबोध गरिन्छ, दक्षराज सर त्यस्तै थिए र आज पनि त्यस्तै लाग्छ मलाई।

म दक्षराज सरबारे थप बुझ्न थाल्छु । उनी १९९६ सालमा धनकुटामा जन्मिएका रहेछन्। उनले धरान पिण्डेश्वरबाट शास्त्री पास गरेछन्। पछि २०३५/३६ सालतिर त्रिभुवन विश्वविद्यालयबाट (इन सर्भिस) बिएड गरेका हुन्। उनले रेणुका सुवेदी २००४ सित विवाह गरेर चार सन्तानका पिता बने। जेठा छोरा गेहेन्द्र दाहाल महेन्द्ररत्न क्याम्पस ताहाचलका क्याम्पस प्रमुख छन्। छोरी अनु लाली गुराँस माध्यमिक विद्यालयकी इन्चार्ज छन्। अविरल काव्य यात्राको ८४ औँ शृङ्खलामा राष्ट्रिय जनसाहित्यक सङ्घले मलाई एक दर्जन कविता एकल प्रस्तुत गर्ने अवसर दिएको थियो । त्यस कार्यक्रममा अनुले 'आइदेऊ न माझी दाइ डुङ्गा बचाउनलाई' शीर्षकको मेरो कविता वाचन गरेर मलाई अनुगृहित बनाएकी छिन्। माहिलो छोरो डाक्टर गेहराज दाहाल, शिक्षण अस्पताल महाराजगन्जको बाल विभागको शल्यचिकित्सा प्रमुख छन् । भरखर मात्र उनी प्राध्यापकमा पदोन्नति भएर विशिष्ट श्रेणीमा पुगेका छन् । कान्छो छोरा डोलेन्द्रप्रसाद दाहाल अस्ट्रेलियामा बस्छन् ।

दक्षराज गुरुपरिवारका सबै छोराछोरीको विवाह भएर आआफ्नो परिवारमा रमाएका छन् । एक उच्च संस्कारयुक्त पारिवारिक अवस्था छ। सबै नै आफ्ना खुट्टामा उभिएका छन्। सबै छोराछोरी कर्मले मर्यादित छन् । आफ्ना सन्तानको यस्तो सकारात्मक पक्ष र पनले को आमाबाबु खुसी हुँदैनन् होला र ! गुरु दक्षराज र रेणुका गुरुआमा भाग्यवादी दृष्टिकोणले हेर्दा भाग्यमानी छन् भन्छु म।

दक्षराज सरले लामो समय श्री हिमालय माध्यमिक विद्यालयमा पढाए र निवृत्त भए। त्यति मात्र होइन उनले करिब २५ वर्ष दमक क्याम्पसमा पनि प्राध्यापन गरे। दुई वर्षअगाडि गुरु दक्षराजको चौरासीपूजा सम्पन्न भयो । यो मानवजातिले मात्र मनाउने एउटा जीवनपर्व मानिन्छ। गुरुको स्वास्थ्य सबलता उमेरअनुसार राम्रै छ भन्ने लाग्छ मलाई । म अघिल्लो वर्ष मेरो 'देश-विदेश' नियात्रासङ्ग्रह प्रदान गर्नेहेतु गुरुलाई भेट्न इमाडोल निवासी उनकी छोरी अनु शर्माको घरमा पुग्दा गुरु दक्षराज छतमा पाइला गनेर हिँडिरहेको पाएको थिएँ । त्यस वेला गुरुले सोधेका थिए "यात्रा जिन्दगीको' भाग दुई आएन महेश ?" मैले जबाफ दिएको थिएँ आउँदै छ सर। साझा प्रकाशनका कतिपय पूरा गर्नुपर्ने प्रावधान, मान्यता र त्यहाँको अवस्थाका कारण केही ढिलो हुने रहेछ । यसबिचमा यो नियात्रासङ्ग्रह आयो ।" यसो भन्दै मैले गुरुलाई मेरो नियात्रासङ्ग्रह प्रदान गरेँ । मेरो उपन्यास 'यात्रा जिन्दगीको' भाग एक गुरुले अध्योपान्त पढेर प्रतिक्रियासमेत दिएको याद छ मलाई । उपन्यासको अर्को भागप्रति सरको चासो बढ्नुमा जीवनीपरक उपन्यास भएर पनि होला भन्छु । जीवनको आधा अंशले समग्र जीवन बोध हुनसक्दैन पनि । आफ्ना चेलाका जीवनमार्गका घुम्ती, कुइनेटा र मोडहरू बुझ्ने चाह जाग्यो सायद गुरुलाई।

नियात्रासङ्ग्रह 'देश-विदेश' ग्रहण गर्दै गुरुले भनेको सम्झन्छु, "मेरा पनि चारवटा त प्रकाशित भए सिर्जनाहरू । अरू दुई-चार पाण्डुलिपि कुन चाहिँ छोराछोरीका घरमा परे खोज्नुपर्ने छ। अब ता के लेखिएला र खोई ?" उनले लामो सास ताने । मेरा प्रिय गुरुका सिर्जना पढेर त्यस विषयमा आफ्नो धारणा व्यक्त गर्ने इच्छाले कुतकुत्यायो मलाई । मैले भाइ गेहेन्द्रप्रसाद दाहालमार्फत चारवटा पुस्तक प्राप्त गरेर अध्ययन गरेँ । जो यसप्रकार छन् र सारंशमा मैले यसो भन्ने निधो गरेँ :

१. **मेरो प्यारो वतन** २०५९, कवितासङ्ग्रह (पहिलो कृति)

नेपाली, हिन्दी र संस्कृतमा गरेर जम्मा ४० वटा कविता यस सङ्ग्रहमा समावेश रहेको यो पहिलो साहित्यिक कृति हो दक्षराज शर्माको । इच्छा र क्षमता भएर पनि चाहेको समयमा सिर्जना प्रकाशन गर्ननसकिने कतिपय परिवेश आइलाग्छन् जीवनमा। दक्षराज सरको यो कवितासङ्ग्रह सिर्जना भइसकेर पनि ढिलो गरेर प्रकाशन भएको देखिन्छ। यी कविताहरूको रचनागर्भ हेर्दा दुई कालखण्डमा सिर्जिएको पाइन्छ । पहिलो २०१२ सालदेखि २०१८ सालसम्म र दोस्रो २०२७ सालदेखि २०५९ सालसम्म। उनका सिर्जनामा नेपाली, संस्कृत र हिन्दीको प्रभाव रहेको भेटिन्छ। यस सङ्ग्रहमा

उनले नेपाली साहित्यका मूर्धन्य व्यक्तित्वहरू कवि शिरोमणि लेखनाथ पौड्याल, महाकवि लक्ष्मीप्रसाद देवकोटालगायतलाई विषय बनाएर स्थान दिएका छन् । जुन समयखण्डमा उनलाई जेले छोयो त्यही नै सिर्जनाको आधार बन्यो भन्नु अत्युक्ति नहोला । त्यसो हुनाले उनले नढाँटीकन आफ्नो एउटै सङ्ग्रहभित्र तीन भाषाका सिर्जना अटाउने आँट गरेको बोध हुन्छ। उनका सिर्जनाका यी पङ्क्ति हेर्नसकिन्छ :

भेदभाव किन ? भन्ने कविताको एउटा अंश हेरौँ :

*अब जाग्रित भै सबले सबमा*
*रति भेद नराखिरहौँ भवमा*
*सबमा उहि माम्स छ हाड उही*
*छ चराचर सभ्य असभ्य उही (पृष्ठ १९)*

उल्लेखित कविताअंश दक्षराज सरको कवितासङ्ग्रह 'मेरो प्यारो वतन'को पहिलो कविताको पहिलो पाउ हो । उनले यस कविताअंशका माध्यमले मानव जीवनको उत्पति, मानवका दैनिकी र जीवनरूपी जहाजको अन्त्यष्टि सबै उही समान छन् भने यो जीवन बचाइको क्रममा किन हामी आफू आफैं एकार्काबाट भिन्न छौं भनेर धमास पिट्ने गर्छौं ! त्यो सब फजुल कुरा हो । मानवचोला मात्र प्राणीजगत्को उत्कृष्ट चोला भएकोले समान जीवन भोगको विश्वजनित चेतना प्रवाह यहाँ भएको पाइन्छ। यो एक दार्शनिक कुरा पनि हो । दक्षराज सरका कविताका सबै अंशको भाव यस्तै चेतनायुक्त, दार्शनिक र उपदेशमूलक रहेको पाइन्छ। लाग्छ, कवि शिरोमणि लेखनाथ पौड्यालका आदर्श र उपदेशमूलक सिर्जनाको प्रभाव दक्षराज सरमा परेको छ। उनका हरेक शब्दले भाव र अर्थको गहिराइ भेटेका छन् भन्ने लाग्छ।

उनको हिन्दीमा रचिएको कविताको एउटा अंश हेरौँ :

*सारी दुनियाँ कविता करती*
*मै ही अकेला कर न सका*
*मुझे सताती एक ही चिन्ता*
*पर न पिघलता दैव कडा (पृष्ठ ७० )*

मनको छटपटाहट र उद्वेलितपन पाइन्छ यहाँ । भाषा जुन होस् । जहाँको रहोस् । त्यो केवल माध्यम हो भन्ने बोध दक्षराज सरमा छ। उनको चिन्ताचैँ आफूले सिर्जना गर्ननसक्नुमा रहेको भेटिन्छ। यसर्थ त उनी लेख्छन् नि 'सारी दुनियाँ कविता करती, मै ही अकेला कर न सका।' यो उनको मनको उद्वेग हो। चेतना र सिर्जनाबिचको घनघोर सङ्घर्ष हो भन्ने लाग्छ मलाई।

उनको यस कवितासङ्ग्रहमा संस्कृत कविता पनि समावेश रहेको छ। त्यसलाई हेरौँ :

*तुभ्यं नुमः*
*बाल्ये चारुतरे तवैव मरुता मन्देन स्पर्शीकृता*
*सङ्गान्ते परिवर्धिताः शततमैर्यत्नैश्च वै पोषिताः*
*येषं प्रत्युकारकारकमिहाप्तुं ते न कार्य क्षमाः*
*तत्स्वर्गादपि केवलं गुरुतरे! मातर्हि तुभ्यं नुमः*
*(पृष्ठ ६६)*

*अनुवाद*
*तिमीलाई नमस्कार*
*तिम्रै मन्द समीर स्पर्शसित नै त्यो बाल मिठो जब*
*तिम्रै काख र पोषले बडिरह्यो यो देह राम्रो तब*
*तिम्रो प्रत्युपकार गर्न क्षमता क्यै छैन त्यस्तो लहै!*
*सक्छौं न्यूरन मात्र पादतलका आमा! नमस्कार है*
*(पृष्ठ ६७)*

आमाप्रति एउटा बालकले के भाव राख्छ। त्यसको राम्रो उदाहरण हो यो कविता। आमाको गर्भ, आमाको काख, आमाको पोषण, आमाको मायाले हुर्कँदै गरेको बालकले आमाको ऋण तिर्ने क्षमता के राख्छ र खै ! केवल हात जोरेर आमाका सन्मुखमा विनित भावमा निहुरेर नमस्कार गर्नु शिवायः। आमाप्रति यो एक बाल अनुभूति अभिव्यक्त भएको बोध हुन्छ।

गुरु दक्षराज शर्मा दाहाल मूलतः संस्कृत साहित्य ज्ञानले बाँधिएका व्यक्ति हुन् । उनका हरेक शब्द उच्चारणमा त्यो पन प्रस्ट झल्किन्छ। संस्कृत साहित्य जानकार व्यक्ति व्याकरणगत हिसाबले अनुशासित मानिन्छन् । गुरु दक्षराज पनि त्यस्तै छन्। हुन त भूमिकालेखक चुडामणि रेग्मीले 'कविका दोषपक्ष केलाउँदा प्रशस्त उल्लेख गर्नसकिए तापनि विशेषता पक्षले सहृदयी पाठक लट्ठ हुन्छ ।' व्याकरणका नियम र मान्यता कहीँ कतै उलङ्घनसम्बन्धमा विद्वानको मतसित मैले पनि आफूलाई एकाकार गराउन उचित ठान्दछु।

२. **जीवनको आलोकमा केही स्रष्टासमीक्षा** २०६१ (दोस्रो कृति)

दक्षराज शर्मा बहुआयमिक स्रष्टा हुन् । उनको पहिलो कृति कविता हो भने दोस्रो कृति समालोचना वा सष्टासमीक्षा रहेको छ । समालोचना कार्य निकै कठिन कार्य हो। वरिष्ठ समालोचक प्रा.डा.गोविन्दराज भट्टराईले एउटा प्रसङ्गमा भनेका छन्, 'समालोचना कार्य गर्नु भनेको अर्काको खेत जोत्नुजस्तै हो।' अर्काको खेत जोतेर उत्पन्न हुने बालीको हकदार वा मालिक खेतधनी भएझैँ सिर्जनामाथि गरिएको समीक्षा/समालोचनाले प्राप्त गर्ने श्रेय स्रष्टाकै हुन्छ भन्ने आशय लुकेको पाइन्छ । हो पनि, कृतिकारको समग्र पहिचान गराउने कार्य समालोचनाभित्र पर्दछ।

दुबैजना मेरा गुरु । प्रा.डा.गोविन्दराज भट्टराई अङ्ग्रेजी विषयका प्राध्यापक र नेपाली साहित्यका बहुआयामिक शिखर व्यक्तित्व । दक्षराज शर्मा नेपाली विषयको लामो समयका अध्यापक, प्राध्यापक । उनका मनमा बसेको स्रष्टाले सिर्जनाको एउटा फाँटमा मात्र आफूलाई सीमित नराखेर बहुआयामिक बनाउने कर्यमा यो 'स्रष्टासमीक्षा'ले सहयोग पुर्‍याएको बोध हुन्छ। उसो त उनको अरू विधामा पनि कलम चलेको पाइन्छ । दक्षराज सर आफ्नो शिक्षाआर्जनको समयखण्डमा जोबाट प्रभावित भए उनकै कृतिको समीक्षा गरेर आफ्ना मनभित्र बसेको भावलाई बाह्यकरण गर्न सफल भए। उनले यस कृतिमा नेपालका ख्यातिप्राप्त १२ जना सर्जक वा स्रष्टाको समग्र वा अंशगत रूपमा समीक्षा समालोचना गरेका छन् । उनले माहानन्द सापकोटा, युद्धप्रसाद मिश्र, गोपालप्रसाद रिमाल र पारिजात हुँदै नरेन्द्र चापागाईँमा पुगेर टुङ्ग्याएका छन्। उनले यस कृतिका विषयमा 'आफ्नो अलिकति....'को एक स्थानमा भनेका छन्, "समालोचना वा समीक्षा साहित्यिक गतिविधिको अत्यन्त जटिल क्षेत्र मानिन्छ । यो प्रगाढ अध्ययन, अनुभव र अनुसन्धानमा भर पर्छ भन्ने थाहा पाउँदापाउँदै पनि यतातिर उत्सुकजस्तो भएँ।" (पृष्ठ २०)

कवि, समालोचक तथा नियात्राकार

दक्षराज दाहालको यस भनाइले व्यक्तिमा हुने स्वतः सिर्जनाभन्दा समीक्षा, समालोचना निकै कठिन हुने र त्यसका लागि अध्ययन, अनुभव तथा अनुसन्धानको जरुरत हुन्छ भन्ने बोध गरेको पाइन्छ। सिर्जनाजस्तो मनको तरेलीमा गौँथलीगुड बनाउन सकिँदैन। यहाँ त बहुविधाका स्थापित समीक्षा वा समालोचनामान्यताहरूको जानकारी हुनु जरुरत हुन्छ। यो भनाइले यहाँ समीक्षक, समालोचक दक्षराज दाहालको लामो अध्यापन र प्राध्यापनको अनुभव खारिएको बोध हुन्छ। नत्र ता जोत्दै जाने हो राँटा मेटिँदै जान्छन् भन्ने मान्यताले पनि काम गरेकै हुन्छ।

**३. हाम्रा नौ पुस्ता, पद्यात्मक वंशपरिचय एक झलक** २०६९, (तेस्रो कृति)

चेतनाले स्रष्टालाई कुत्कुत्याएर बाहिर निकाल्छ रे। मानिस जुन समाजमा जन्मन्छ, हुर्कन्छ, त्यस समाजमा उसले जे बोध गर्छ त्यही छाप उसको मनमस्तिष्कमा बसेको हुन्छ भनेर मानिन्छ। गुरु दक्षराजको समय परिवेशमा पनि कतिपय जानकार व्यक्ति वा सर्जकले आफ्नो वंशपरिचय गराएर आफू कुन बोटवृक्षको जराबाट उत्पत्ति भएको भन्ने कुरा सगौरव प्रस्तुत गर्ने गरेका छन्। त्यही प्रभाव दक्षराज शर्मामा पनि परेको कारण हाम्रा 'नौ पुस्ता' शीर्षकमा पद्यात्मक शैलीमा वंशावाली लेखेर आफ्नो कवित्व र वंशचेतको प्रस्तुतिमार्फत आफूलाई धन्य बनाएका छन्।

१२२ पृष्ठ लामो यस वंशावालीमा आफ्ना नौ पुस्तारूपी वृक्षका हाँगा र जरा खोतलिएका छन्। दाहाल वंशका मानिसहरूका लागि यो एक मूल्यवान् अध्ययनसामग्री हो। आज मानिसले पुराना पुस्ता बिर्सँदै गरेको अवस्थामा यस्तो खोजमूलक सिर्जनाले सम्बन्धितहरूका विगतलाई वर्तमानसित जोडेर आफ्नो बनाउने कार्यमा दक्षराज सरको पनि योगदान दर्ज भएको बोध हुन्छ। यस विषयमा हामी खरेल (पूर्वका)हरूको पनि यही पद्यात्मक शैलीमा हाम्रा भाञ्जा प्रेमदास उप्रेती 'पीडित'ले खोज गरेर वंशावली सिर्जना गरिदिएका कारण हामीले जानकारी पाउनसकेका हौँ। अहिले भतिज चन्द्रप्रसाद खरेलले अर्को शैलीबाट अझ बुझिनेगरी वंशावली तयार गरेर हामीलाई ठुलो गुन लगाएका छन्। वंशका जरा, लहरा र हाँगाका विषयमा जानकारी गराउने उद्देश्य र आफ्ना मनमा उब्जेको कवित्वभावलाई समन गर्न पनि भन्छु म, गुरु दक्षराजले यो 'हाम्रो नौ पुस्ता' शीर्षकको वंशावली तयार गरेर दाहाल वंशलाई ठुलो गुन लगाएका छन्। अन्य अध्यताका लागि पनि यो मूल्यवान् सामग्री हो। संयोग नै भन्नुपर्छ मेरा बुबाआमा वंशजको छैटौँ पुस्ताका छन् भने म सातौँ पुस्ताको। गुरु दक्षराज पनि छैटौँ पुस्ता र उनका सन्तति सातौँ। हामीले दक्षराज सरका छोराछोरीलाई नजानीकनै लगाएको दाजुभाइ र दिदीबहिनीको साइनो वंशश्रेणीको हिसावले पनि मिल्न गएको छ।

'हाम्रा नौ पुस्ता'मार्फत वंशलहरा जानकारी दिने उद्देश्यले रचित यस पुस्तकभित्र दाहाल वंशका नौ पुस्तामा रहेका दाहालहरूको श्रेणीगत परिचय उनले यहाँ गराएका छन्। उनले भूमिकामा भनेका छन्, "....हामीलाई आफ्नो पूर्व इतिहासबारे जिज्ञासा हुनु स्वभाविकै हो र

आफ्नो धर्म, संस्कार, संस्कृतिको स्वरूपलाई बुझ्नखोज्नु पनि अनौठो कुरा होइन । म को हुँ ? को हुँ ? कहाँबाट हुँ ?" (पृष्ठ क) यिनै कुराहरूको खोज नै वंशावाली हो भन्ने लाग्छ। उनले नौ पुस्ताकै कवितात्मक परिचय गराउने क्रममा एक ठाउँमा आफ्नो परिवारको विषयमा यस्तो लेखेका छन् :

*'पुण्यशील पुत्र कान्छा पंडित देविप्रसाद...*
*दुई हुन् यिनका पत्नी जानुका र हरिप्रिया...*
*जानुका तर्फका जेठा दक्षराज र द्रोण हुन्*
*पूर्णचन्द्र एकैमात्र भए हरिप्रियातिर ...*
*देविप्रसादका छोरा जेठा श्री दक्षराजले...*
*हि मा विमा पढाएर वर्ष सैँतिससम्म यी...*
*प्रकाशित गरेका छन् दुई पुस्तक क्यै अघि...*
*कापी कलमका साथ टोलाएर कता कता*
*घोत्लिने चाल छोडेका छैनन् आज अझै पनि*
*सुवेदी थरकी छोरी रेणुका सहधर्मिणी*
*भेटेकोमा खुसी नै छन् गर्व लाग्दछ भन्दछन्*
*यिनका पुत्र हुन् तीन पुत्री एकै भइन् अरे*
*जेठाको नाम गेहेन्द्र माहिला गेहेराज हुन्*
*कान्छाको नाम डोलेन्द्र स्नाकोत्तर हुन् सबै*
*नाम हो अन्नपूर्ण ती छोरीको यिनले पनि*
*बी ए पास गरेकी हुन् अधिकारी बनिन् पछि ।'*

उल्लेखित प्रस्तुतिले दक्षराज दाहालपरिवारको तत्कालीन पुस्तागत सङ्ख्या, नाम र अध्ययनको अवस्था प्रस्ट पारेको छ।

**४. 'कङ्गारुको देशमा दश महिना' यात्रापरक आत्मतुष्टि २०७२** (चौथो कृति)

मनिस जहाँ जान्छ जे देख्छ, जे बोध गर्छ उसभित्रको स्रष्टाले उसलाई खास विषय र सन्दर्भका पक्षमा झक्झक्याउँछ । यसै सिलसिलामा भन्नुपर्दा संसारमा भ्रमणसाहित्यले निकै प्रभाव पारेको छ। त्यही कारण पनि होला स्रष्टाहरू जहाँ पुग्छन् त्यहाँ उनीहरूले अनुभूत गरेका कुराहरू आफ्ना विशिष्ट शिल्प र शैलीले पाठकसामु पस्कन्छन् । दक्षराज शर्माको 'कङ्गारुको देशमा दश महिना' यात्रानिबन्ध पनि यस्तै यात्रासाहित्य हो।

उनका कान्छाछोरा डोलेन्द्रप्रसाद दाहाल आफ्नो परिवारसहित अस्ट्रेलियामा बस्छन् । उनीहरूको बसोवास स्थायी रूपमा अस्ट्रेलिया बनेको छ । आमाबुबालाई आफ्नो अवस्था, पौरख देखाउन, बुबाआमाले माने भने आफूसँगै बस्ने व्यवस्था मिलाउने प्रचलन आजकल वैदेशिक रोजगारीमा गएर उतै सेटल भएका सन्ततिहरूले गर्ने गरेको पाइन्छ । गुरु दक्षराजका कान्छा छोराबुहारीले पनि आफ्ना मातापितालाई बोलाएर आफू बसेको संसार देखाउने अभिप्रायअनुरूप गुरुदम्पति अस्ट्रेलिया गएर त्यहाँ दश महिना बिताउँदा गुरु दक्षराजको स्रष्टा मनमस्तिष्कले कोरलेको सिर्जना हो यो कृति।

मानिस जहाँ रहोस् जस्तो अवस्थामा आफूलाई बिताउनु परोस् उसभित्रको स्रष्टाले उसलाई यतिकै खालि रमाइलो गरेर समय बिताउन मात्र दिँदैन । साहित्यजगत्का लागि केही न केही सिर्जना गर्न लगाउँछ, त्यही आदेश पालना गर्दा यो मूल्यवान् कृति हामीले पाउनसक्यौँ भन्ने लाग्छ मलाई।

यस कृतिभित्र २४ शीर्षकहरू समावेश छन्। प्रस्तुतिको क्रमाङ्कन भनेर लेखिएको यस पुस्तकका शीर्षक हेर्दा उनले पहिलो शीर्षक १ मा १२ घण्टाको आकाशमार्ग उल्लेख गरेका छन्। यो नेपालबाट अस्ट्रेलियासम्मको दूरी हो। उनले आकाशमार्गबाट देखेका, हेरेका, महसुस गरेका, सिड्नी पुगेपछिका अनेकौँ आश्चर्यचकित पार्ने

खालका भौतिक निर्माण र त्यहाँका विशेषताका विषयमा अन्य शीर्षकहरूमा सबिस्तार वर्णन गरेका छन् । अन्तिम अर्थात् २४ औँ शीर्षकमा मैले बुझ्न भ्याएको अस्ट्रेलिया र नेपाली समाजका विषयमा उनले एक ठाउँमा भनेका छन्, "...आफ्नो देशको ममतामा वैदेशिक सम्पन्नता र रमझम ओझेलमा पर्नथालेको छ। जेजस्तो भए पनि आफ्नो देश, आफ्नै भूमि, आफ्नो सामाजिकता, आफ्नै रीतिरिवाज कता हो कता राम्रो लाग्नथाल्छ।" (पृष्ठ १४१) यति भनाइले नै राष्ट्रियताको खरो बहस गरेको बोध हुन्छ । आँखिर आफ्नो भनेको आफ्नै हुन्छ । पुस्तक पढ्नलायक र आकर्षक प्रस्तुतिशैलीमा लेखिएको छ। आफैँ लामो अध्यापन, प्राध्यापन सेवामा रहेका अनुभवी व्यक्तिको कलम निखारिएको बोध हुन्छ।

यहाँनेर म थोरै मिसाउन चाहन्छु। पहिलो कुरा म मानिसभित्रको अथाह सम्भावनाका विषयमा सोच्छु । साँच्चै मनिसभित्रको ऊर्जा खोतलेर बाहिर निकाल्ने हो भने पृथ्वी खोतल्दा निस्कने पानीजस्तै हुन्छ सायद । कहिल्यै ननिख्रने ! निरन्तर बगिरहने । धरती सिर्जना उद्भवको स्रोत मानिन्छ र त जति उद्भव भए पनि रित्तिदैन । त्यस्तै हो मानवभित्रको सिर्जनाको स्रोत पनि। यो पनि कहिल्यै सकिदैन। उही मानिसभित्रको ऊर्जा कुन समय र घटनाले ब्युँतिन्छ भन्ने मात्र भिन्न हो सायद। कुनै खास परिवेश वा घटनाले मानिसभित्रको ऊर्जा वा सर्जकलाई जुन स्तरमा ब्युँताउँछ, त्यही स्तरमा उसको क्षमता प्रयोग वा सिर्जना हुने गर्छ भन्ने लाग्छ । अनि यो कुन कालखण्डमा बाहिरिन्छ भन्ने कुरा निजको चेतनास्तर, पारिवारिक र सामाजिक अवस्था अनि फुर्सदमा भर पर्छ होला भन्छु म। यो मेरो निजी धारणा हो।

गुरु दक्षराज सिर्जनाक्षमता भएका, दक्ष शिक्षक भएर लामो समय अध्यापन सेवामा बिताएका व्यक्ति हुन् । साहित्यक्षमता भएर पनि उनले त्यतातर्फ खासै ध्यान दिएको पाइँदैन । फुर्सदमा कहीँकतै थोरबहुत लेखेको भए तापनि प्रकाशनको स्तरमा बाह्यकरण हुन भने सकेन । यसै परिवेशलाई मूल्याङ्कन गर्दै उनी लेख्छन्, "...भर्खर भर्खर लेख्ने कलामा ताँती सुरु गर्दै रहेको म, जब २०२१ सालमा झापाको अनकन्टार क्षेत्र दमकमा आएर शिक्षण पेसामा लागेँ अनि वातावरण नपाएर मेरो कलम हरायो।" वातावरण भनेको यस्तो अवस्था जहाँ मौसम मिल्नुपर्छ, माटो मल र पानी पनि चाहिन्छ। साथै उन्नत बिउ र काम गर्ने श्रमिक अनि अन्त्यमा ज्ञान जरुरत हुन्छ तब मात्र सिर्जना कोरलिन्छ। नत्र त मिहिनेत खेर गएर कैयौँ खेतीपाती उजाडिएका हुन्छन् र वञ्जर भूमिमा रूपान्तरण हुनपुग्दछन्।

उनकै आत्मस्वीकृतिले पनि मेरो माथिको भनाइलाई पुष्ट्याइँ गर्छ भन्ने लाग्छ । गुरुका उल्लेखित चार पुस्तकको सामान्य परिचय मात्र हो यो। भित्र पसेर सबै खोतलखातल पार्दा यो लेख मात्र नभएर ठुलो पुस्तक बन्नपुग्दछ। यसर्थ म सारांश वा सारमा आफूलाई यहीँ बिसाउने अनुमति माग्दछु। गुरुका हराएका पाण्डुलिपिहरू भेटिनसकुन् र साहित्यसमीक्षकका नजरमा परुन्।

*कोटेश्वर, काठमाडौँ।*



❖ यशोदा अधिकारी

# भत्काइएका सपनाहरू

एकै झड्कामा भत्काइएका सपनाहरू
बग्दै बग्दै गएपछि बागमतीमा
त्रसित चौपायाहरूले पटक्कै साटेनन् दुःख
मानिसका बाध्यताहरूसँग !
 चुहाएर दुई थोपा आँसु
 ती त्रसित आँखाहरूबाट
 पोखिदिन्छन् पीडा
 बुल्डोजरको कथा भन्दै हिँड्ने
 एउटी केटी
 छोरी जोगाउँदाको कथा सुनाइरहेकी छे
 एउटा टिभी सोमा।
साँच्चै ऊ धरती छोपेर
उभिएकी छे नदीकिनारामा
जसरी आकाश
सानले खसाइदिन्छ असिना
त्यसैगरी ऊ चिच्याउँछे देश
गाइहिँड्छे सरकारको गीत !
 निर्दयी हावा पनि
 यही कुरूप बस्तीमा बहँदैन सायद
 श्वासप्रश्वासको समस्याले ग्रसित जीवन
 माटोमा उम्रिएका थिए वा थिएनन् ?
 त्यो त उनैलाई थाहा होला !
उज्यालो भत्काएकामा गर्व गर्नेहरू
यो देशको नक्सा बोकेर धाउँदै छन् पल्लोघर
पोखेर जीवनको पसिनाजति सप्पै
धुलोमै दबिएको मसिनो स्वर
जुरुक्क उठेर छेक्दैन आकाश
बरु बगिरहन चाहन्छ लेदो बनेर
तिम्रै घरआँगनमा
ऊ यो देशको महामानव
रच्दै छ एउटा नमिठो इतिहास !
 चिरेर फराकिलो छाती
 बेस्कन ताली बजाउनु छ भने बजाऊ
 छोरीहरूका अस्मिता लुटेराहरू
 मनमौजी अघाएपछि
 सूर्य पनि उदाउँदैन बस्तीमा
 पूर्णचन्द्रमाले हार मानेर
 तिम्रो जित घोषणा गरिदिएको रात
 रोकिएको हो निश्चल प्रकृतिको श्वास !
खण्डहर बनेको सहरको
यो सानो कुनामा
किन गाइँदैन हरियालीको गीत ?
किन लेखिँदैन स्वतन्त्रताको कविता ?
किन नापिँदैन भत्काइएका सपनाहरूको उचाइ ?
 दुर्गन्धित यो बस्तीले नचिनेको एउटा प्रतिभा
 बेफिक्री मौनता साँधेर
 मेटाइदिने तरखरमा छे
 बाल्यकालको ठेगाना
 भुलिजाने सुरसारमा छे बालसखीहरू
 सपना उडेर कहाँ पुग्लान् कहाँ ?
 यहीँ कतै टुलुटुलु हेरिबस्ने छ
 त्यो नमिठो पल
 जसरी अमिट छाप छोडेर
 भरखरै ओझेल परेको छ गोधुली साँझ !



❖ दुर्गा वनवासी

# फुटबल

जर्सीहरूमा विभाजित
रङहरूमा विखण्डित
दिशाहरूमा विभक्त
दिशाविहीन तमासेहरू
कोही पूर्वसमर्थक
कोही पश्चिमसमर्थक
कुनै उत्तरका भक्त
कोही दक्षिणआशक्त
अनि
यिनकै मनोरञ्जनार्थ
लगातार गुड्किरहनुपर्ने
विचरो फुटबल !
आआफ्नै कोचहरूद्वारा निर्देशित
तन्मय खेलाडीहरू
भकुण्डो मैदानमा समर्थकहरूका
हुटिङ र ताली
प्रतिपक्षीहरूका आक्रोश र गाली
सक्रिय छन् अनवरत
गोल छिराएर पोस्टमा
आआफ्ना विजयझन्डा फहराउन ।
कुशल खेलाडीहरू
सुसज्जित छन् युगौंदेखि
छक्का पञ्जाका शकुनि दाउपेचसँगै
पार्श्वबाट दिइरहेछन् निर्देशन
वेलावेलै कोचहरू
अनि मध्य खडा छ
चनाखो रेफ्री शक्तिकेन्द्र बनेर !
चलिरहेछ यसरी नै
फुटबलको प्रतिस्पर्धा
हुर्रे गरिरहेकै छन्
दर्शक त्यसरी नै
विभाजित मनहरूसँगै
फहराइरहेछन् झन्डा खेलाडीहरू पालैपालो
अनि लाचार, विवश, निरीह
उसरी नै गुड्किरहेछ
बबुरो फुटबल !

*झापा ।*

# छाया



❖ डा. दामोदर पुडासैनी 'किशोर'

### छाया-१
जुन दिनदेखि छाया बन्यौ तिमी
त्यसै दिनदेखि
बोकेको हुँ मैले जिन्दगीको गह्रौं भारी
तिमीले भन्यौ,
'आफूलाई नै पूरै बिर्सिएर
उभिन चाहन्छु तिम्रै रूपमा
नुनको ढिक्का म
तिमी पानीमा विलीन हुन्छौ
जब तिमी पूरै हरायौ नि मभित्र
म तिम्रा सबै आँखाहरू
बन्द मुटुमा कोचेर हिँडिरहेछु
तिमीले सारा विश्वास सुम्पिएपछि
म हर्दम् लागिपरेको छु आफूले आफैँलाई जोगाउन
कस्तो वेला आयो यो
अरूलाई बचाउँन पनि
आफू नबाँची सुख्खै छैन ।'

### छाया -२
गन्तव्य एउटै थियो हामी दुबैको
तिमी एक्लै आएका थियौ
म एक्लै आएको थिएँ
म सधैँ तिमी हुन खोजेँ
न कहिल्यै तिमीले तिमी बनायौ मलाई
न तिमीमा रूपान्तरित हुनसकेँ म
सधैँ समानान्तर दौडिरहँदा पनि
मैले कहिल्यै छोडिन पछ्याउँन ।
तिम्रै ध्यानमा लीन मलाई
सक्ने छैन कसैले तिमीबाट छुटाउन ।

### छाया -३
म एक्लै जन्मेको थिएँ
एक्लै हिँड्न चाहन्थेँ
नटुङ्गिने नदी वा चढिनसकिने शिखर बनेर
जब आयौ तिमी मेरो छाया बनेर
तब पर्दाभित्र रहेनन् मेरो मन, शरीर र संसार ।

म पनि आएको थिएँ कसैको छाया बनेर
कसैलाई छाया दिएर हिँड्नु छ टाढा टाढा
हिँड्दा हिँड्दै बुझेँ
एक्लै आएको थिएँ
एक्लै जाँदै छु सबै छोडेर ।

जिन्दगी चलाउन भने
अनिवार्य रहेछ तिम्रो उपस्थिति ।

### छाया -४
सिसा फुटेझैँ
झ्यामझुरुम अँध्यारो खस्नेबित्तिकै
आएकी थियौ तिमी मेरो जीवनमा
अहिले छु म उज्यालोमा
र कम से कम पाइरहेछु
साथ तिम्रो ।

अँध्यारोको साम्राज्य हट्यो भने मात्र
सम्भव रहेछ तिम्रो र मेरो मिलन ।

**छाया-५**

मलाई थाहा छ
उज्यालोकै डाहा गर्छन्
यो संसारमा जो पनि
छाया बन्नेहरूलाई
भेट्न सक्तो रहेनछ कुनै मृत्युले ।
छायालाई
न कसैलाई उछिन्नु छ
न मर्नु छ कोहीभन्दा अगाडि !

छायाले
न हेप्छ न खेद्छ कसैलाई
छायाजत्तिको बफादार
छैन यो संसारमा अरू कोही ।

**छाया-६**

तिमीले कहिल्यै मागिनौ आफ्नो परिचय
न माग्यौ आफ्नो आयतन
केवल टाँसिइरह्यौ सिसामा सल्बलाएको बाफझैँ ।

मैले सोचेँथेँ
रित्ता बिलाउँने छन् मेरा पाइलाहरू
तर तिम्रो उपस्थितिले
जागेको छ निरन्तर जीवनगति ।

तिमी भन्छ्यौ
तिमी नभएपछि हराउँने छु म शून्यतामा
म भन्छु
तिमी नभएपछि सम्झ
एक निमेष रहने छैन म ।

❑ लघुकथा

# स्वतन्त्रता



❖ **कुमार काफ्ले**

गुलियो रस चुस्दै आएको भँवराले खुसी हुँदै फूललाई भन्यो, “मलाई तिमी असाध्यै मन पर्छ ।” फूलले फुरुक्क परेर भनिन्, “मलाई पनि तिमी बिछट्टै मन पर्छ तर तिमी मन लागेको वेला मात्रै आउँछौ र पो !” गुनासो गरिन् ।

“म अलिक व्यस्त हुन्छु, जताततै फूल फुलेका छन्, भ्याइनभ्याइ छ ।” भँवराले विवशता दर्शायो । फूललाई चित्त दुख्यो तैपनि भँवरालाई अगाध प्रेम गर्ने भएकाले भनिन्, “आउँदै गर्नू, माया नमार्नू...।”

“म तिमीलाई यति विघ्न मन पर्छ कि, तिमी नै त हौ मेरो जिन्दगी !” फूलले भनिन्, “मलाई यति सारो मन पराउने तिमीलाई मेरो स्वतन्त्रता कत्ति मन पर्छ भन त ?” भँवरा केही नभनी भुर्र उडेर गयो ।

# सम्झनामा प्रदीप नेपाल



❖ गोपाल बराल

विख्यात वैचारिक साहित्यकार प्रदीप नेपालसँग मेरो पहिलो भेट २०४४ साल फागुन २१ गते राति करिब ९ बजेतिर गागलफेदी काठमाडौँमा भएको थियो । उहाँ त्यतिखेर हाम्रोबिचमा कमरेड सुवर्णको नामले चिनिनुभएको थियो । हामी झापाको सुखानी जङ्गलमा जेल सार्ने बहानामा मारिएका कमरेड नेत्र घिमिरे, रामनाथ दाहाल, बिरेन राजवंसी, नारायण श्रेष्ठ र कृष्ण कुइकेलको स्मृतिमा आयोजित सहिद दिवसको कार्यक्रम मनाउने सिलसिलामा जम्मा भएका थियौँ । उहाँ त्यो कार्यक्रममा प्रमुख अतिथि भएर आउनुभएको थियो । मैले सहिदका बारेमा एउटा कार्यपत्र तयार गरेर लगेको थिएँ । उक्त कार्यपत्रमाथि उहाँले टिप्पणी गर्नुभएको थियो तर उहाँ नै प्रदीप नेपाल भनेर मैले चिनेको थिइनँ ।

भूमिगतकालमा उहाँसँग त्यही एकपटक भेट भएको थियो मेरो । सञ्जय थापाका नामबाट लेखिएका कथा, उपन्यास, लेखहरू प्रशस्त पढेको थिएँ । उहाँले लेखेका प्रायः सबै पढ्ने बानी थियो मेरो । २०४६/०४७ को जनआन्दोलनको सफलतापछि भने उहाँसँग धेरैपटक भेट भएको थियो । उहाँ प्रस्ट वक्ता भएकाले पनि मलाई मन पर्थ्यो । उहाँ त्यतिखेर कान्तिपुर दैनिकको नियमित स्तम्भ लेखक भएकाले पनि म उहाँका लेखहरू नियमित रूपमा पढ्न रुचाउँथेँ ।

प्रदीप नेपालका उपन्यास 'खुइते कडरिया', 'देउमाईको किनारमा', 'नओइलाउने फूल'जस्ता कृतिहरूले मलाई गहिरो प्रभाव पारेका थिए । पछि उहाँ मदन-आश्रित स्मृति प्रतिष्ठानको अध्यक्षमा मनोनित भएपछि भेटघाट राम्रैसँग हुन थालेको थियो । सूचना तथा सञ्चार मन्त्री भएका बखत उहाँले हाम्रो कमिटीको सिफारिसमा रेडियो नेपाल र नेपाल टेलिभिजनमा केही साथीहरूलाई नोकरी दिलाउन सहयोग गर्नुभएको थियो । उहाँले निभाउनुभएको भूमिकाले हामीहरू उहाँसँग प्रभावित भएका थियौँ । उहाँ कार्यकर्ताले भनेको काम सक्ने भए सक्ने र नसक्ने भए नसक्ने भनेर प्रस्ट जबाफ दिने स्वभावको भएकाले पनि उहाँप्रति सबै नेताकार्यकर्ताहरू खुसी थिए । २०५३ सालमा जोरपाटीको बाहुनधारास्थित जग्गाविवाद हुँदा प्रमुख नापी महानिर्देशक पुण्यप्रसाद ओलीलाई उहाँकै सहयोगमा भेटेर उक्त जग्गा सार्वजनिक गर्न मद्दत पुगेको थियो ।

२०५४ साल फागुन २१ गते सहिद दिवसका दिन महाकाली सन्धिका कारण नेपाल कम्युनिस्ट पार्टी एमाले विभाजन भयो र म नेपाल कम्युनिस्ट पार्टी मालेमा समाहित भएपछि हाम्रो सम्बन्ध, भेटघाट पातलिएको थियो । उहाँले खुल्ला मन्चबाट नेपाल कम्युनिस्ट पार्टी मालेका महासचिव बामदेव गौतमलाई एक नम्बरको भ्रष्टाचारी भनेर बात लगाएपछि मलाई उहाँप्रति आस्था मरेको थियो । नेपालका कम्युनिस्ट नेताहरूमा मन मिलुन्जेल देवताजस्तो, मन नमिलेपछि

राक्षसजस्तो आमाचकारी गाली गर्ने प्रवृत्ति छ। प्रदीप नेपालजस्तो परिपक्व नेताबाट त्यस्तो छुद्र अभिब्यक्ति आउने कल्पना पनि नगरेको मलाई दुःख लाग्नु स्वभाविक थियो।

२०७० सालमा बामदेव गौतम गृह तथा उपप्रधानमन्त्री भएपछि उहाँ पूर्वमन्त्री भएको व्यक्ति प्रमुख सल्लाहकार भएर बसेको मलाई पटक्कै चित्त बुझेको थिएन। एक दिन म र भरत फुयाल बामदेव गौतमलाई भेट्न जाँदा उहाँलाई भेट भयो। मैले 'तपाईँजस्तो पटक पटक मन्त्री भइसकेको व्यक्ति फेरि बामदेव गौतमलाई एक नम्बरको भ्रष्टाचारीको आरोप खुल्ला मन्चबाट लगाएको मान्छेको सल्लाहकार बसेको मलाई त चित्त बुझेन' भनेँ। मेरो अप्रत्यासित त्यस्तो प्रतिक्रिया सुनेर उहाँ निकै हड्बडाउनुभयो। उहाँले 'मैले रहरले उहाँको सल्लाहकार बसेको होइन, बाध्यताले बसेको हुँ। अहिले हातमुख जोर्न पनि मैले यो जागिर खानुपर्छ के गर्नु ?' भनेर जबाफ फर्काउनुभयो। मलाई चाहिँ उहाँको जबाफ सुनेपछि 'बेकारमा किन यस्तो बोलेँ' भनेर मनमनै पश्चाताप भइरहेको थियो। मेरो कुराले उहाँलाई निकै चोट परेछ क्यारे भोलिपल्ट उहाँले 'कार्यव्यस्तताको बहाना बनाएर' बामदेव गौतमको प्रमुख सल्लाहकारबाट राजिनामा दिएको समाचार आयो। पछि उहाँलाई भेट भएको दिन उहाँले मलाई 'तपाईँले कुरा उठाएपछि म रातभर निदाउन सकिन र भोलिपल्ट बामदेव गौतम कमरेडलाई पनि नभनिकन राजिनामा दिएँ' भन्नुहुन्थ्यो।

पछि उहाँ निकै बिरामी परेपछि म र वसन्त रिजाल उहाँको गोठाटारमा रहेको पानीट्याङ्कीनजिकको घरमा भेट्न जाँदा 'झुमाले चलाएको भुरुङखेलको बिद्यालय र घर बिक्री गरेर छोरीलाई पढाउने र आफ्नो उपचार गर्ने गरेको छु। यो घरबाहेक मेरो कुनै सम्पत्ति छैन। मदन-आश्रित स्मृति प्रतिष्ठानले दालभात खाने बन्दोबस्त गरेकाले बाँचेको छु' भन्नुहुन्थ्यो। उहाँले नेपाली वामपन्थी राजनीति र प्रगतिशील लेखकको भूमिका राम्रोसँग निभाए पनि बाँच्न पनि मुस्किल परेको देखेर निकै पीडा महसुस भयो। प्रतिबन्धित नेपाल कम्युनिस्ट पार्टी मालेको भूमिगत राजनीतिमा उहाँको उल्लेखनीय योगदान भए पनि ऐतिहासिक नख्खु जेलब्रेक गरेको घटना सम्झँदा हामी सबैको आँङ सिरिङ्ङ हुन्छ। दोस्रोपटक फेरि पार्टी विभाजन भएपछि उहाँ सुरुमा नेपाल कम्युनिस्ट पार्टी समाजवादीतिर लागे पनि निष्कृय बस्नुभएको थियो। पछि यताबाट पार लाग्दैन भनेर नेपाल कम्युनिस्ट पार्टी एमालेको सदस्यता नवीकरण गर्नुभएको थियो तर उहाँको स्वास्थ्य दिनदिनै बिग्रिएकाले उहाँ कतै पनि सक्रिय हुनसक्नुभएन। उहाँ गम्भीर बिरामी भएको सूचना पाएपछि म, शिवबहादुर देउजा, सीताराम नेपाल र डाक्टर बालचन्द्र मिश्र भेट्न जाँदा उहाँलाई भेट भएन। उहाँ स्वास्थ्यजाँच गर्न अस्पताल जानुभएको खबर उहाँकी नातेदार बहिनीले बताएकी थिइन्। हामी उहाँलाई भेट्ने गरी आउने बाचा गरेर हिँडेका हामी अर्कोपटक भेट नभइकन उहाँको देहावसान २०८२/१/२२ गते भयो। कमरेड प्रदीप नेपालले मर्नुभन्दा पहिले इच्छापत्र लेखेर 'आफ्नो लास नेपाल प्रज्ञाप्रतिष्ठानमा प्रदर्शनमा नराख्न र क्रिया पनि नगर्नू' भन्नुभएको थियो। सिङ्गो जीवनभर राजनीतिका माध्यमबाट सामाजिक रूपान्तरण अभियान हाँकेका र साहित्यका माध्यमबाट नेपाली प्रगतिवादी साहित्यमा उल्लेख्य योगदान गरेर अमर बनेका कमरेड प्रदीप नेपालप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु।

*मङ्गाल, जोरपाटी, काठमाडौँ।*

# पैताला



❖ विन्दु अधिकारी ढकाल

आफ्नो ललाटमा लेखिएको टर्दैन । श्री स्वस्थानी व्रतकथाभित्र सात वर्षकी गोमाको बिहे ७० वर्षका वृद्ध पुरुषसँग भएको वृतान्त छ । म सानो छँदा बुबाले स्वस्थानी छिचोल्न सुरु गर्नुहुँदा मेरो कलिलो मगज दुख्थ्यो। त्यो अध्यायले खिन्न हुन्थ्यो, रोप्थ्यो। 'त्यो चाहिँ भाग किन आउँछ, नआओस् । जादुले जसरी ती अक्षर बदलिए कति राम्रो हुने' भनेर म मनमनै कल्पना र प्राथना गर्थें । मलाई छिया छिया बनाउने स्वस्थानी कथाबारे बुबासँग प्रश्नोत्तर गर्न सक्दिनँ थिएँ । आमासँग पनि कुरो गरिनँ । स्कुलमा भने छलफल हुन्थ्यो, गोमालाई सम्झेर । 'उसको बिछट्टै माया लाग्छ' साथीहरूसँग म भन्थें । उसका आमाबुबा कति नबुझ्ने रहेछन् भन्ने पनि हुन्थ्यो । घरमा हजुरआमाहजुरबा, काकाकाकी, फुपू कोही रहेनछन् ? थिए भने आडभरोसा हुन्थ्यो कि ? गोमाको लागि थुप्रै तर्कना गरेर छट्पटिन्थें ।

"बुबा ! मैले आफैँलाई सम्हालेँ र सम्झाएँ पनि । म एक्लै रोएँ, एक्लै हाँसेँ तर मन कमजोर पारिनँ । धाँजो जमिनजस्तो त्यो घरको व्यवहारलाई मैले पैतालामुनि हालेँ । मैले खान नपाएको अर्थात् मलाई खाना नदिएको त्यो रात म मरिनँ । बाहिर खाटमा लामखुट्टेको बिगबिगी हुनाले शरीरको खुन रित्याउलान् भन्ने चिन्ता थियो तर म बिहान जागेँ । सियोको सारथि धागो सिलाइबुनाइ जान्नु हो भने कति डिजाइनदार कपडा बन्छन् । सकारात्मक यही भावमा म बिहान आफ्नै डेरा फर्कें । त्यसउप्रान्त पनि ओहोरदोहोरमै थिएँ !" अतितको पानाबाट मैले भनेँ ।

"अरू त अरू दसैँको टीका थाप्न आफ्नो घर आएकी चेलीलाई त्यस प्रकारको व्यवहार असैह्य हैन त ? छोरी ! कुरो सुन्दा मलाई पनि ज्यादै नरमाइलो लागेको हो । मेरो मनभित्र खिन्नताको घाउको कुनिउँ उभिएको छ । हुन त त्यो भाइ अझै बच्चै छजस्तो लाग्छ । यसकारण रिस बोकेर पनि भएन तर बुहारीको आनीबानीसँग म नजिक थिइनँ । तिमी नै नजिक थियौ । राम्रो कुरो गर्थ्यौ तर एकाएक केके सुन्नुपरो । तिम्री आमा र मैले तिमेरलाई बढाउन र ठाउँमा राखेर पढाउन कति दुःख, भुक्तमान खट्यौं ? त्यसै खिएका छैनन्, यी पैताला ।"

मैले मन खोल्नै थियो, पढन्ते मेरोलागि त्यो समय बुबाआमाको सङ्घर्षलाई मुखले बयान गरिसाध्य थिएन । लवाइखुवाइ कोहीभन्दा कम भएर हिँड्नु परेन तर हेपाइको सिकार जीवन रहेसम्म निको नहुने घाउ भयो । यद्यपि जब म उभिन सक्षम हुन्छु, सियो मानसिकताको आँखाअगाडि वर्तुन थपिएको दियोजस्तै झलल हुन मैले पढाइ पूरा गर्नु थियो ।

"बुबा ! त्यो अपमानको पराकाष्ठा बयान गर्नथाले दिन जान्छ । तपाईँको स्वास्थ्य के होला ? अर्को दाजुभाइबिचको सम्बन्ध पानी

बाराबार नहोला भन्न सक्दिनँ । यसकारण जो भोग्नु थियो, मैले भोगेँ । जो खप्नु र सहनु थियो, मैले खपेँ र मैले नै सहेँ । कुरो नकोट्याउँदै ठिक हैन र ?" आँसुको बाँध लुकाएर मैले प्रश्न गरेकी थिएँ ।

"हैन छोरी ! खुद काकीले क्षमा मागिन् । परिवारभित्रको कुरो बाहिर नजाओस् भनिन् । तिमीसँग नजिक हुन उसलाई अखण्ड रहर छ, यसकारण एकपल्टलाई छोटो बुद्धि नगर्ने हो कि ? फोन गर, समय मिलाऊ र भेट ।" विनम्र स्वरमा बुबाले मलाई सम्झाउने प्रयास गर्नुभयो । म मौन रहेँ । मेरो त्यो मौनताको साक्षी आमा हुनुहुन्थ्यो । म आमाको नजिक सरेँ ।

"हामीले खाइनखाई छोराछोरीको लागि दुःख गऱ्यौँ । गाउँको वास त्यो खेतबारीसँग कति जुध्यौँ । पानीको अभाव काकाकुल ठाउँमा घाँटी भिजाउन कत्रो सकस हुन्थ्यो तैपनि पछि हटेनौँ । मेरो ख्यालमा सहरिया त्यो घरको वातावरण सुनामी चाल लाग्यो ! मान्छेको चित्र-चरित्रलाई जति बिर्सन खोज्छु, झन् नजिक अझै वर मैले नै खपेजसरी याद आउँछ । अझ उनीहरूकै पासमा छोरी छोडेका भए कुन हालत हुने रहेछ ? एक दिन, एक छिन्, साँझको पाहुना हाम्री छोरी तिनीहरूको आँगनमा नअटेकी...!" घुमाउरो पारामा आमा तात्नुभयो । बुबा र मैले चुपचाप सुन्यौँ ।

"त्यो दिन घनघोर वर्षा भएको थियो । आकाशको रोदन गर्मी त पखाल्यो तर मधेस डुब्न सुरु भयो । घरबेटी हजुरआमालाई छोरीले सुरक्षित स्थानतिर लगिन् । कोठाभाडा बस्ने अरू पनि साइड लागे । तिनीहरू कहाँ गए, कसकोमा शरण पाए ? मलाई पत्तो भएन । आफूलाई कसरी सुरक्षित राख्नु ? मैले केही सोच्न सकिरहेकी थिइनँ !" मेरा केही साथीहरू मजसरी डेरा बसेर पढ्थे । कोही झुम्का, विराटचोक र खोर्सानेबाट धाउँथे । तेस्रो दर्जाका साथी रैथाने अर्थात् स्कुल-कलेज त्यहीँ बानी परे । बाहिर विशेषतः पहाडबाट आएकासँग सङ्गत गरियो भने आधामासु घट्छभैँ गर्थे । यद्यपि जोजस्ता हुन्, एउटै कक्षा पढ्ने आखिर साथी त साथी नै हुन् ।

मेरो डेरानजिक माध्यमिक कक्षा पढ्नेहरू थिए । तिनीहरूको सङ्गत कलेज पढ्ने मसँग नजिक हुन रुचाउँथे । हजुरआमाका छिमेकी पनि हुन् ती बहिनीहरू । निकै सरल र रसिलो स्वभावका थिए । हामी साँझमा हिँड्थ्यौँ, घाम डुब्न लाग्दाको त्यो क्षितिजलाई हेरेर र अनेक कल्पना गर्थ्यौँ । बिहानको बच्चाघाम बुढोमानिस मरेजसरी अस्ताउन लाग्यो, यस्तै यस्तै कुरो गर्थ्यौँ ।

त्यो दिन पानीको सतह आँगनमा आइपुग्यो । मलाई डर कहाँ जानु र बाँच्नु जत्तिकै भएँ । अर्को मनले ठाउँ खोज्यो र भेटायो- काकाको घर ! यस्तै वेलामा चाहिन्छ आफन्तको भर ! त्यो त हो तर मेरो परीक्षा नजिक आइसकेको हुनाले कलेज छुट्ने हो कि ? शिर-पैताला डर भरियो । पुनः सोचेँ काकी सुत्केरी हुनुहुन्छ, नयाँ बैनी देखेकै छैन । यही बहाना त्यता जाऊ ? हैन, म गएर कुनै अप्ठ्यारो होला कि ?

"ओहो, वर्षात् कम भो तर रातिको मौसम कस्तो हुन्छ ? यो घरमा म एक्लै कसरी बस्नु ? घरबेटी हजुरआमा र अरू कोठा बस्नेहरू पनि छैनन् । सबै कतै सुरक्षित भइसके । हुनसक्छ यही मौका म पनि किन भेटघाट नगरौँ ? यो सुन्दर संसारमा आएकी सानी बैनीलाई किन नबोकौँ ? मनमनै गदगद टुहुरोजस्ती म काकाको घरतर्फ

हिँडैँ ।"

मेरो नाकमा मगमग बासना चल्यो । सायद झरी मनाउन मासुभात पाक्दै थियो । हुन त सुत्केरी घरमा नमिठो पनि मिठो हुन्छ । बिहे गरेको दशकपछि त्यस घरमा नयाँ सदस्यको आगमन जो भएको थियो । म जति नजिक पुग्छु मिठासको गति झन् झन् तेज भयो । 'सुत्केरीको निहुँ गरी टाउको मैले खाएँ' यो गीत पनि गुनगुनाउदै मेरा पैताला गन्तव्य पुगेँ ।

मैले काकाको घरको मूलढोका ढकढक गरेँ । झ्यालभित्रबाट पुलुक्क हेरी एकताले र ढोकाको चुक्कुल खोलिदिएर ऊ दौडिँदै भित्र पसी । मैले आमाबुबालाई यति भनेँ । यहाँभन्दा अगाडि नबढ्न अनुरोध पनि पस्किएँ । "छोरी ! बोलिन ऊ ? त्यो एकता भन्ने ?" बुबाले सोध्नुभयो । "काकीकी बैनी नातामा म सानी हुँ । मैले नमस्कार गरेँ तर उसले फर्काइन ।" यति भनेर मैले लामो सास फेरेँ । बुबाका हात मुड्की बाँधिएको देखेँ । "हात्ती छिरो पुच्छर अड्कियो किन गर्नु ? घरभित्रको वातावरण मलाई झैँ बुबालाई पनि बताऊ ।" आमाले कौतुहल जन्माउनु भयो ।

मेरी बैनी जसको न्वारनै भएको थिएन, ऊ जोड जोडले रोइरहेकी थिई । काकाले छोरी फकाउन हार मान्नुभएको कुरो उहाँको अनुहारमा पढेँ । काकी बाथरुममा ऐयाआथा आबाजले घर हल्लिएको थियो । प्रसवपीडाको घाउ सन्च भइनसकेको कुरो खोतल्नै परेन । मैले हातखुट्टा धोएर बैनीलाई बोकेकी थिएँ, ऊ लुटुक्क मेरो काखमा सुती । उसलाई काखेबानी नलगाउन मैले विस्तारै ओछ्यानमा सुताएँ ।

"काका ! काका ! मैले बाहिरबाट धेरै बोलाएँ तर भित्रको चानोमानो हरायो । चर्को बोलौँ बैनी उठ्ली र रोली भन्ने पिर ! घरभन्दा पर खेतमा भ्यागुत्ताको ट्वार, ट्वार आबाज जुनेली रातलाई बादलले छोपेको थियो । पहिला मैले बोलाएँ, धेरैपटक अनुनय गरेँ तर पछि चिन्ता भयो, मलाई थाहा पाउलान् कि ? भनेर । वास्तवमा त्यो दिन मैले एक गिलास पानी पिएकी थिइनँ । हो, झरीआतङ्क साक्षी थियो । अन्ततः मेरो बुझाइ गलत सावित भो- काकाको घर आफ्नै घर !"

बिहान ६ बजेदेखि क्लास हुन्थ्यो । त्यो सकेर कोठामा पुगेर खाना पकाएर खान १२ बज्थ्यो । अनि जुठाभाँडा मस्काएर नोट लेख्न सुरु गर्थेँ । यदि त्यो काम छुट्यो भने जोड्न मुस्किल पर्थ्यो । ढिलो खाना खाएपछि खाजा खान मन हुन्नथ्यो । चिया पिऊँ गर्मीमा तातो ! बरु साँझ नपर्दै खाना पकायो, खायो र समयमा सुत्यो । फेरि बिहान उसरी नै पैताला अघि बढ्थे ।

"बैनी सुतेपछि म ब्रस किन्न गएकी थिएँ । दुई मिनेट अन्तरमा ढोका बन्द भयो । हे भगवान् ! अब यो बाहिर कसरी रात काट्नु ? पेटमा मुसाको दौड थियो ! म छट्पटीमा परेँ । मैले पैताला ख्याउँदै आएर/धाएर सुत्केरी स्यार्न सघाइन भनेर हो ? आखिर किन ? अघि काकाले मेरो नमस्कार पनि फर्काउनुभएन ? मान्छे मरेको घरमा पो नमस्कार चल्दैन तर बढेको त उत्सव हैन र ? बैनीको हातमा पाँच सयको नोट थमाएर मैले मुख हेरेँ । त्यो दृश्य बच्चाकी आमाको आँखामा कैद भइसकेको थियो ।"

सायद म गलत थिएँ, अचानक ढोका ढकढक्याउन पुगेँ । त्यो पनि मासुभात खाने समय । धिक्कार होस्, मधेसवासीलाई बोझ

बनाउने अधिकार गाउँकी पाखे मलाई कसले दियो ! त्यो भारी वर्षात्ले कि त्यो डुवानले ? त्यो एक्लोपनले कि ती भ्रमका आफन्तले ? यद्यपि सियोलाई धागो चाहिन्छ, धागोलाई पनि सियो। समयसँगै सबै कुरो पैतालामुनि थिए। भनौँ, पानी परेपछिको आकाश खुलेझैँ मैले मलाई आफ्नै पारामा सङ्ल्याइसकेकी थिएँ।

"जब घरमा छोरीज्वाइँ पुग्यौँ। उता तिमीहरू बाटो नलाग्दै मैले फोन गरेँ र 'भाइ, घरमा पाहुना आउँदै छन्, कता छौ ? फुर्सद छ, छैन ?' सोधेँ। उसैले 'छोरीज्वाइँ खाना खानेगरी आउन्' भनेको हुनाले बाटो लागेका थियौ हैन त ? हेर त मानको अपमान ! एकता, उही साली हैन ? दिदी चैँ सुत्केरी हुँदाकी भान्से, भण्डारे !" नसकी नसकी पनि बुबा जुरुक्क उभिन खोज्नुभयो।

"त्यो र त्यसका परिवारलाई चौरासी व्यञ्जनले सत्कार गर्दा ज्वाइँसहित पुगेकी भतिजीलाई भने स्टिलका पाप्रामा हड्डी भात ! उही डाइनिङमा बसाएर ! मानिसलाई हेप्नुको सीमा हुन्छ कि हुँदैन ? मैले नबुझेको कुरो ! काकी भन्ने नाता मसँग बोल्नु त पर उनले मेरो मुखमा हेरिनन्। मैले दर्शन टक्राएँ। त्यही साल लोकसेवा लेखेकी हुँ मैले।" आमाबुबा र म ध्यानकेन्द्रित थियौँ।

"छोरी फुलमाया ! म त छाँगाबाट खसेँ ! हाम्री छोरीलाई हेप्नु मलाई हेप्नु, हैन ? जिउँदै मेरो शिर छेदन गरेबराबर हो ! छोरी ! दुःख पऱ्यो भने बरु पैताला खियाएर भिख माग्नू तर तिनीहरूका ढोकामा नचिहाउनू ! दश वर्षमै छोरीले केटो खोजी। त्यही कारण भाइले बास बदल्नुपऱ्यो। मैले देख्न पाउँला/नपाउला तर तिम्रो योग्यता उपसचिव पक्का भइसकेको छ। सफलताको भऱ्याङ चढ्दै जानू !" यति भनेर बुबा स्तब्ध हुनुभयो।

"बुबा ! मेरो त्यो बालापनमा म श्रीस्वस्थानीकी गोमाका परिवार खोज्थेँ तर सबै भ्रम रहेछ। अरूको लाख आमाको काख ! बाँकी सबै मिथ्या रहेछ। एउटा सकारात्मक पक्ष म भोकै सुतेको त्यो रातले यी पाखुरामा बल भरियो। मनमा आँटको मूल उम्रियो र तनको ध्येय चन्द्र छुनु रह्यो ! आपत्विपत्मा एक्लै लड्न, भिड्न र बाँच्न त्यही भोको रातले सघाएको छ मलाई। मेरो मनको फाँट झन् फराक र हरियाली हुनमा त्यो रातको ठुलो हात छ। मलाई त्यही रातले विपनामा सिमसार हुन सिकायो र सपनालाई साकार बनाउन प्रेरणा दियो ! जुन सपना विपनाका हुन्। यदि चोटको खाडल खिल बनेको थिएन भने म सङ्घारभित्रै थन्किन बेर थिएन। राष्ट्रसेवामा समर्पित मेरो नाम र कामको सुवास...!"

बुवालाई गारो हुन्छ, मैले भनेकै थिएँ। फोहोरको खाडलतिर नलागौँ भनेर तर मान्नुभएन। आमाको पालो बुबाका पैतालामा भिक्स घसेर मालिस थाल्नुभयो। म भान्साकोठाभित्र तातोपानी तताउन गएँ। "छोरी फुलमाया ! झट्ट बाहिर आइज। बुबालाई अस्पताल लैजानुपऱ्यो, म कागजपत्रको झोला तयार गर्दै छु, बरु भाइबैनीलाई फोन...! बुबा ! बुबा ! ए बुबा ! अहिलेको अहिल्यै तपाईँलाई के भयो ? हत्केलाको फेद थाकेजस्तो छ। नारी ? छैनन्, गए ! यी पैताला नै चिसा भए !" त्यहाँ छिनको छिन रुवाबासी चल्यो !

*धनकुटा, हाल काठमाडौँ।*



❖ रामचन्द्र दाहाल

# अतितको झल्को

तिमी भाग्दै हिँडेको परिचित जङ्गलमा
करिब छ दशकपछि लठ्ठी टेक्दै पुगेँ म
स्मृतिका बाटा गोरेटा मेटिँदै गएछन्
यदाकदा तिम्रा पाइला दुरुस्तै रहेछन्
किल्लामा गाडिएका राताझन्डाहरू
खुइलिएर कुहेछन् सड्दै गल्दै गएछन्
अभियानका अग्निज्वालाहरू मन्द मन्द भएछन्
समर्पणका सौगातमा ऐंजेरु पलाएछ
पैरोमा झरेछन् प्राप्तिका अनुभूतिहरू
त्रिखण्डीको गल्छेडोबाट हेर्दै छु बगर
फित्ता चुँडिएको चप्पल काखी च्यापेर
तिमी कुदेको गड्तिरको तातोबालुवा
आँसु सुकेको आँखाजस्तै
ऐले पनि निराश उराठ रहेछ!


म चौकीडाँडाको एक्ले पिपलझैँ
स्तब्ध उभिएँ
त्यो वेला बिहानीको सूर्यमा
एउटा आलोकले
सुनौलो आभा छरेको हुन्थ्यो
त्यसका संवाहक तिमी
तिम्रा गालामा चुरोटका ठुटाले
पोलेको हुन्थ्यो
पिन घोचिएका औँलाहरूमा
रगत र पिप बगेको हुन्थ्यो
तिमी भाग्दै हुन्थ्यौ
मृत्यु लखेट्दै हुन्थ्यो
तिमी के खोज्दै थियौ
म किन पछ्याउँदै थिएँ
यात्रा जटिल थियो
गन्तव्य टाढै थियो।

थाहा छैन कहाँ टुङ्गियो बाटो र
कहाँ पुगे अभियानहरू
कहाँ फाटे मन र कहाँ ढले आकाङ्क्षाहरू
किन भत्किए आस्थाका समर्पणहरू!
मैले रजगाउँको उन्मत्त भट्टीलाई प्रश्न गरेँ
सान्दे भञ्ज्याङ्मा उभिएर
चरङ्गेको उकालो हेरेँ
कोही अग्लो उचाइमा रम्दै रहेछन्
कोही फेदीमै अलपत्र भएछन्
मान्छेको थुप्रोमा पटक पटक उदिनेर हेरेँ
अभियानका सम्बाहक तिमी कतै देखिएनौ
मैले स्मृतिको पोको खोलेर हेरेँ
एउटा नायकको कथा भेटियो
तर त्यो युगका अगुवा तिमी कतै भेटिएनौ!

'अविच्छिन्न प्रकाशित भइरहेको
साहित्यिक पत्रिका
**शब्द-संयोजन**
मासिक' पढ्नुहोस्।

❑समीक्षा

# होमशङ्कर बास्तोलाको अविरल कवितायात्रा



❖ **प्रा. डा. हेमनाथ पौडेल**

होमशङ्कर बास्तोला राष्ट्रिय जनसांस्कृतिक महासङ्घको घटक राष्ट्रिय जनसाहित्यिक सङ्घले २०८३ असार १३ गते आयोजना गरेको अविरल जनसाहित्य यात्राको ११० औँ शृङ्खलामा एकल कविता वाचनमा प्रस्तुत भए। सो कार्यक्रममा केही सहयोगीसहित उनले आफ्ना छानिएका ९ ओटा कविता र तीनओटा गजल प्रस्तुत गरेका थिए । उक्त कार्यक्रममा यस लेखकले प्रमुख अतिथिका रूपमा उपस्थित हुने अवसर प्राप्त गरेको थियो। सो अवसरमा प्रस्तुत उनको परिचय र वाचित कविताका आधारमा यो समीक्षात्मक आलेख तयार भएको हो।

होमशङ्कर बास्तोला नेपाली साहित्यमा बहुआयामिक व्यक्तित्वका रूपमा परिचित छन्। उनी समकालीन नेपाली साहित्यमा कथा, कविता, गजल तथा साहित्यिक पत्रकारिताका क्षेत्रमा सक्रिय र समर्पित व्यक्तित्व हुन् । ओखलढुङ्गाको कुइभिरमा जन्मिएका र हाल काठमाडौँमा बसोवास गरिरहेका बास्तोलाले साहित्यलाई साध्य होइन, समाज रूपान्तरण र जनचेतना जागरणको साधनका रूपमा आत्मसात् गरेका छन्। कानुन र व्यवस्थापन विषयमा उच्च शिक्षा हासिल गरी सरकारी सेवामा कार्यरत रहेका उनी पेसागत तथा बौद्धिक अनुवलाई साहित्यिक सिर्जनामा रूपान्तरण गरिरहेका छन्।

बास्तोलाको साहित्यिक यात्रा कथा विधाबाट प्रारम्भ भएको भए पनि उनी कविता, गीतगजल र सम्पादनका कार्यमा समेत क्रियाशील रहेका छन्। उनका प्रकाशित कृतिहरूमध्ये 'आँसुका झरनाहरू' २०५८ कथासङ्ग्रह, 'घाम हराएको दिन' २०६१ गजलसङ्ग्रह, 'बन्दुकको छाया' २०६७ कथासङ्ग्रह, 'हिमाल पहाडका कथा' २०७१ सङ्कलित कथासङ्ग्रह, 'भोका सपनाहरू' २०७८ कवितासङ्ग्रह र 'रगतको मूल्य २०८२ कथासङ्ग्रह गरी आधादर्जन कृति प्रकाशित छन्। यी कृतिबाट उनको सिर्जनशीलता कुनै एक विधामा मात्र सीमित नभई बहुविधाक्षेत्रमा विस्तारित रहेको छ भन्ने देखिन्छ।

उनका रचनाहरूमा सामाजिक यथार्थ, जनजीवनका पीडा, राजनीतिक-सामाजिक विकृति, मानवीय संवेदना, राष्ट्रिय चेतना तथा परिवर्तनको आकाङ्क्षा प्रमुख विषयका रूपमा व्यक्त भएका छन् । उनले आफ्ना सृजनामा आम नागरिकका समस्या, ग्रामीण जीवनका यथार्थ, वैदेशिक पलायन, भ्रष्टाचार तथा सामाजिक असमानताका विषयलाई प्रभावकारी ढङ्गले प्रस्तुत गरेका छन् त्यसैले उनका साहित्यमा जीवन र समाजको प्रत्यक्ष अनुभूति पाइन्छ । सिर्जनासँगै बास्तोला साहित्यिक सम्पादन र संस्थागत गतिविधिमा पनि उत्तिकै सक्रिय रहेका छन् । उनले

'अन्तर्बोध' साहित्यिक त्रैमासिक पत्रिकाको सम्पादन र प्रकाशन तथा कपन दर्पण नामक कृति र 'कपन कविता क्यालेन्डर'को सम्पादन गरेका छन् । यस्ता गतिविधिले उनलाई केवल स्रष्टा मात्र नभई साहित्यिक अभियन्ताका रूपमा समेत परिचित गराएका छन् । प्रगतिशील लेखक सङ्घ नेपाल, नेपाल साहित्यिक पत्रकार सङ्घ, कौशिकी साहित्य प्रतिष्ठान, जनसाहित्य मञ्चलगायतका संस्थाहरूमा उनको संलग्नता देखिन्छ । प्रगतिशील लेखक सङ्घ नेपालको केन्द्रीय सचिवका साथै उपर्यक्त संस्थाहरूमा काम गरेर उनले साहित्य र समाजलाई जोड्ने कार्यमा भूमिका खेलेका छन् । यस किसिमको साहित्यिक योगदानको कदरस्वरूप उनलाई विभिन्न सम्मान तथा पुरस्कारहरू प्राप्त भएका छन् । यस क्रममा उनले जनआन्दोलन घाइते सम्मान, भानुभक्त काव्य पुरस्कार, यज्ञराज घले संस्था पुरस्कार, प्रेस काउन्सिल साहित्यिक पत्रकारिता पुरस्कार, आधुनिक नेपाली लघुकथा सम्मान तथा नागार्जुन वाङ्मय सम्मानजस्ता पुरस्कार र सम्मान प्राप्त गरेका छन् । यी पुरस्कार र सम्मानले उनको साहित्यिक उचाइलाई प्रमाणित गर्दछन् ।

होमशङ्कर बास्तोला प्रगतिशील स्रष्टा हुन् । नेपाली समाजका विविध पक्षलाई साहित्यमार्फत उजागर गर्दै जनपक्षीय चेतनाको प्रवर्द्धन गर्नु उनको साहित्यिक व्यक्तित्वको प्रमुख विशेषता हो । यही कारण राष्ट्रिय जनसाहित्यिक सङ्घले उनलाई अविरल जनसाहित्य यात्रामा एकल कविता वाचनका निम्ति प्रस्तुत गरेको हो । सङ्घकी अध्यक्ष नर्मदेश्वरी सत्यालको अध्यक्षता र महासचिव कृष्ण सुवेदी 'भारद्वाज मित्र'को सहजीकरणमा सम्पन्न उक्त कार्यक्रममा बास्तोलाले विविध विषय र शैलीका ९ ओटा कविता र ३ ओटा गजल गरी १२ ओटा रचना प्रस्तुत गरेका थिए । अविरल जनसाहित्य यात्रामा वाचन गरिने रचनाहरू सम्बन्धित कविले छनोट गरेर प्रस्तुत गरिएका प्रतिनिधि रचनाहरू हुने गरेका छन् । उनका पनि वाचित यी रचनाहरू प्रतिनिधि रचना नै हुन् ।

अविरल जनसाहित्य यात्रामा कवि बास्तोलाले (१) त्रिशुलीमा गिट्टी कुट्नेहरू (२) तमसुक (३) के दोष थियो सिंहदरबारको ? (४) घाम (५) कैसाङ र तीनपाने (६) ओडारे माइलाका भोका सपनाहरू (७) नदेख अपुरा सपना (८) सालिक र (९) विश्वास भत्किएको वेला गरी ९ ओटा कविता र तीनओटा गजल वाचन गरेका थिए । उनका यी रचनाबाट उनी केवल भावनाका कवि मात्र नभई समाजप्रति गहिरो जिम्मेवारीबोध भएका सचेत र प्रतिबद्ध कवि हुन् भन्ने अनुभूति हुन्छ । उनका रचनाले नेपाली समाजका विविध पक्षलाई उजागर गर्दै पाठकलाई सोच्न बाध्य बनाएका छन् । उनका कविताहरूको मुख्य शक्ति भनेको यथार्थसँगको निकट सम्बन्ध हो । उनका कविताहरू काल्पनिक संसारमा विचरण गर्दैनन्, बरु समाजमा दैनिक रूपमा घटिरहेका घटना, श्रमिकहरूको जीवन, गरिबी, अभाव, राज्यको उदासीनता र नागरिकका पीडालाई केन्द्रमा राखेर अगाडि बढ्छन् ।

कार्यक्रममा वाचित पहिलो कविता हो- 'त्रिशुलीमा गिट्टी कुट्नेहरू' । यस कविताले श्रमिक महिला र बालबालिकाहरूको कठिन जीवनलाई अत्यन्त मार्मिक ढङ्गले चित्रण गरेको छ । आफ्ना सन्तानको शिक्षा र पेट पाल्न

नदीकिनारमा गिट्टी कुट्न बाध्य आमाहरू तथा किशोरीहरूको चित्रणले नेपालको श्रमजीवी वर्गको वास्तविकतालाई यस कविताले उजागर गरेको छ। कविले यहाँ केवल गरिबीको चित्रण मात्र गरेका छैनन्, उनीहरूका सपनामाथि खेलिने झुटा आश्वासन र राजनीतिक छलमाथि पनि व्यङ्ग्य गरेका छन् । कार्यक्रममा वाचित अर्को कविता 'तमसुक' हो । यसले चाहिँ वैदेशिक रोजगारीको पीडा र त्यसले सिर्जना गरेको पारिवारिक बिछोडलाई प्रभावकारी रूपमा प्रस्तुत गरेको छ । ऋणको भारले थिचिएर मरुभूमितिर गएका नेपाली युवाको कथा यस कवितामा व्यक्त छ। घरपरिवारको सम्झना, साहुको ऋण, रोइरहेका बालबालिका र विदेशमा पसिना बगाइरहेका श्रमिकहरूको विवशता कवितामा अत्यन्त संवेदनशील ढङ्गले व्यक्त भएको छ। यहाँ कविले वैदेशिक रोजगारीलाई आर्थिक अवसरका रूपमा नभई सामाजिक र मानवीय पीडाको विषयका रूपमा प्रस्तुत गरेका छन् ।

राजनीतिक चेतना र राष्ट्रप्रतिको चिन्ता बास्तोलाका कविताको अर्को महत्त्वपूर्ण पक्ष हो। 'के दोष थियो सिंहदरबारको ?' कविता यस दृष्टिले अत्यन्त सशक्त छ। कविले सिंहदरबारमा भएकोआगजनीलाईकेवलभवनकोक्षतिमानेका छैनन्, उनले त्यसलाई राष्ट्रिय सम्पदा, इतिहास र सामूहिक चेतनामाथिको प्रहारका रूपमा लिएका छन् । कविताले अन्तर्यमा सत्ता सञ्चालन गर्ने व्यक्तिहरूको गैरजिम्मेवारीपन र मुलुकको विनाश गरेर सत्ता कब्जा गर्न खोज्नेहरूको गलत प्रयोग दुवैमाथि प्रश्न उठाएको छ। 'देशले हारेको छ आफ्नै नागरिकसँग' भन्ने भावले कविको राष्ट्रिय चिन्ता र जिम्मेवार नागरिक चेतनालाई यहाँ उजागर गरेको छ । त्यस्तै वाचन गरिएको अर्को कविता हो- 'घाम' । यो आशा, चेतना र परिवर्तनको प्रतीकात्मक कविता हो । अँध्यारो, कुहिरो र भ्रमका बिच उज्यालो फैलाउने घामलाई कविले ज्ञान, चेतना र सामाजिक परिवर्तनको प्रतीक बनाएका छन् । गाउँदेखि सहरसम्म, घरदेखि समाजसम्म उज्यालो फैलाउनुपर्ने आवश्यकतालाई कविले प्रेरणादायी शैलीमा प्रस्तुत गरेका छन् । यो कविता अन्य कविताहरूका तुलनामा बढी आशावादी र सकारात्मक देखिन्छ।

वाचित अर्को कविता 'कैसाङ र तीनपाने' ले चाहिँ मानवीय आचरण र व्यवहारसँग सम्बन्धित सांस्कृतिक पक्षलाई उद्घाटन गरेको छ। यसमा मदिरा सेवनका कारण परिवार र समाजमा पर्ने नकारात्मक प्रभावलाई चित्रण गरिएको छ । कविले यहाँ मदिरालाई केवल व्यक्तिगत कमजोरी नभई परिवारको शान्ति, सपना र भविष्य नष्ट गर्ने सामाजिक समस्याका रूपमा लिएका छन् । यस कवितामा सुधारको आग्रह र मानवीय संवेदना दुवै पाइन्छ । वाचित 'ओडारे माहिलाका भोका सपनाहरू' कवितामा चाहिँ नेपालको ग्रामीण गरिबी र राज्यप्रतिको गुनासो अत्यन्त प्रभावकारी रूपमा व्यक्त भएको छ । अभावले थिचिएका मानिसहरूको सपना कसरी बारम्बार टुट्छ भन्ने यथार्थलाई यहाँ कविले जीवन्त बिम्बमार्फत प्रस्तुत गरेका छन् । । 'ढाडमा डामेका डोकाका डोब', 'भोक छेक्न पटुकाले बाँधेको पेट'जस्ता बिम्बहरूले कवितालाई अत्यन्त मार्मिक बनाएका छन् । अन्त्यमा कविले सरकारलाई प्रश्न गर्दै जनताका

सपना कहिले पूरा हुन्छन् भनेर सोधेका छन् ।

यस्तै अर्को 'नदेख अपूरा सपना' कविता चुनावी राजनीति र नेताहरूको झुटा वाचाप्रतिको तीव्र व्यङ्ग्य गरिएको कविता हो । निर्वाचनका वेला जनतालाई देखाइने विकासका सपना, पसल, सडक र समृद्धिका नाराहरू व्यवहारमा रूपान्तरण हुननसकेको यथार्थलाई यहाँ कविले कठोर शैलीमा प्रस्तुत गरेका छन् । यस कविताले राजनीतिक उत्तरदायित्वको प्रश्न उठाउँदै जनताको धैर्यको पनि परीक्षा लिइरहेको अवस्थाको चित्रण गरेको छ। यस कार्यक्रममा वाचन गरिएको 'सालिक' कविता पनि विशेष रूपमा उल्लेखनीय छ । जीवित अवस्थामा बेवास्ता गरिएका व्यक्तिलाई मृत्युपछि सालिक बनाएर सम्मान गर्ने हाम्रो सामाजिक प्रवृत्तिमाथि यस कविताले गहिरो व्यङ्ग्य गरेको छ । श्रद्धाञ्जलि र सम्मानको बाहिरी प्रदर्शनभन्दा जीवित व्यक्तिको सम्मान महत्त्वपूर्ण हुने सन्देश यस कविताले दिएको छ। यो कविता नेपाली

समाजको एउटा गम्भीर मनोवैज्ञानिक र सांस्कृतिक प्रवृत्तिमाथिको आलोचना हो । कार्यक्रममा वाचन गरिएको नवौँ कविता हो- 'विश्वास भत्किएको वेला' । यो विचार र कला दुवै दृष्टिले सशक्त कविता हो । यसमा समकालीन राजनीतिक, सामाजिक तथा वैचारिक यथार्थप्रति गहिरो असन्तोष र मोहभङ्गको अभिव्यक्ति रहेको छ। यस कविताले परिवर्तनका नाममा जनतालाई सपना बाँड्ने तर व्यवहारमा ती सपनाहरू पूरा गर्ननसक्ने नेतृत्व र शक्तिकेन्द्रहरूप्रति तीव्र प्रश्न उठाएको छ । कविका दृष्टिमा विश्वास केवल भाषण र नाराले निर्माण हुँदैन; त्यसका लागि त्याग, इमानदारी र व्यावहारिक प्रतिबद्धता आवश्यक हुन्छ । जब ती कुरा हराउँछन् तब समाज अविश्वासको गहिरो खाडलमा धकेलिन्छ भन्ने सन्देश यस कविताले प्रवाह गरेको छ।

यस कविताको प्रारम्भमै 'नयाँ बिहानीको खोजी'को प्रसङ्ग आउँछ । यो नयाँ युग, नयाँ परिवर्तन र नयाँ आशाको प्रतीक हो तर कविले चट्टानयुक्त पहाड, सुनसान झाडी, बाघको गर्जन र जङ्गलका स्यालजस्ता विम्बहरूको प्रयोग गरेर परिवर्तनको यात्रा सहज नभएको सङ्केत गरेका छन् । स्यालहरू जङ्गल छाडेर सहर पस्नु अवसरवादी प्रवृत्तिको प्रतीक बनेर आएको छ। यसले सङ्घर्षको

मैदानमा नभई सुविधाको केन्द्रमा पुगेर नेतृत्वको आवरण ओढ्ने प्रवृत्तिमाथि व्यङ्ग्य गरेको छ। 'ओभानो नपरेका बस्तीहरू', 'बाढीले डुबेका अनुहारहरू' र 'उदास बस्तीहरू'जस्ता चित्रहरूले जनजीवनको पीडा, अभाव र निराशालाई मूर्त रूप दिएका छन् । जनताको अवस्था जस्ताको तस्तै रहँदा परिवर्तनका वाहकहरू भने 'रङ्गीन बोतलका बिर्काहरू तोडेर रोएको अभिनय' गरिरहेका छन् ।

यहाँ 'रोएको अभिनय' शक्तिशाली व्यङ्ग्यात्मक अभिव्यक्ति हो । यसले जनताको दुःखमा सहभागी भएको नाटक गर्ने तर वास्तविक रूपमा जनताको पक्षमा नउभिने नेतृत्वप्रति कविको आक्रोश प्रकट गरेको छ । यस कविताको अर्को महत्त्वपूर्ण पक्ष त्याग र सङ्घर्षको स्मृति हो । 'हामी काँडा भएर फूलको साथ दिन्छौँ' र 'डाँडा भएर पदचापहरू बढाउँछौँ' भन्ने पङ्क्तिहरूले परिवर्तनका लागि बलिदान

दिने आम जनताको भूमिका उजागर गरेका छन् तर त्यही सङ्घर्षका उपलब्धिहरू सत्तामा पुगेकाहरूले बिर्सँदा 'रक्ताम्मे पदचापहरू' इतिहासको धुलोमा चोइटिएर हराएको अनुभूति व्यक्त भएको छ । यसले क्रान्ति र आन्दोलनका आदर्शहरू सत्ताको मोहमा हराउने गरेका विडम्बनालाई सङ्केत गर्छ। यस कविताको अन्त्य निकै अर्थगर्भित छ। कविले नयाँ विचारको सडक खोजेका छन् तर त्यो सडक कतै देखिँदैन त्यसैले कविले यहाँ अब अरूलाई होइन, आफूभित्रका 'अस्तित्वहीन पर्खालहरू' र 'अविश्वासका गहिरा खाडलहरू' भत्काउनुपर्ने आवश्यकता औँल्याएका छन्। यसमा आत्मालोचना र आत्मसमीक्षाको स्वर पनि निहित छ जसले कवितालाई केवल विरोधको अभिव्यक्ति मात्र नभई वैचारिक पुनर्निर्माणको आह्वानमा रूपान्तरण गरेको छ। प्रस्तुत 'विश्वास भत्किएको वेला' कविता समकालीन राजनीतिक संस्कृतिमा बढ्दो अविश्वास, अवसरवाद, आदर्शविहीनता र जनअपेक्षाको विफलतामाथि केन्द्रित सशक्त वैचारिक कविता हो। यसमा प्रतिरोधको चेतना, जनपक्षीय दृष्टि, व्यङ्ग्यात्मक धार र परिवर्तनको आकाङ्क्षा एकसाथ अभिव्यक्त भएका छन् । कविता भाव, विचार र प्रतीकात्मक अभिव्यक्तिको सन्तुलित संयोजनका कारण प्रभावकारी र समसामयिक बनेको छ।

होमशङ्कर बास्तोला राम्रा गजलकार व्यक्तित्व पनि हुन् भन्ने कुरा उनले अविरल जनसाहित्य यात्रामा प्रस्तुत गरेका तीनओटा गजलले प्रमाणित गरेका छन् । उनी गजल लेखनमा परम्परागत भाव र शैलीभन्दा भिन्न प्रकारले सहज रूपमा प्रस्तुत भएका छन्। तत्कालीन अरबी, फारसी गजललेखनका कठोर नियममा बाँधिनुभन्दा स्वतन्त्र ढङ्गले जीवनका यथार्थ अभिव्यक्त गर्नु उनको रुचिको विषय हो। उनले आफ्ना गजलमा समकालीन नेपाली समाज र राजनीतिक अवस्थामाथि तिखो व्यङ्ग्य गरेका छन् । उनले जनताको अपेक्षा र वास्तविकताबिचको ठुलो अन्तरलाई सरल तर प्रभावकारी भाषामा गजलका सेरमा प्रस्तुत गरेका छन् । उनका गजलका प्रत्येक सेरमा वर्तमानका सामाजिक समस्याको चित्रण रहेको छ।

*कति चुस्छौ जनतालाई काम उस्तै छ*
*काठमाडौँका सडकमा जाम उस्तै छ।*

कार्यक्रममा वाचित पाँच सेरमै भिन्न भिन्न भाव प्रस्तुत यस गजलका सेरमा जनतालाई चुस्ने सन्दर्भबाट शोषण र भ्रष्टाचारको विरोध गरिएको छ। जनताबाट कर उठाइए पनि विकासको अवस्था उस्तै रहेको र राजधानीको ट्राफिक जामजस्ता समस्या समाधान नभएको यथार्थ यसमा प्रस्तुत छ । यसले राजनीतिक परिवर्तन र विकासका नारा जति दिए पनि जनजीवनमा खास परिवर्तन नआएको यथार्थ उजागर गरेको छ। 'काम' र 'जाम' को काफिया प्रयोगले गजललाई लयात्मक मात्र नभई व्यङ्ग्यात्मक प्रभाव पनि दिएको छ। गजलमा विकासका नाममा प्रस्तुत गरिएका योजनाहरू जनतासम्म नपुगेको पीडा व्यक्त गरिएको छ । विद्यालय, धारा, बाटोजस्ता आधारभूत आवश्यकताका विषय उठाएर यहाँ बजेटको दुरुपयोगप्रति कविले असन्तुष्टि प्रकट गरेका छन्।

*नयाँ नेपाल गाँस, बास लिई आउँछ भन्थे*
*तर पाली उडाएर घाम उस्तै छ ।*

यहाँ 'नयाँ नेपाल'को राजनीतिक नारा र जनताको वास्तविक जीवनबिचको विरोधाभास देखाइएको छ । यहाँ आश्वासनहरू दोहोरिए पनि जनताको अवस्था उस्तै रहेको सन्देश प्रस्तुत गरिएको छ । कवितामा जस्तै गजलमा पनि युवापुस्ताको वैदेशिक पलायनलाई बास्तोलाले विषय बनाएका छन् । स्वदेशमा अवसरको अभावले विमानस्थलतर्फ लाग्ने युवाहरूको लामो लाइन नेपाली समाजको आजको यथार्थ चित्र हो । यस गजलका अरू सेरमा विविध भाव र विषयको प्रस्तुति छ । सामाजिक व्यङ्ग्य र यथार्थता यस गजलको मुख्य शक्ति बनेको छ । प्रतीकभन्दा प्रत्यक्ष अभिव्यक्ति बढी भएकाले सन्देश स्पष्ट रूपमा सम्प्रेषित छ । यो गजल समकालीन नेपाली राजनीतिक, आर्थिक र सामाजिक अवस्थाको सशक्त अभिव्यक्ति हो । कविले जनताको निराशा, विकासप्रतिको असन्तुष्टि र युवापलायनको समस्या प्रभावकारी

रूपमा उठाएका छन् । सरल भाषा, व्यङ्ग्यात्मक शैली र यथार्थपरक विषयवस्तुले यस गजललाई प्रभावशाली तथा सान्दर्भिक बनाएको छ ।

होमशङ्कर बास्तोलाको 'कतिखेर हारिने हो जिन्दगी छ दाउ' अर्को गजल हो । यो गजल जीवनसङ्घर्ष, सामाजिक यथार्थ, स्वार्थी मानवीय प्रवृत्ति तथा देशप्रेमको भावनाले ओतप्रोत रहेको छ । गजलमा कविले वर्तमान समाजका विविध पक्षलाई सरल भाषामा प्रस्तुत गर्दै आशावादी दृष्टिकोण व्यक्त गरेका छन् । यस गजलको पहिलो सेरमै कविले जीवनलाई सङ्घर्षको मैदानका रूपमा चित्रण गरेका छन् ।

*कतिखेर हारिने हो जिन्दगी छ दाउ*
*आँसु धेरै बगेको छ दुखेर यो घाउ ।*

यहाँ 'जिन्दगी छ दाउ' भन्ने अभिव्यक्तिले जीवन निरन्तर चुनौती र जोखिमले भरिएको छ भन्ने अर्थ दिन्छ । धेरै पीडा र असफलता भोगे पनि हार नमानी अगाडि बढ्नुपर्ने सन्देश यस सेरमा व्यक्त भएको छ । यसले सङ्घर्षशील जीवनदृष्टिलाई उजागर गरेको छ । यस गजलका अरू सेरहरूमा वर्तमान समाजमा मानवीय सम्बन्ध कमजोर बन्दै गएको र व्यक्तिगत स्वार्थले मानवतालाई ओझेलमा पारेको यथार्थ चित्रण गरिएको छ । कविको प्रश्नात्मक शैलीले पाठकलाई आत्मसमीक्षा गर्न प्रेरित गरेको छ । त्यस्तै गरी देशप्रेम र मातृभूमिप्रतिको समर्पण पनि यस गजलको अर्को महत्त्वपूर्ण पक्ष हो-

*माटोमाथि चोट पर्दा हाम्रै छाती दुख्छ*
*जननीको माया गर्न शान्ति गीत गाऊ ।*

यहाँ 'माटो'ले मातृभूमिको प्रतीकात्मक अर्थ बोकेको छ । देशमा पीडा पर्दा आफूलाई पनि पीडा महसुस हुनुपर्छ भन्ने राष्ट्रिय चेतना कविले व्यक्त गरेका छन् । शान्ति, प्रेम र देशभक्तिको सन्देश यस सेरको मुख्य विशेषता हो । गजलको अन्तिम सेरले वर्तमान आर्थिक समस्यालाई चित्रण गरेको छ-

*सहरमा कठिन छ बाँच्न आजभोलि*
*दिनैपिच्छे बढेको छ सामानको भाउ ।*

यस सेरमा बढ्दो महँगीका कारण जनजीवन कष्टकर बन्दै गएको यथार्थ प्रस्तुत छ । यसबाट सामाजिक र आर्थिक समस्याप्रति कवि सचेत रहेको कुरा स्पष्ट हुन्छ । पाँच सेरमा प्रस्तुत यो गजल जीवन-सङ्घर्ष, स्वार्थी समाज, देशप्रेम, आशावादिता र आर्थिक समस्याजस्ता विविध

विषयलाई समेट्न सफल छ । सरल, सहज र जनजीवनसँग नजिकको भाषाशैली यसको प्रमुख विशेषता हो । गजलमा सामाजिक चेतना र जीवनदर्शनको सुन्दर समन्वय पाइन्छ । त्यसैले यो गजल केवल भावनात्मक अभिव्यक्ति मात्र नभई पाठकलाई सोच्न र समाजप्रति जिम्मेवार बन्न प्रेरित गर्ने सशक्त रचना बनेको छ ।


होमशङ्कर बास्तोलाको ६ सेरमा प्रस्तुत तेस्रो गजलमा ग्रामीण जीवन, सहरीकरण, आर्थिक असमानता तथा बदलिँदो सामाजिक सम्बन्धको यथार्थ चित्रण गरिएको छ । गजलमा गाउँ र सहरबिचको अन्तरलाई विषय बनाएर वर्तमान नेपाली समाजका विभिन्न समस्याहरूलाई कलात्मक ढङ्गले प्रस्तुत गरिएको छ । गजलको पहिलो सेरमै कविले गाउँबाट सहरतर्फको तीव्र बसाइँसराइको अवस्थालाई चित्रण गरेका छन्-

*गाउँबस्ती रित्तो पारी सर्दो रैछ सहरमा*
*इमान र जमान सबै मर्दो रैछ सहरमा ।*

गाउँहरू खालि हुँदै जानु र मानिसहरू सहरकेन्द्रित हुनु आजको नेपाली समाजको यथार्थ हो । कविले यहाँ केवल भौतिक बसाइँसराइ मात्र होइन, सहरमा पुग्दा मानिसको इमानदारी र नैतिकतासमेत हराउँदै गएको सङ्केत गरेका छन् । 'इमान र जमान' शब्द प्रयोगले नैतिक पतनको अवस्थालाई प्रभावकारी रूपमा प्रस्तुत गरेको छ । यस्तै पूर्वाधार विकासको असन्तुलित अवस्थामाथिको कविको दृष्टि अर्को सेरमा देखिन्छ । ग्रामीण क्षेत्र अझै आधार भूत सुविधाबाट वञ्चित रहेको तर सहरमा आधुनिक संरचनाहरू थपिँदै गएको अवस्था चित्रित छ । गाउँ र सहरबिचको विकासको असमानता, राज्यको बजेट वितरण प्रणालीप्रति असन्तुष्टि यस गजलका सेरहरूमा व्यक्त भएको छ । यहाँ कविले सहरको भौतिक विकासले मात्र जीवन धान्न नसकिने यथार्थ प्रस्तुत गरेका छन् । कङ्क्रिटका भवनले पेट भरिँदैन, खाद्यान्न उत्पादनको आधार गाउँ नै हो भन्ने गहिरो सन्देश यसमा छ । गजलको अन्तिम सेरले वैदेशिक रोजगारी र वृद्धावस्थाको पीडालाई समेटेको छ । यो गजल गाउँ र सहरबिचको द्वन्द्व, विकासको असन्तुलन, नैतिक मूल्यको ह्रास, कृषि क्षेत्रको महत्त्व तथा पारिवारिक विखण्डनजस्ता विषयलाई केन्द्रमा राखेर लेखिएको सशक्त सामाजिक गजल हो । सरल भाषा, यथार्थपरक चित्रण र व्यङ्ग्यात्मक शैली यसका विशेषता हुन् । गजलले केवल समस्या औँल्याउने काम मात्र गर्दैन, गाउँको महत्त्व र मानवीय सम्बन्धको मूल्यलाई पनि स्मरण गराउँछ त्यसैले यो गजल समकालीन नेपाली समाजको जीवन्त दस्तावेजका रूपमा आएको छ ।

उपर्युक्त रचनाहरूको अध्ययनबाट भाषाशैली र शिल्पका दृष्टिले बास्तोलाका कविता र गजल दुवै सरल, सहज र सम्प्रेषणीय देखिन्छन् । जटिल प्रतीक र दुरुह भाषाको प्रयोगभन्दा उनले जनजीवनका शब्द, लोकभाषिक अभिव्यक्ति र प्रत्यक्ष अनुभूतिबाट जन्मिएका विम्बहरू प्रयोग गरेका छन् । नदी, घाम, आगो, डाँडा, सपना, आँसु, पसिना, सालिक, तमसुक, गिट्टी, पसल, सडक आदि प्रतीकहरूले रचनालाई जीवनसँग जोडेका छन् । यसले उनका कविता र गजललाई आम पाठकका लागि पनि सहज रूपमा ग्रहणीय बनाएको छ ।

# यावत



❖ ध्रुवकृष्ण ताम्राकार

वैशाख महिनाको मध्य थियो । शनिबार देखि निरन्तर परिरहेको वर्षाले भिजेको जमिन बिस्तारै घामको उज्यालोले तात्न थालेको थियो । लगातार चार-पाँच दिनसम्म पानी पर्ने मौसम विभागको भविष्यवाणी पनि आखिर गलत सावित हुने हो कि भन्ने आशा मानिसहरूमा पलाउन थालेको थियो। सडकछेउका रुखका पातमा अड्किएका पानीका थोपाहरू घाममा टल्किरहेका थिए । पानी रोकिएको ठानेर मानिसहरू पनि आआफ्ना कामतिर लाग्न थाले तर मौसमको मन पनि मानिसको मनजस्तै कहाँ स्थिर हुन्थ्यो र ! केही क्षणमै पश्चिमतिरबाट काला बादल बिस्तारै आकाशभरि फैलिन थाले । चिसो हावासँगै वातावरण फेरि बदलियो । हेर्दाहेर्दै मुसलधारे पानी दर्किन थाल्यो । सडकभरि मानिसहरू आआफ्नो ओत खोज्दै दौडिन थाले । हावाको झोक्कासँगै तेर्सो पर्दै आएको वर्षाको भेलबिच सडकको बिचतिर किशोर उमेरको एउटा केटो निथ्रुक्क भिजेर बेहोस अवस्थामा लडिरहेको देखियो । पानीको भेलले उसका लुगा पूरै भिजिसकेका थिए । वरपर जम्मा भएका मानिसहरूले अनौठो मान्दै उसलाई हेरिरहेका थिए। कसैले चिन्ने प्रयास गरिरहेका थिए, कसैले अनेक अनुमान लगाइरहेका थिए तर यति धेरै मानिसहरूको भिडमा पनि उसलाई उठाएर सुरक्षित ठाउँमा लैजाने साहस भने कसैले गरेको थिएन ! त्यसै वेला एउटी अधबैंसे महिला भिड चिर्दै अगाडि आइन्। उनको स्वरमा आतुरता र करुणा मिसिएको थियो ।

"अरे ! सबै हेरेर मात्रै बस्ने हो ? बाबुलाई छिटो ओतमा लैजानुहोस् न !" उनको त्यो पुकार सुनेर केही मानिस झस्किए, तर अझै पनि कोही अघि सरेन ! अन्ततः सुभद्रा आफैं निथ्रुक्क भिजिरहेको त्यो केटोसम्म पुगिन् । उनले उसलाई बिस्तारै समातेर सडकछेउको एउटा छानोमुनि लगेर ओत लगाइदिइन् । छानोमुनि ओत लगाइएपछि केहीबेरमै त्यो केटो हल्का चलमलाउन थाल्यो ।

"ए... ए.." उसका ओठबाट अस्पष्ट स्वर निस्कियो। अनुहार निस्तेज थियो, आँखा आधा खुलेका थिए। उसको दयनीय अवस्था देखेर सुभद्राको मन एकाएक पग्लियो।

"बाबु ! तिमी को हौ ? किन यस्तो नशा गरेर बाटोमै लडिरहेका छौ ?" उनले ममता भरिएको स्वरमा सोधिन्। रक्सीको नशा बिस्तारै ओर्लंदै थियो। चिसो वर्षामा भिजेका कारण उसको शरीर गलिसकेको थियो । सुभद्राले उसको हात समातिन् र आफ्नै घरतर्फ डोऱ्याउँदै लगिन् । घरभित्र पुऱ्याएर उनले भिजेका लुगा फेर्न सघाइन् र सफा कपडाले उसको शरीर

बिस्तारै पुछ्न थालिन् । एकाएक केटोका ओठ फेरि हल्का फरफराए । "आमा... आमा..." त्यो निरीह पुकारमा आमाको ममताप्रतिको गहिरो तिर्खा स्पष्ट सुनिन्थ्यो । 'आमा' भन्ने एउटै शब्दले सुभद्राको सुप्त मातृत्व एकाएक ब्युँझियो । उनका आँखा रसाए । उनले केटोलाई स्नेहपूर्वक आफ्नो अँगालोमा बेर्दै मनमनै भनिन्, "बाबु, अब तिमी एक्लो छैनौ ।"

सुभद्रा विधवा थिइन् । विवाह भएको केही वर्षमै क्यान्सरका कारण उनका श्रीमान्को निधन भएको थियो । सन्तानको रहर मनमै थाती रह्यो, कोख सधैँ रित्तै रह्यो । त्यसैले होला, अपरिचित केटाको निरीह अवस्था देख्दा उनको सुप्त मातृत्व एकाएक ब्युँझिएको थियो । केही बेरपछि उनले स्नेहपूर्वक सोधिन्, "बाबु ! तिम्रो नाम के हो ? अनि किन यस्तो अवस्था बनाएर हिँडिरहेका छौ ?"

केटोले बिस्तारै आँखा खोल्यो । केही क्षण उनीतिर टुलुटुलु हेरिरह्यो, मानौँ धेरै वर्षपछि कसैले ममताले सम्बोधन गरेको हो । "शंकर... मेरो नाम शंकर हो, आमा ।"

'आमा' भन्ने त्यो एउटा शब्दले सुभद्राको मन फेरि तरङ्गित बनायो । उनको अनुहारमा ममताको हल्का मुस्कान फैलियो । उनले शंकरको निधारमा हात फेरिन् । त्यस स्पर्शमा जन्म दिने आमाको होइन, तर हृदयले जन्माएको आमाको न्यानोपन थियो ।

शंकर दशरथको एक्लो छोरो थियो । ऊ करिब सात-आठ वर्षको हुँदा नै उसकी आमाले संसार छोडेकी थिइन् । त्यसपछि घरमा आमाको न्यानोपन कहिल्यै फर्किएन । घर बनाउने ठेक्कापट्टाको काम गर्ने दशरथ प्रायः गाउँबाहिरै व्यस्त रहन्थे । छोरालाई विद्यालयमा भर्ना त गरिदिएका थिए तर उसको मन बुझ्ने फुर्सद उनीसँग थिएन । आमाको माया गुमाएको र बाबुको साथसमेत कम पाएको शंकर बिस्तारै एक्लोपनभित्र डुब्न थाल्यो । विद्यालय उसको लागि पढ्ने ठाउँभन्दा समय बिताउने ठाउँजस्तो मात्र बन्न पुग्यो । उमेर बढ्दै जाँदा उसको मनभित्र रिक्तता, अभाव र मौन पीडाले पनि विस्तारै जरा गाड्न थाल्यो । समयसँगै शंकरको बालमनमा अभावका घाउहरू अझ गहिरिँदै गए । दशरथ आफ्नै काममा यति व्यस्त रहन्थे कि छोराको मनभित्र चलिरहेको आँधी महसुस गर्ने फुर्सद उनीसँग कहिल्यै भएन । कहिलेकाहीँ मात्र घर फर्कँदा पनि उनी केही दिन बसेर फेरि कामकै सिलसिलामा बाहिर निस्किहाल्थे ।

एक दिन घरबाट निस्कँदै दशरथले सहजै भने, "ल, म अब पन्ध्र-बिस दिन फर्कन्न होला ।" शंकर केही क्षण मौन रह्यो । त्यसपछि बिस्तारै बाबुतिर हेर्दै भन्यो, "बुबा ! केही पैसा दिनुहोस् न ।" दशरथ झर्किँदै बोले, "खालि पैसा, पैसा ! जति दिए पनि पुग्दैन । काम गर्ने होइन, दिनभरि डुल्दै हिँड्ने !" उनका ती कठोर शब्दहरूले शंकरको मन फेरि एकपटक चिरियो । केही बेरपछि दशरथको मुखबाट अर्को वाक्य निस्कियो, "तँ त मेरो लागि बोझ नै भइस् ।"

शंकरले कुनै प्रतिवाद गरेन । ऊ केवल टुलुटुलु बाबुको अनुहार हेर्दै बसिरह्यो । उसका ओठ मौन थिए तर आँखाभित्र असङ्ख्य प्रश्नहरू तैरिरहेका थिए । कहिलेकाहीँ शब्दले

भन्दा मौनताले धेरै ठुलो पीडा बोकेको हुन्छ र त्यस क्षण शंकरको मौनताले त्यही पीडाको कथा सुनाइरहेको थियो। अपनत्वको अभावले शंकरको बालमन बिस्तारै विद्रोही बन्दै गयो। घरमा माया थिएन, बाहिर उसलाई सम्झाउने कोही थिएन । टोल-छिमेकले पनि उसको पीडालाई बुझ्नेभन्दा 'बिग्रेको केटो' भनेर टाढै राख्न थाले । यही उपेक्षाले उसलाई गलत सङ्गततिर धकेल्यो । बिस्तारै चुरोट र रक्सी उसका लागि दुःख बिर्सिने क्षणिक सहारा बन्दै गए । उसले आफूलाई जति सम्हाल्न खोज्यो, परिस्थितिले त्यति नै ओरालोतिर धकेलिरह्यो।

एक दिन छिमेकी काकीले जिस्क्याउने शैलीमा भनिन्, "अरे शंकर ! तेरो बुबाले त अर्की आमा ल्याएर उतै राखेका छन् रे ! हो ?" शंकर केही बोलेन। उसले केवल काकीको अनुहारतिर हेरिरह्यो । त्यो प्रश्नको उत्तरसँग भन्दा पनि त्यसले बल्झाएको घाउसँग ऊ मौन थियो। बिस्तारै टोलका मानिसहरूको नजरमा ऊ 'नसुध्रिने केटो' बनेर चिनिन थाल्यो तर कसैले पनि उसको बिग्रँदो व्यवहारभन्दा पहिले भित्रभित्रै चर्किरहेको एक्लोपन, ममताको अभाव र टुटिरहेको बालमनलाई देख्न सकेन । बाहिरबाट उच्छृङ्खल देखिने शंकरभित्र भने अझै पनि बाबुको एक शब्द माया र आमाको एकपटकको अँगालोको तिर्खा जीवितै थियो । शंकर स्वभावैले उच्छृङ्खल थिएन । परिस्थितिले उसलाई त्यस्तो बनाउँदै लगेको थियो । बाहिरबाट हेर्दा ऊ कुलतमा फसेको एउटा उद्दण्ड केटो देखिन्थ्यो तर उसको मनभित्र भने आमाको माया र बाबुको अपनत्वको अभावले सिर्जिएको गहिरो शून्यता थियो । कहिलेकाहीँ ऊ एक्लै बसेर सोच्थ्यो, "मेरो जीवन किन यस्तो भयो ?" तर त्यो प्रश्नको उत्तर दिने कोही थिएन । बरालिएका साथीहरूको भिडमा हिँड्दा पनि ऊ भित्रभित्रै एक्लो थियो । अनुहारमा न हाँसो थियो, न भविष्यप्रतिको कुनै उत्साह । मनमा थुप्रिएका पीडा बिर्सन उसले रक्सीलाई साथी बनायो तर प्रत्येक नशापछि उसका प्रश्नहरू झन् गहिरिँदै जान्थे । उसको बालमनमा हजारौँ अनुत्तरित जिज्ञासाहरू 'यावत' बनेर घुमिरहन्थे– आखिर आफ्नो भन्ने मानिस भएर पनि किन आफू यति टाढा हुनुपऱ्यो ? यस्तै मानसिक अवस्थामै एक दिन उसले आवश्यकताभन्दा धेरै रक्सी पियो । साँझपख परेको झरीमा डगमगाउँदै हिँडिरहेका उसका पाइला अन्ततः चिप्लिए। केही क्षणमै ऊ सडकको बिचभागमै लड्यो । त्यसपछि उसलाई आफ्नै शरीरको पनि कुनै अनुभूति रहेन । सुभद्राको कोमल स्वरले शंकर बिस्तारै झस्किएर वर्तमानमा फर्कियो । केही क्षण उसले मौन भएर उनको अनुहारतिर हेरिरह्यो । ती आँखामा उसले वर्षौँदेखि खोजिरहेको मातृत्वको उज्यालो देख्यो। ओठ काँप्दै उसले मन्द स्वरमा भन्यो, "हजुरलाई देख्दा... किन हो, मेरी आमा सम्झिन्छु।"

सुभद्राले केही भनिनन् । केवल उसको चिउँडो हल्कासँग समातेर ममताले हेरिरहिन् । त्यसपछि स्नेहपूर्वक भनिन्, "बाबु ! जीवनमा गल्ती सबैबाट हुन्छ तर गल्तीभन्दा ठुलो कुरा

फेरि उठेर सही बाटो समात्नु हो । तिमी अझै धेरै बिग्रिएका छैनौ । तिम्रा आँखाले नै त्यो भन्छन् ।"

शंकरका आँखा आँसुले टिलपिलाए । उसले पहिलोपटक आफ्नो मनको पीडा कसैसँग लुकाउनुपरेन । शब्दहरू ननिस्किए पनि उसको आँसुले सबै कथा भनिरहेको थियो । सुभद्राले आमाले जस्तै उसको टाउको मुसार्दै भनिन्, "आजदेखि आफूलाई एक्लो नसम्झ, बाबु । कहिलेकाहीँ रगतको सम्बन्धभन्दा मनको सम्बन्ध धेरै बलियो हुन्छ।" ती शब्दहरू शंकरको मनभित्र गहिरोसम्म पसे। धेरै वर्षपछि उसले आफूलाई कसैको आफ्नै मान्छे भएको अनुभूति गरिरहेको थियो।

त्यस दिनपछि शंकर प्रायः सुभद्राको घर पुग्न थाल्यो । कुनै दिन उनीसँग चिया पिउँथ्यो, कुनै दिन घरका साना साना काममा सघाउँथ्यो । सुभद्राले पनि उसलाई कहिल्यै पराइझैँ व्यवहार गरिनन् । उनी कहिले सम्झाउँथिन्, कहिले माया गरेर हौस्याउँथिन्। बिस्तारै शंकरको उग्र स्वभावमा परिवर्तन देखिन थाल्यो। रक्सीको लत कम हुँदै गयो, बरालिएका साथीहरूको सङ्गतबाट पनि ऊ टाढिन खोज्न थाल्यो । उसको अनुहारमा पहिलेजस्तो निराशा होइन, नयाँ जीवनप्रतिको आशाको झिल्को देखिन थालेको थियो । सुभद्राको निस्वार्थ स्नेहले उसलाई पहिलोपटक जीवन अझै सुन्दर बन्नसक्छ भन्ने विश्वास दिलाइरहेको थियो । समय बिस्तारै अघि बढ्दै गयो । सुभद्राको स्नेह र मार्गदर्शनले शंकरको जीवनमा नयाँ उज्यालो फैलिन थाल्यो । पहिले दिनभरि टोलका बरालिएका साथीहरूसँग भौँतारिने ऊ अहिले फुर्सद मिल्नासाथ सुभद्राकहाँ पुग्थ्यो । घरको आँगन सफा गरिदिनु, बजारबाट सामान ल्याइदिनु वा सानातिना काममा सघाउनु अब उसका लागि दायित्वजस्तै बनेको थियो। सुभद्रा पनि उसको हरेक सानो परिवर्तनलाई ममताले नियाल्थिन्। गल्ती हुँदा सम्झाउँथिन्, राम्रो काम गर्दा आमाले झैँ मुस्कुराउँदै हौस्याउँथिन् । त्यो निःस्वार्थ माया र विश्वासले शंकरको आत्मविश्वास बिस्तारै फर्किन थाल्यो । धेरै वर्षपछि उसले जीवनलाई नयाँदृष्टिले हेर्न सिक्दै थियो। उसको परिवर्तन देखेर टोल-छिमेकका मानिसहरू पनि आश्चर्यचकित पर्नथाले । जसलाई हिजोसम्म 'नसुध्रिने केटो' भनेर हेपिन्थ्यो, त्यही शंकरमा आएको सकारात्मक परिवर्तनले उनीहरूको धारणा विस्तारै बदलिन थालेको थियो।

एक दिन दशरथ कामबाट घर फर्किरहेका थिए। टोलको मोडमै उनको शंकरसँग जम्काभेट भयो । पहिलेझैँ लट्ठिएको, अस्तव्यस्त देखिने छोरो होइन, आज उनीसामु शान्त र संयम शंकर उभिएको थियो । उसले सम्मानपूर्वक निहुरिँदै भन्यो, "ढोग बुबा! दशरथ केही क्षण अचम्मित भए । उनले छोराको अनुहार नियाल्दै सोधे, "कहाँबाट आइस् ?"

"सुभद्रा आमाको घरबाट। उहाँको केही काम थियो, सघाएर फर्कँदै छु ।" शंकरको सरल उत्तर सुनेर दशरथका आँखा केहीबेर उसैमा अडिए । धेरै दिनपछि उनले छोराको बोलीमा नम्रता, अनुहारमा शान्ति र व्यवहारमा परिपक्वता देखिरहेका थिए । उनीभित्र कतै

दबिएको पितृत्व एकाएक जागृत भयो। आफ्नै व्यस्तता, उपेक्षा र कठोर व्यवहारले छोरालाई कति टाढा पुऱ्याएछु भन्ने अनुभूतिले उनको मन भारी बन्यो तर त्यो क्षण उनले केही भन्नसकेनन्। केवल शंकरको काँधमा हल्का हात राख्दै मन्द स्वरमा भने, "तँ धेरै बदलिएको रहेछस्, शंकर… यो देखेर मलाई खुसी लाग्यो।" दशरथको त्यो छोटो वाक्य शंकरका लागि वर्षौंदेखि प्रतीक्षा गरेको स्वीकारोक्तिजस्तै थियो। उसले बाबुको अनुहारतिर हेऱ्यो। पहिलोपटक दुबैको आँखामा मौन भएर पनि सम्बन्ध फेरि जोडिन थालेको आभास झल्किरहेको थियो।

त्यस साँझ घर फर्किएपछि दशरथ धेरैबेरसम्म चुपचाप बसिरहे। शंकरमा आएको परिवर्तनले उनको मनमा अनेकौँ सम्झनाहरू एकपछि अर्को गर्दै जाग्नथाले। छोराले आमाको माया गुमाउँदा आफूले बाबुको साथ पनि दिननसकेको सत्यले उनलाई भित्रभित्रै पोलिरहेको थियो। सम्पत्ति कमाउने धुनमा लाग्दा आफ्नै सन्तानको मन रित्तिँदै गएको कुरा उनले आज आएर मात्र स्पष्टसँग बुझे। भोलिपल्ट बिहान उनी सुभद्राको घर पुगे। सुभद्राले आदरपूर्वक बस्न आग्रह गरिन्। केही क्षणसम्म मौन बसेपछि दशरथ भावुक हुँदै भने, "बहिनी ! मैले गर्ननसकेको काम तपाईँले गर्नुभयो। मैले जन्म दिएको छोरोलाई तपाईँले फेरि जीवनतिर फर्काइदिनुभयो। यो उपकार म कहिल्यै बिर्सन सक्दिनँ।"

सुभद्राले हल्का मुस्कुराउँदै टाउको हल्लाइन्। "दाजु ! यसमा उपकार केही छैन। एउटा आमाविहीन छोराले माया खोजेको थियो र सन्तानविहीन एउटी आमाले माया दिन खोजेकी मात्र हुँ। कहिलेकाहीँ मानिसलाई बदल्न ठुला ठुला उपदेश होइन, थोरै अपनत्व नै पर्याप्त हुँदो रहेछ।"

दशरथका आँखा रसाए। उनले पहिलोपटक महसुस गरे–रगतले मात्र होइन, ममताले पनि सम्बन्ध जन्माउँछ। त्यस दिनपछि शंकर फेरि पुरानो बाटोमा फर्किएन। सुभद्राको ममताले उसलाई एउटी आमाको न्यानोपन मात्र दिएन, आफ्नो जीवनप्रतिको विश्वास पनि फर्काइदियो। दशरथले पनि छोरासँग बिताउन छुटेको समयलाई बिस्तारै माया र अपनत्वले पूरा गर्ने प्रयास गर्नथाले। टोलका मानिसहरूले पनि शंकरलाई अब 'बिग्रेको केटो' भनेर होइन, जीवनसँग लडेर फेरि उठ्नसकेको युवाको रूपमा हेर्नथाले।

जीवनमा शंकरका प्रश्नहरू सबै समाधान भएका थिएनन्। आमाको अभाव, बाल्यकालको पीडा र विगतका घाउहरू अझै स्मृतिमा जीवित थिए तर ती पीडालाई जित्ने साहस भने उसले पाइसकेको थियो। उसले बुझेको थियो–मानिसलाई जन्म दिने सम्बन्धभन्दा जीवन बदलिदिने सम्बन्ध अझ ठुलो हुन सक्छ।

सायद जीवन यस्तै हो। प्रत्येक मानिसको मनमा केही 'यावत' प्रश्नहरू सधैँ बाँकी रहन्छन्। ती सबै प्रश्नको उत्तर शब्दले दिँदैन; कहिलेकाहीँ एउटा स्नेहिल स्पर्श, एउटा ममतामयी अँगालो र निस्वार्थ अपनत्व नै तिनको उत्तर बनिदिन्छ। अस्तु।

*पनौती, बनेपा।*

❑ लघुकथा

# छानो एउटै थियो



❖ **म्यामराज राई**

गाउँको बिचमा एउटा पुरानो चौतारो थियो । त्यही चौतारोमा मानिसहरू दुःख-सुख साट्थे, मेलमिलापका निर्णय गर्थे तर समयसँगै घरहरू अग्लिए, मनका आँगन साँघुरिँदै गए । जात, धर्म र पहिचानका नाममा शब्दहरू चर्किन थाले; सम्बन्धहरू मौन हुन थाले !

एक दिन चौतारोमै विवाद चुलियो । आरोप-प्रत्यारोपका बिच गाउँका ज्येष्ठ देवबहादुर बिस्तारै उठे । उनले केही उपदेश दिएनन् । केवल चौतारोको छेउमा फुलेको एउटा जङ्गली फूल टिपे र भने, "यसले कहिल्यै घामलाई सोधेन 'तिमी कुन धर्मका हौ ?' हावालाई सोधेन 'तिमी कुन जातका हौ ?' प्रकृतिले भेद गर्दैन, भेद त हामीले सिर्जना गर्छौं ।"

चौतारो एकाएक निस्तब्ध भयो ।


केही दिनपछि मध्यरातमा एउटा घरमा भीषण आगलागी भयो । आगोले घर निलेको थियो । सबै आत्तिए । त्यही वेला सबैभन्दा पहिले ज्यानको पर्वाह नगरी आगोभित्र पसेको युवक रहमान थियो; उही जसको आस्थामाथि केही दिनअघि चौतारोमा प्रश्न उठाइएको थियो । केही क्षणमै उसले भित्र रहेका वृद्ध र बालिकालाई सुरक्षित बाहिर ल्यायो ।

भोलिपल्ट चौतारो फेरि भरियो । यसपटक बहस थिएन, केवल लज्जाले झुकेका अनुहार र कृतज्ञताले भरिएका आँखा थिए ! देवबहादुरले शान्त स्वरमा भने, "हिजो हामीले उसको नाम, जात र धर्म खोज्यौँ । आज सङ्कटले उसको मन देखाइदियो !"

त्यस दिनदेखि चौतारोको ढुङ्गामा एउटा वाक्य कुँदियो, "पहिचानले मानिस चिनिन्छ, मानवताले समाज बाँच्छ । घरका कोठा फरक हुनसक्छन् तर छानो सधैँ एउटै हुन्छ ।"

*धरान -१२, पार्वती लाइन, सुनसरी ।*

**हार्दिक श्रद्धाञ्जली**



**नगेन्द्रराज शर्मा**


**जन्म** : २२ चैत १९९४

**निधन** : ३१ असार २०८३

**कीर्तिशेष स्रष्टाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ ।**

**शब्द-संयोजन परिवार**

❑ कविता



❖ डा. गोविन्दप्रसाद आचार्य

# विकसित स्याल !

मुर्रा हुन् कि जर्सी हुन् विकसित स्याल हुन्
दुध, मासुलाई नहुने विकसित स्याल हुन्
मान्छेजस्तै आरामले सहरमा बस्या छन्
छुचो मुखले बोलेर सञ्चारमा कराउँछन् ।

विकासले स्याललाई मान्छेजस्तै बनायो
आश्चर्य त स्याललले सहरमा घर बनायो
जिउडाल मान्छेको लुगा पनि मान्छेको
एउटा पऱ्यो पुरानो छुचो मुख स्यालको ।

किन होला मान्छेले स्याल विकसित गरेको
विकसित स्याललले भ्रष्टाचार गरेको
बाठो स्यालका कथाहरू सुन्ने भन्ने गरेको
चकित पाऱ्यो बाठो स्याललले भ्रष्टाचार गरेको ।

बाठो स्यालको चलाखी सुकुम्बासी जग्गामा
भ्रष्टाचारको धनको थुप्रो बालुवाटारको जग्गामा
घामपानीमा ओत लागेको पाटीमाथि प्रहार
देश चोरेर खाको बानी स्यालको विचार !

स्याल असफल हुनै हुन्न कुखुरा चोर्ने बानी छ
मै हुँ भन्ने तुजुक उसको हुइयाँ गर्ने बानी छ
विकसित स्याललाई हेर अरबपति बन्या छ
अरबपति स्याललले घोर्ले बैंश भिक्या छ ।

नगर्नु भूल भयो मान्छे स्याल बिकसित गरेर
मान्छेलाई नै नटेर्ने भो अरबपति बनेर
नीतिनियम मान्दैन धैर्य गर्न जान्दैन
विकसित स्यालमा पुरानो गुण गएन ।

कुखुरा चोर्ने बानीले अरबपति बनायो
स्याल विकसित भयो तर चोर्ने बानी बनायो
अरबपति स्याललले बनाउँछ कि बिगार्छ
धैर्य गर्न जान्दैन बाठो बन्छ फुइँ गर्छ ।


विकसित स्याललाई अरबपति अवसर
पाटी बन्ला पौवा बन्ला स्यालको आशा नगर
रन्थनाहट छुटेर रन्थनाउनुपरेको
खाने बानी नशा लाग्यो र त गनगन गरेको ।

टुप्पोमाथि बसेर फेद काटेको सुन्न पाऊँ
उम्लिएको घिउ तर पोखिएको सुन्न पाऊँ
बाठो स्याललले आफ्नै जिउमा आगो झोस्ला नराम्रो
ठाउँमा खुट्टा टेकेको छ सुन्न पाए झन् राम्रो ।

अडानको बाघले घाँस भोकमा खाँदो रैनछ
अनुशासन नमान्ने स्याल ढुन्मुनाई ढल्ने छ
आरोपका आराले रोप्ने कलालाई स्याललले
आफ्नै छाती ताकेर हान्ला गोली स्याललले ।

❑ लघुकथा

# गोपीलालको छिमेकी




❖ पद्मप्रसाद शर्मा

श्यामसुन्दर समाजमा प्रतिष्ठित व्यक्ति हुन् । उनले गाउँटोलमा परिआएको गर्जो टार्नेदेखि लिएर सारोगारो परेको समयमा निकै सघाउँछन् । उनको साथसहयोग देखेर कसैले कुनै स्वार्थले सघाएको होला भनेर सोच्ने गर्दछन् । जसले अरूलाई सानो साथ र सहयोग गर्न जान्दैन त्यस्ता व्यक्तिहरूले श्यामसुन्दरको सहयोगमा स्वार्थ देख्ने गर्छन् । उनको सेवा केवल मानवसेवा मात्र हो ।

एक दिनको कुरो हो, श्यमासुन्दरका सहोदर दाजु गोपीलालको छोराले आफ्नै छिमेकीसँग श्यामसुन्दरका बारेमा कुरा काटेछ । छिमेकी जसले यसअघि निकैपटक श्यामसुन्दरबाट साथ र सहयोग पाएका थिए तिनैले उनका वारेमा कुनै शङ्का नगर्न आग्रह गरे । छिमेकीलाई गोपीलालको छोराले शङ्का गरेको देखेर आश्चर्य लाग्यो । जसले जीवनभर निःस्वार्थरूपले जोकसैलाई साथसहयोग गर्दै आएको छ, उसैको सेवामा शङ्का गर्नेहरू पनि यो संसारमा हुँदा रहेछन् ! गोपीलालको छोराले आफूले कसैलाई कौडीबरावरको सहयोगसमेत गर्दैन । उल्टो अरूले गरेको सहयोगमा शङ्का गर्छ । एक दिन छिमेकीले गोपीलाललाई उनको छोराले गरेको शङ्काका बारेमा कुरा सुनाए । गोपीलालले भने, "उसले आफ्नै बाबुआमाप्रति त विश्वास गर्दैन, कति खुराफात कुरा गर्छ अझ टाढाको मानिसका कुरा ?" गोपीलालले थपे, "यो दुनियाँमा भएका धेरैजसो मानिस भरोसायोग्य हुँदैनन् । बनाउनेभन्दा बिगार्ने धेरै हुन्छन् । बिग्रेको दखेर रमाउनेहरू पनि हुन्छन् । नजिकको नाता पर्ने भनेर मख्ख नपरे पनि हुन्छ कुनै दिन छिमेकीलाई मात्र नभएर आफ्ना सन्ततिले आफ्नै आमाबाबुलाई पनि लात्ता देखाउन सक्छन् ।" गोपीलालले छिमेकीलाई प्रस्ट रूपमा भनिदिए । गोपीलाल उठेर आफ्नो बाटो लागे । छिमेकीले गोपीलाल ओझेल नपरेसम्म उनको पदचाप नियालिरहे ।

**हार्दिक श्रद्धाञ्जली**



**सुशील गौतम**

जन्मः असोज २००२

निधनः २४ साउन २०८३

**कीर्तिशेष स्रष्टाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।**

**शब्द-संयोजन परिवार**



❖ नवराज श्रेष्ठ

# है माया !

भित्तामा मेरो तस्बिर हेरेर
आँसु नझार माया
मैले सपना नराम्रो देखेको छु
विश्वास गर माया
म छिट्टै फर्किन्छु
मैले यहाँ देखेको, भोगेको
सबै समेटेर लामो कथा लेख्छु ।

आमाले ओखती खान बिर्सिनुहोला सम्झाउनू
बाको चस्मा उल्टो भइरहन्छ मिलाइदिनू
नानीबाबुलाई समयमै विद्यालय पठाउनू
है माया !
हुन त यी कुरा मैले भनिरहन पर्दैन
मनै त हो मन मान्दैन ।
कोही कसैले
बैनी ! चिया पिउन जाऊँ भन्लान्
सजग रहनू
भाउजूहरूले फिलिम हेर्न जाऊँ भन्लान्
सचेत रहनू
माइजूहरूले घुम्न, फिर्न जाऊँ भन्लान्
चनाखो रहनू
कोदोमा तोरी मिसाउन सक्छन्
सजिलै तिमीलाई र मलाई छुटाउनसक्छन्
हामीले सरकारलाई दोषी देखिरह्यौं
आखिर सरकारै रैनरहेछ !
हामीले जसलाई सरकार भनिरह्यौं
त्यो त
कमिसनको फन्कोले बाँधेको बँधुवा रैछ !
मान्छे बेचुवा रैछ !
भन्सारमा लुट मच्चाउने
माहासभामा गुट मच्चाउने
रैछ माया !

म छिट्टै फर्किन्छु माया
जसरी गाउँमा युवा अडिदैनन्
त्यसरी नै देशमा पैसा बस्दैन
त्यसैले खाना खेर नफाल
नानीबाबुलाई माया गर्नू
बाआमालाई सम्मान गर्नू
माइतीघर धेरै नजानू
मोबाइलमा झुन्डिनरहनू
शङ्का गर्न सजिलो छ, रिस नपाल्नू ।

म छिट्टै फर्किन्छु माया
नेपालीको आँखामा लागेको पर्दा च्यात्नु छ
देश लुछ्ने
हनुमानको घाँटी समात्नु छ

है माया ...।

*जोगिमारा-७, धादिङ, भारपाङ ।*



❖ पदम दाहाल

# एकैनास छ

देश यही नै हो
हामी उनै हौँ जनता
राणासित तालमेल गर्‍यौँ
पछि पर्न चुकेनौँ हामी
मान्छे उनै हौँ
यहीँ नै छौँ
चाकडी गर्न सधैँ व्यस्त छौँ
अभ्यस्त छौँ आज पनि
छुट्‌तै छुट्‌तैनौँ हामी ।

परिवेश उस्तै उस्तै हो
बस्तीपिच्छे स्वस्ति गर्ने
उस्तै चलन छ
एकैनास छ एकैनास अहिले पनि ।
पञ्चायती कालमा पनि मालामाल गर्ने
बानी परेका मान्छे हामी नै हौँ
थाहै नपाएझैँ गरी
गणतन्त्र अघिपछि
धामीसरह बनिरहेका छौँ हामी !
घरी घरी दल बल फेरबदल
गरिरहेछौँ हामी नै
तिनको शेष अवशेष
बाँकी अझै छ हामीमै
बादलजत्तिकै दल छन् यहाँ
हलालसरह दलाल छौँ यत्रतत्र हामी नै
नीति, थिति, आकृति, प्रवृत्ति
एकैनास छ प्रकृति सर्वत्र ।
लाग्छ कतिपय तामझाममा फरक छ
व्यसन, वासन, सुखासनमा तडकभडक छ
र आश्वासन नयाँ बाँड्ने
दुशासनहरू छन्
जो हरेकपटक फेरिने गर्छन्
तर सोहीमध्येकै हो
अहिले एक अतिरिक्त शासन छ ।

*मादी न.पा. ६, सङ्खुवासभा*
*हाल : लोकन्थली, भक्तपुर ।*

हार्दिक श्रद्धाञ्जली



**डा. देवेन्द्रराज पाण्डे**
**निधन : १ साउन २०८३**

**कीर्तिशेष स्रष्टाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ ।**

**शब्द-संयोजन परिवार**



❖ ध्रुवकुमार सापकोटा

# गर्मी र जीवन

निद खुल्यो मध्ये रातमा
गर्मी, पसिना, छट्पटी
पङ्खालाई मैले अझै तेज पारेँ
पसिना बगिरह्यो तपतपी
गर्मी जस्ताको त्यस्तै
झ्याल खोलेँ
खोलेँ बार्दलीको ढोका
गर्मी टसकोमस भएन
पसिना बगिरह्यो
फ्रिजबाट झिकेँ चिसो दही
एक कचौरा सिनित्त पारेँ
गर्मी अझै सिथिल भएन
जस्ताको त्यस्तै
पसिना बगि नै रह्यो ।

आधा घण्टा बित्यो
गर्मी जस्ताको त्यस्तै
फेरि फ्रिजे खोलेँ
चिसो पेय खन्याएर गिलासमा
घाँटी रसाएँ
एक क्षण शीतल भयो
तर फेरि गर्मी जस्ताको त्यस्तै
सम्झन पुगेछु
विराटनगरको आगो ओकल्ने गर्मी
पसिनाले भिज्दै
त्यो टायरको चप्पल लगाएका
ठेलागाडी तान्ने ती मजदुर
फाटेका जुत्ता लगाएका ती भरिया दाइ
एक मनको भारी बोकेर
सल्लेरी वनको छेउबाट
धनकुटा बजारतिर झर्दै
चाउरी परेको निधारबाट पसिना झार्दै
गर्ने श्रमजीवीहरू ।

सम्झेछु
सोमालिया, तान्जानिया, केन्या आदि
अफ्रिकी देशहरूमा
गर्मीले छटपटाएका
एक थोपा पानीको सपना देखिरहेका
आफूलाई थाम्न नसकी
गाईबस्तुले त्यागेको त्यो मूत्रलाई
आँ गरी थापेका
नरकङ्कालजस्ता रूप भएका
ती गरिबहरूलाई
अनि
सम्झेछु
ती आकाशमा गोता खाइरहेका पन्छीहरू
प्यास खप्न नसकी
फत्रक फत्रक भुइँमा ढलेका
बल्ल गर्मी हराएको महसुस भएछ
अनि फर्किएछु ओछ्यानमा !

*निदरल्याण्ड्स*

# 'प्रणाम सगरमाथा' पढ्दा



❖ पोष चापागाईं

बरिष्ठ नियात्राकार भवानी खतिवडाको २०८१ फागुनमा प्रकाशित चौथो नियात्रासङ्ग्रह 'प्रणाम सगरमाथा' उतिबेरै किनेथैं । पढेथैं । कमेन्ट लेखेथैं। त्यो हराएछ। ग्रिनहिल सा.स.ले आज अन्तरक्रिया गर्ने भनेपछि फेरि सो पुस्तक किनैं । पढैं । नियात्रा लेख्न र पढ्न सजिलो होस् भन्नाखातिर मैले 'नियात्रा लेखन पथ'को अवधारणा बनाएको छु । सो कुरा रचना दुई महिने पु.मा. ०८२ मा प्रकाशित छ। नियात्रामा सूचना, साहित्य, संवेग हुनुपर्छ। अर्को शब्दमा नियात्रा लिफ हो । अर्थात् लिटरेचर । इन्फर मेसन । फ्लुयन्सी भए राम्रो । यस पुस्तकलाई पनि मैले तीन स वा लिफका आँखाले हेरेको छु। एक- सूचना : यस पुस्तकमा सूचना भरमार छ। हिमालका दृश्य। विम्ब, प्रतीक र भोगाइहरू छन् । जस्तै आरोहीले हिमाल आरोहण गर्दा बाटोमा लडेका लासहरूमा टेकेर हिड्नुपर्ने हुन्छ।

- भित्र नदी । माथि जमेको हिउँ । हिँउमा टेक्दै हिड्नुपर्ने । भासिएर खसिहाल्यो भने ? चाँडो नखाए चिसोले भात चामल पल्टिन्छ।
- आलो तरकारीलाई नानीलाई जस्तै बर्को ओढाउनुपर्छ । नत्र जमिहाल्छ । म विशेष गरेर सूचनामा को ? को ? कति ? किन ? कहाँ ? आदि कुरा एक वा अझ कम अनुच्छेदमा खोज्छु। यसो गर्दा पाठक अल्मलिन्न। सूचनासूचक केही वाक्य
- अतिशय ठिहीमा त रुन पनि सजिलो नहुँदो रहेछ। १७१
- दिङ्बोचेमा प्रत्येक वर्ष ४५ दिन आगो बाल्नु पाउँदैन। ९९
- पुमोरी । पुमो-छोरी/री चुचुरो = छोरी चुचुरो
- वेला वेला पसिनाले भिजेको भरियासित जम्काभेट हुन्छ। २५३
- नाम्चेको डाँडामा सुक्त/खोपेका ढुङ्गा/रङ्गीन ध्वजा/भुइँफूल कति कति।
- हिमनदी : वर्षौंदेखि जमेर बसेको हिँउमाथि थुप्रिएको ढुङ्गा/पोखरी/नदी र बगरको साझा विश्राम स्थल रहेछ हिमनदी।
- आरोहण समस्या : धेरै हुन्छन् जस्तै मौसम, हिउँ पहिरो, अक्सिजन, खानेकुरा, मेम्बर बिरामी आदि। १२७
- तरकारीलाई पनि ओढ्ने ओछ्याउनेमै राख्नुपर्ने हो। १२४
- फटाफट खाइहाल्नोस्। ढिलो खाइयो भने सेलाएर तुरुन्तै चामल पल्टिन्छ। १२५
- टाउको दुख्यो भने, वाकवाकी लाग्यो भने, सास फेर्न अप्ठ्यारोजस्तो भयो भने तुरुन्तै तलतिर फर्काउनुपर्छ। १२८
- जोक्पेहरू विनाकारण बिगार गर्दैनन्।
- ढुङ्गा थुपार्छन् बाटोभरि ? (१) बाटो देखाउन (२) परत्रको विश्वासमा।
- पढारमा पुग्यौं। त्यहाँ सिङ्गारी बाख्राजस्ता छिर्बिरे ढुङ्गाको सन्सार छ। १८५

- लुङ्ता-लुङ्ताको रङ जीवनको रङ हो । पञ्चतत्त्व । अर्थात् निलो आकाश । सेतो वायु । रातो आगो । हरियो पानी । पहेँलो पृथ्वी । यस पुस्तकमा मैले साहित्य तीन प्रकारले खोजेको छु शब्द : साहित्य रौद्ररम्यता ४४, क्षतविक्षत ७५, जिजीविषा १८९, हृदयहारी १९८, हृदयरञ्जक २०७, नीरवता २००, शैल देवता २३३ नोर्गे । बाग्गे मानी । अश्रुपुरित १६७, झर्रा शब्द कम छन् । अरू सामान्य छन् । तर भन्नुपर्दा शब्द प्रयोग उच्च छ । वाक्य साहित्य बर्को- बादलको चिसो बर्को मिल्काएर हाँसिदेउन अमादल्बम १९३, लोबुचे- साबुनपानीले मिची मिची धोएजस्तै टकटककाउँदो छ लोबुचे । पुमोरी-घामले नुहाएको पुमोरी सुनको मुकुट पहिरेकी गोरी युवतीजस्तै देखिँदै छ १४५, नर्सरी- यहाँ सृष्टिकर्ताले हिमालको नर्सरी स्थापना गरेका छन् १२२ पुमोरी- आकाशको अग्लाइ छुँदै हाँसिरहेको पुमोरी हिममार्ग- लाग्छ मृत्युको एक हुल यतै कतै छ । २१०, सगरमाथा- सर्वोच्च धुरी सगरमाथाको हाँसो अपूर्व छ ७६ । चुम्बन- हठात चुम्बनबद्ध भए उनीहरू १९, छहरा- मोतीका हारजस्ता छहरा ३३, हिमाल- हिमाल हेर्दा मन थामेर हेर्नुपर्ने रहेछ नत्र पागल भइँने रहेछ ६०, अनुच्छेद साहित्य हिम अनुच्छेद १ पृ १२९ हे प्रकृति, तिम्रो लीला कल्पनातीत होइन त ? जहाँका नदी राति निदाउँछन् । हिमालहरू मध्यरातमा डोजर चलाउँछन् । हिउँका डल्ला फोर्छन् । हिउँका गट्टा खेल्छन् । रोमान्स अनुच्छेद २ पृ १८३ कुरो सुन्दा सुन्दै खाट पनि चुइँचुइँ बज्यो । आवेग र उत्तेजनाका स्वरहरू पनि सुनिए । सहयात्राको रकेट चढेर अन्तरिक्षमा पुगेको बिजयोन्मादको गर्जन र ब्याट्री सकिएपछिको धर्तीमै पछारिएको उच्छ्वास पनि मेरा कानसम्म आइपुगे । हिमयात्रा कस्ट ३ पृ २२० बल्ल ग्लेसियरको अन्तिम ढिस्कोमा पुग्यौँ । हाम्रोसामु भर्खरै पहिरो गएजस्तो अग्लो भिर जुरुक्क उठेको छ । भिरका ढाडमा पेचकिला ठोकिएका छन् । तिनै किलामा जोड्दै तलदेखि माथिसम्म फलामे लठ्ठा टाँगिएको छ । अब यही लठ्ठा समाउँदै उक्लिनुपर्ने रहेछ । देख्दै निराश लाग्ने नाङ्गो र अग्लो भिरमा हिँडेर होइन झुन्डिएर यात्रा गर्नुपर्ने भयो । बाटाको हालत देखेर डराएको मनले भन्यो, 'मेरी आम्मोई नि ! काल खोज्नै पो आइएछ कि क्या हो ! संवेग (फ्लोयन्सी) गन्थन छैन । दिक्क पार्ने दार्शनिक कुरा छैनन् । अँ, कुनै एक पेज पढ्दा हाइ हाइ आएर पुस्तक बन्द गरेँ । नभए पढ्दा दिक्क लाग्दै लागेन । सायद त्यो पेज दर्शन थियो । नियात्राका अरू पुस्तक पढ्दा नियात्राबाहेक अन्य कुरा पनि धेरै पढेको थिएँ । कथा पढेको थिएन । प्रमाण सगरमाथामा लेखिएका दुई अति छोटा मज्जनका लघुकथा थाहै नपाई सुनाउनुभयो । पढ्दापढ्दै मैले सुनेँ । छोटा ती दुई कथा सुनाउने अनुमति माग्छु । लाग्छ ती दुई कथा यस पुस्तकको सार हो । हिमकथा एक लास आरोही सबिन ठकुरीको कथा बेथा पृ २५९ झ्याप्ले कपाल । सगरमाथा चढेर फर्केका । वर्ष १९ । घर सिन्धुपाल्चोक । सबिन भन्छन्, सगरमाथा बेसक्याम्पसबाट क्याम एक दुई तीन चारको सङ्गत गर्नै गारो भो । जसरी तसरी १५ मे २०२२ का दिन ३:४५ बजे सगरमाथा चढेँ । गारो

भो। आमाको माया लागिरह्यो। तलमाथि गर्दा सिलिन्डर चोरी भो। खाना सकियो। मागजुग गरेर काम चलाएँ। भोक थाक्यो। मैले जितेँ। सगरमाथाको चुचुरोमा पुगेँ। ८८४९ मिटर उचाइमा पुगेर फिरेको हो यो ज्यान। लासहरूसँग भेट भो। सारेँ। नाघेँ। पन्साएँ। अघि गएँ। हिमकथा दुई चक्लेट आरोही निमा शेर्पाको कथाव्यथा पृ २६६ निमा भन्छिन्। मेरा पति छिरिङ ओङ्चुसमेत १८ जना हिमपहिरोमा परेर मरे। सन २०१४मा। त्यो वेला छोरा ६ वर्ष र छोरी २ वर्षका थिए। म हिमाल चढ्दिन थिएँ। बुडा मरेपछि म अर्धपागलजस्तै भएँ। बस्दाबस्दै एकल महिलाको संस्थासँग आबद्ध भएँ। ट्रेनिङ जान थालेँ। मलाई सगरमाथा चढ्ने धुन चढ्यो। पैसा त मसँग थिएन। सरकारले दिएन। कसैले दियो। कसैले दिएन। २३ मे २०१९ का दिन सगरमाथाको चुचुरी टेकेँ। अनुभव १ एउटै डोरीमा झुन्डिएर हिड्नुपर्ने। (२) दिसापिसाब लाग्दा गारो। (३) मैनाबारी भएमा समस्या। (४) पाला र चक्लेट। (५) यस्तै यस्तै छ।

अन्त्यमा जागिर खाँदाखाँदै। लालावाला छँदाछँदै हन कहाँबाट मेरी बैनी भवानीलाई हिमाल चढ्ने सुर चढेको ! बुझिनँ। टेक्ने न समाउने। बोल्ने न हाँस्ने। न फोन। हन किन गाको ! धन्न परमेश्वरले रक्षा गरेछन्। केही भएन। यति हुँदाहुँदै पनि परिस्कृत छ लेखन। पढ्न थालेपछि छोड्नै मन लाग्दैन। सरस्वतीका वरद पुत्रीहरू थाहै नपाई उच्च साहित्य लेख्छन रे। म फुर्क्याउन चाहन्न। लेखाउन चाहन्छु। अरू लेख्नुस्। संसारमा नियात्रा साहित्यको क्षितिज विशाल छ।

धन्यवाद

*नियात्राकार, ग्रिनहिल सिटी, काठमाडौँ।*

**हार्दिक श्रद्धाञ्जली**



**अर्जुन ज्ञवाली**

**निधन : ११ साउन २०८३**

**कीर्तिशेष स्रष्टाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ।**

**शब्द-संयोजन परिवार**

**हार्दिक श्रद्धाञ्जली**



**नारायणदेवी श्रेष्ठ**

**निधनः १८ साउन २०८३**

**कीर्तिशेष स्रष्टाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ।**

**शब्द-संयोजन परिवार**

# युवा खेलाडी : पाको सन्देश

❖ वासुदेव अधिकारी

सन् २०२६ को विश्वकप फुटबलमा अर्जेन्टिनासँग मैदानमा भिडेको केप भेर्डे (कमै सुनिएको मुलुक)को फुटबलर लोपेज काब्रालले गरेको एउटा तिलस्मी गोल देख्नपाउँदा मन प्रफुल्ल भयो । गोल सर्कुलर खालको थियो । सिप र प्रतिभा अद्भुत ! निद्रा माया मारी हेरेको खेलले मनमा मिठो आनन्द प्रदान गऱ्यो । यस्तो आनन्द कहिलेकाहीँ सघन कविताका चोपिलो पङ्क्ति पढ्दा आउँछ ।

मैले फुटबल बिरलै खेलेको छु । खेलेकै छैन भन्दा पनि हुन्छ । हेरेको छु, लत नबस्ने गरी । रङ्गशालामा कम, टिभीतिर झल्याक् झुलुक । एक समय गाउँमा हुर्किनेलाई न खेलकुदका पूर्वाधार उपलब्ध हुन्थ्यो न संस्कार ! त्यहाँमाथि कृषिकर्ममा जोतिने परिवारमा त्यो सम्भव नै थिएन । सहरमा रहँदाबस्दा विगत धेरै संस्करणदेखि विश्वकप फुटबलका महत्त्वपूर्ण खेल हेरेको छु । हेर्दाहेर्दै नयाँ खेलाडी आउँछन्, पुराना अलप हुँदै जान्छन् । नयाँप्रति विश्वास जाग्छ, पुरानाको सम्झना हुन्छ । कतिको त माया पनि लाग्छ । नयाँ युवाले, नयाँ समूहले पुरानालाई बिदा गर्छन् । मैले हेर्दाहेर्दै चुलिएका र कथामा परिणत भएका अर्जेन्टिनाका विलक्षण फुटबलर थिए डिएगो म्याराडोना । अर्जेन्टिनाकै ग्राबियल बाटिस्टुटा उनको कुमकुम थिए । खेलको अतिरिक्त म्याराडोनाको साहस र सामाजिक चेतको बारेमा मनग्य चर्चा हुन्थ्यो । उनको सामाजिक रुझान स्वागतयोग्य थियो । संसारभर उनका गनिनसक्नु फ्यान थिए । अति ऊर्जावान् म्याराडोना कैयौँ सन्दर्भमा उपद्रवी र सन्की भएको समाचार आउँथ्यो । समकालीन विश्वमा उम्दा खेलाडी बारबारको चर्चा र मनितो अरूलाई छैन । खेलका पारखी सिनियरहरूलाई अझ पुराना खेलाडीको यश तथा कीर्ति थाहा छ ।

युरोपका इङ्ल्यान्ड, इटाली, स्पेनबाहेक दक्षिण अमेरिकाका ब्राजिल, अर्जेन्टिना तथा उरुग्वे विश्वकप फुटबलका च्याम्पियन मुलुक हुन् । फुटबल युरोपमै हुर्किएको खेल हो तर दक्षिण अमेरिकी देश अनौठो तबरले अघि छन् । केही वर्षअघिसम्म ब्राजिल सबैभन्दा अगाडि । यस खेलको उत्कर्षमा युरोपको औद्योगिक विकास, ग्लोबल अर्थतन्त्र तथा उदीयमान नयाँ नयाँ कर्पोरेसनको पनि हात छ । तिनले विज्ञापनबापत मनग्य पैसा खर्च गर्छन् । आयोजकको खल्ती भरिएपछि खेलाडीले उचित पारिश्रमिक पाउने नै भए । यस्ता खेलमा मिहिनेत गर्ने टिम र खेलाडी प्रतिस्पर्धामा अघि आउँछन् । मलाई म्याराडोना पछि उदाएका दक्षिण अमेरिकी मुलुक अर्जेनटिनाका मेस्सी मन पर्नथालेको धेरै वर्ष भयो । उनी सिपालु पनि, भलादमी पनि देखिन्छन् । सामान्यतया खेलमा झेल हुन्छ । झेल्ला गरी खेल्ने, प्रतिस्पर्धीलाई अवाञ्छित तबरले लडाउने प्रतिस्पर्धी खेलाडी नै हुन्छन् । निष्पक्ष हुनुपर्ने रेफ्रीहरूमध्ये कोही कोही सानाठुला पक्षपातमा सामेल हुन्छन् । तथापि मेस्सी निकै सौम्य लाग्छन् । उनका अलावा कतिपय कोणबाट झन् तेजिला र फुर्तिला छन्

रोनाल्डो, एमबाप्पे, ह्यारी केन, हाल्यान्ड, नेमार, बेकहम आदि आदि। तथापि धेरैलाई समग्रतामा मेस्सी अब्बल लाग्छन् । 'शब्द-संयोजन'को सम्पादकीयमा मैले पहिला पनि मेस्सीका बारेमा लेखेँ, गोल्डेन बुट पाएर पनि टिम हारेको कारण खुसी हुननसकेको वेला । अघिल्लोपटकको फिफा विश्वकपमा गोल्डेन बुट तेजिला खेलाडी फ्रान्सका एमबाप्पेले लगे तर आफ्नो अगुवाइमा टिमले विजय हासिल गर्दा खुसी थिए मेस्सी। यसपालि अन्तिम खेलमा दुई गोल थप गरी गोल्डेन बुट दोस्रोपटक एमबाप्पेले नै लगे। मेस्सी टिम र गोल्डेन बुट दुबैमा रोल नं.२ मा बसे। समूहकार्यमा अब्बल स्पेनले फाइनलमा उनलाई गोल गर्नबाट रोक्यो । तथापि विश्व फुटबल महासङ्घले उनैलाई उत्कृष्ट खेलाडी घोषणा गर्‍यो, गर्नुपर्‍यो।

प्रत्येक चार चार वर्षमा फुटबल खेलमा विश्व महोत्सव हुन्छ, विश्वकप आयोजना हुन्छ। सन् १९३० देखि विश्वमा फिफा विश्वकप आयोजना भइआएको छ। सन् २०२६ को खेल २३ औँ आयोजना थियो । सन् १९४२ र ४६ मा विश्वयुद्धको कारण यो खेल स्थगित भएको रहेछ। युरोपले जन्माएको खेल पूरै युरोप युद्धमा होमिएपछि आयोजना गर्ने कुरा पनि भएन। करिब २००० वर्षअघि प्राचीन चीनको हान वंशमा छालाको बल पास गरेर खेल्न सुरुवात भएको खेल ग्रिस तथा रोममा टिमवर्कको हिसाबले बल पास गरेर खेलिँदै मध्यकालीन इङ्गल्यान्डमा फुटबल खेलका रूपमा विकसित र नामाङ्कित भयो । फुटबललाई आधुनिक र औपचारिक खेलमा विकसित गराउने श्रेय सन् १८६३ मा इङ्गल्यान्डमा स्थापना भएको फुटबल एसोसिएसनलाई जान्छ । संसारमा पहिलो अन्तर्राष्ट्रिय खेल सन् १८७२ इङ्ल्यान्ड र स्कटल्यान्डका बिचमा भएको थियो । सन् १९३२ मा स्विट्जरल्यान्डमा प्रधान कार्यालय सरेको विश्व फुटबल सङ्घ (फिफा) सन् १९०४ मा फ्रान्सको पेरिसमा स्थापना भएको थियो । इङ्गल्यान्ड स्थापनकालमा सङ्घमा रहेको देखिदैन।

फुटबल होस् कि अरू खेल, खेल अब खेलाडी मात्रको होइन, रहेन। यसमा लगानी, प्रतिफल, व्यापार आदिको चासो बढोत्तरी हुँदै जाँदो छ। शक्तिशाली मुलुक र टिम अरू देशका प्रतिभाशाली खेलाडी किन्न, चोर्न सक्रिय हुन्छन् । विश्वकपलगायतका खेलमा खेलाडी सर्वोत्तम खेल खेल्न समर्पित हुने नै भए। प्रतिस्पर्धी चरणमा पुग्ने मुलुकले आफ्नो शाख जोगाउन हदैसम्म प्रयत्न गर्छन् । संसार त्यसमा झुम्मिन्छ, आयोजक मुलुकलगायतका अर्थतन्त्र अभूतपूर्व रूपमा चलायमान हुन्छ। यस्ता अभियानमा नयाँ खेलाडी देखिँदै जान्छन्, पुरानाहरू हाँस्दै वा रुँदै बिदा हुन्छन्। खेलमा नयाँ नयाँ सिप, ऊर्जा, साहस, रणनीति देखा पर्दै जान्छ। त्यो विश्वले पाएको अमूर्त बौद्धिक सम्पदा हो। यस्ता खेलको वेला व्यक्ति वा राष्ट्रका पुराना इबी केही समयका लागि थाती बस्छन्। विश्वका धेरै नागरिक खेलको चुम्बकमा लट्ठिन पुग्छन् । खेलमा खेलाडी मात्र होइन दर्शक वा शुभेच्छुक पनि त्यत्तिकै जोसिन्छन् । सँगै वा परका दर्शक शुभेच्छुक अड्कलबाजी र बाजीमा लपेटिन्छन् । यही मौकामा यदाकदा वित्तीय अपराधीहरूले मैलो सम्पत्तिलाई सुकिलोमा परिणत गर्ने चेष्टा गर्छन् । ग्लोबल अर्थतन्त्र अनेक कोणबाट तरङ्गित हुन्छ । खेलतर्फ, विभिन्न चरणको

प्रतिस्पर्धा र कठिनाइ पार गरी उत्कृष्ट टोलीले विजयको ताज हासिल गर्छ । फिफा विश्वकपबाहेक सिङ्गो विश्वको ध्यान तान्ने साझा विषय अहिलेसम्म अरू छैन ।

सबैजसो खेलमा खेलाडीको शक्ति, सिप, सौर्य र मनोविज्ञान प्रदर्शित भएकै हुन्छ । लोभ र कुटिलता कहाँ पो छैन र ? यदाकदा म्याच फिक्सिङ हुन्छ । खेलमा युवाकै वर्चस्व हुनु स्वाभाविक हो । उमेर बढ्दै जाँदा खेलाडीको पावर घट्दै जान्छ । कोचभित्र रणनीतिको माध्यमबाट खेलमा देखिन्छन्, खेलाडी अग्र पङ्क्तिमा । फुटबल खेलमा अहिलेका सुपरस्टार खेलाडीहरू हिजो प्रदर्शित सिप र सामर्थ्यका कारण चर्चित भएका हुन् । तिनलाई साथ दिने मिडफिल्डरलगायतको टिम हो । तिनले पाएसम्म आफ्नै देशको झन्डा बोक्छन्, अन्यथा अरू देशको टिममा सामेल भई खेल्छन् । खेलमा व्यक्तिगत सामर्थ्य र टिमको सामूहिक सामर्थ्य दुबै प्रदर्शित हुन्छ । एउटासँग राम्रो खेल्ने कुनै टिम अर्को खेलमा राम्रो जँचिन सक्दैन । एउटासँग अवलम्बन गरिएको रणनीति अर्कोसँग फेल खान सक्छ । फलतः एउटा राम्रो टोली अर्को रणनीतिक टोलीसँगको सामनामा छिटै बिदाइ हुनपुग्छ ।

हामी परका सामान्य दर्शक । अहिले प्रविधिले दूरमा रहेर पनि खेल हेर्न सहज बनाएको छ । भव्य रङ्गशाला, तिनको सजावट, अन्य दर्शकका हाउभाउ अवलोकन गर्दै केन्द्रमा हुने रोमाञ्चक खेलमा उपस्थित भई हेर्दा भव्य हुने नै भयो । रङ्गशालाको चमकधमक हेर्दा यो खेलभन्दा बढी उद्योग हो, व्यवसाय होजस्तो देखिन्छ । हो पनि । पैसा कमाउने विशिष्ट उद्यम । यसपटक त आयोजक देश नै तीनवटा - अमेरिका, क्यानडा र मेक्सिको । यसको कुल खर्च र आम्दानी धेरै अर्ब डलरको छ । आयोजक मुलुकका लागि यसको आर्थिक योगदान निकै धेरै छ । यसपटक फिफा स्वयम्ले पनि ११ अर्ब अमेरिकी डलर प्राप्त हुने अपेक्षा गरेकोमा १६ अर्बजति नै हात पारेको छ । आयोजक तीनै देशका गार्हस्थ उत्पादनमा बढोत्तरी भएको छ । यस्ता अवसरमा संसारमा डाटा र विज्ञापित वस्तु तथा सेवाको किनबेच कति हो कति ? त्यो घर घर छिरेको छ, मन मन पसेको छ ।

विश्वकप फुटबलजस्ता खेलमा सहभागी र अघि बढ्ने टोली विकासशील र सामान्य हैसियतका देश पनि हुनसक्छन् । प्रतिस्पर्धामा ठुलो आर्थिक हैसियत भएका मुलुकले नै जित्छ भन्ने केही छैन । यमालजस्ता नयाँ खेलाडी देखिने यो अपूर्व अवसर हो । आजका सुपरस्टारहरू पनि हिजो त्यही प्रकृयाबाट चर्चामा आएका हुन् । सामान्यतया खेलमा राजनीति हुँदैन भनिन्छ तर हुन्छ, भइरहन्छ । ठुला देशका दम्भी शासकले आफ्नोपन देखाइहाल्छन् । यसपटक आयोजक देशको राष्ट्रप्रमुखले रेडकार्ड पाएका खेलाडीलाई दबाब दिएरै निषिद्ध खेलमा खेलाएरै छाडे । रेडकार्ड पाएको खेलाडीले कार्ड पाएलगत्तैको खेल खेलेको देखेर संसार लजायो । आयोजक मुलुक अमेरिकाले कतिपय देशका खेलाडीलाई भिसा तथा इमिग्रेसनमा झमेला सिर्जना गरी अपमानित गरेको खबर पनि आयो । कैयौँ देशका फुटबल एसोसिएसनलाई जानी जानी मुद्दा लगाइयो । विश्व फिफा विश्वकपको अन्तिम चरणमा ध्यानस्त भएको वेला इरान अमेरिकी आक्रमणले आहत भइरहेको थियो । अमेरिकी सुप्रिमो इरानमा बमबारीको आदेश दिई पदक

वितरणका लागि सायद केही मिनेट ढिला आइपुगेका थिए ! फुटबल र मानवताविरोधी खेल सँगसँगै ? निष्कपटता र क्रूरता सँगैसँगै ? एउटै मञ्चमा ? दुबै पुरस्कार लिने-दिने ठाउँमा ? यो परिदृश्यले बुझ्ने मनलाई मजाले चिमोट्यो। मलाई फाइनल खेलताका प्यालेस्टाइनीहरूले स्पेनी टिमको जितका लागि सडकमा गरेको सामूहिक प्रार्थना र साङ्गीतिक प्रदर्शन निकै महनीय लागेको थियो। यसको गहिरो अर्थ छ।


फुटबल खेल समूहकार्यको अब्बल नमुना हो । यसमा व्यक्तिगत प्रतिभा तथा टिमको सामूहिक व्यक्तित्व प्रतिविम्बित हुन्छ । हामी दर्शकहरू रेफ्रीको कुदाइ देखेर मोहित हुन्छौँ। अहिले प्रविधिले तिनलाई निर्णय गर्न सहज बनाए पनि रेफ्रीहरू खेलाडीसँगै नकुदी सुख्खै छैन । म चाहिँ गोलकिपरको प्रतिरोधी भूमिकाबाट प्रभावित छु। दश दशजना खेलाडीको गोलप्रयत्न एकजना गोलकिपरले रोक्नुपर्ने ! त्यो चानचुने जिम्मेवारी होइन। गोल रोक्नु भनेको गोल हान्नुबराबरकै कार्य हो । यसमा अब्बल हुने टिमले बाजी मार्छ। स्पेनले यसपटक कुल खेलमा एक मात्र गोल खानु, खेलाडी खासै सुपरस्टारजस्तो नदेखिए पनि समूहकार्यकै कारण विजय हासिल गर्नु कम कल्पना गरिएको यथार्थ हो । यसको जति प्रशंसा गरे पनि पुग्दैन। यो विशिष्ट पक्ष नै यसपटकको स्पेनको मूल्य हो, रणनीति हो । यसलाई राजनीति र सामाजिक क्षेत्रले पनि अवलम्बन गर्नसक्छ। गोल हान्नु उद्देश्य प्राप्त गर्नु हो, यसलाई मिलेरै गर्नसकिन्छ। गोल रोक्नु उत्तिकै महत्त्वपूर्ण कार्य हो । त्यसलाई सामूहिकतबरबाटै रोक्न सकिन्छ । गोलकिपर थप समर्थवान् हुनुपर्छ । स्पेन यस हिसाबले नयाँ इतिहास रच्ने, नयाँ रणनीति तर्जुमा गर्ने मुलुक/टिम हो। विश्वमा अद्यापि कायम रङ्गभेद तथा जातिभेदलाई यस्ता खेलमा देखिने प्रतिभाले औचित्यहीन प्रमाणित गरिरहन्छन् । यसपटक पनि गरेका छन्।

खेल साहस, सिप, उत्साह, रणनीति र दर्शक वा शुभेच्छुकका सद्भाव आदिको समग्रता हो। यसमा उत्साह र अत्यास दुबै प्रकट हुन्छ। उत्साहले खेलाडीलाई विजयतर्फ पुऱ्याउँछ भने अत्यासले पराजयतर्फ । आवश्यक रणनीति र सन्तुलनकारी मनोभावले खेल खेल्ने विषय चाहिँ सर्वाधिक महत्त्वको हुन्छ । यसपटक पनि त्यस्तो भएको छ। खेलको जितहारमा फ्यानको न्यानोपनले कति काम गर्छ ? फ्यान धेरै कमाउनेहरू आफ्नो हारबाट कत्तिको विचलित हुन्छन् ? यस्ता प्रश्न भेट भएको वेलामा खेलाडीसँग गर्न मन लाग्छ।

विश्वकप फुटबलमा जस्तै लामिने यमाल तथा उनइ सिमन्स समाजका सबै क्षेत्रमा आउँछन्, उदाउँछन् । हामीले तिनलाई चिन्छौँ ? यथोचित भूमिका प्रदान गरी तिनलाई विकसित हुने वातावरण बनाउँछौँ ? हामी आफूआबद्ध जिम्मेवारीमा कत्तिको फिट छौँ ? इमान र व्यवस्थापनमा हामी कति खारिएका छौँ ? फाइनल खेल समापनपश्चात् यमालले मेस्सीलाई आदर गरेतुल्य हामी इतिहासका निर्मातालाई आदर गर्नसक्छौँ ? गरिरहेका छौँ ? युवावयका खेलाडीले खेल मात्र खेलेका होइनन् पाकावयका हामीलाई धेरै कुरा सिकाएका छन्। निद्रा माया मारी मारी हेरेको विश्वकपको परिदृश्यले यमाल उदाएर पनि मेस्सीले आदर पाएको, एमबाप्पेले गोल्डेन बुट र उनइ सिमन्सले गोल्डेन ग्लोब पाएको सुखद स्मृति हृदयमा टाँस गरी गएको छ।

❑ कृति परिचय

# डा. दामोदर पुडासैनीको आँसुले लेखिएको कृति – कालो आँधी बजारमा




प्रसिद्ध लेखक एवम् कवि डा.दामोदर पुडासैनी 'किशोर'द्वारा लिखित अस्तित्ववादी मनालाप कृति– कालो आँधी बजारमा आएको छ।

शारीरिकरुपमा अत्यन्त स्वस्थ, हृष्टपुष्ट, सधैँ हँसिला र सधैं रसिला डा. पुडासैनीलाई एक्कासि नेजोफेरेन्जियल कार्सिनोमा नामको क्यान्सरले आक्रमण गऱ्यो । क्यान्सर डायग्नोसिस हुने बित्तिकै पुडासैनीले रेडियोथेरापी, किमोथेरापी र अरु धेरै औषधिहरू लिन त सुरु गर्नुभयो तर तिनै थेरापीहरू र औषधिहरूको असरले उहाँको शरीर घाउ नै घाउको जीर्ण पोको बन्यो । कपाल दाह्री र शरीरको पूरै रौं झऱ्यो। आवाज बन्द भयो। सबै किसिमको स्वाद पूर्णतः हरायो । खान, पानी निल्न असाध्यै गाह्रो भयो । उपचारकै क्रममा चौध किलो तौल घट्यो। टोटल ब्लड काउन्ट, सुगर, नुन, प्रेसर सबै घटेर वेला वेलामा मृतप्रायः बनायो । बाँच्ने सम्भावना अत्यन्त क्षीण हुँदाहुँदै पनि डा.पुडासैनीले विज्ञानले गरेको प्रगतिमाथि भरोसा गर्नुभयो र मृत्युलाई जित्ने आत्मविश्वास जगाउनुभयो । डा.पुडासैनीले मृत्युसँग लड्नुमात्र भएन आफ्ना ताता अनुभव र अनुभूतिहरू सँगालेर त्यसैवेला एउटा अस्तित्ववादी मनालाप कृति लेख्नुभयो– कालो आँधी शीर्षकमा । मृत्युविरुद्ध लडाइँ र जीवनप्रतिको आशाको मधुर धुन गुञ्जिरहेको यो कृतिलाई प्रसिद्ध प्रकाशन संस्था रत्न पुस्तक भण्डारले भर्खरै प्रकाशमा ल्याएको छ।

कालो आँधीको भूमिका प्रसिद्ध समालोचक एवम् कवि प्रा.डा.नेत्र एटमले लेख्नुभएको छ। उहाँ लेख्नुहुन्छ-

'डा. दामोदरको कालो आँधी सुनाउन लेखिएको होइन, अनुभूत गराउन रचिएको हो । यो छटपटीको वेला वा मनस्तापले ग्रस्त अर्धबेहोसी अवधिमा प्रकटित अभिव्यञ्जना हो । कालो आँधीमा दामोदर पुडासैनी 'किशोर'ले क्यान्सरको निकट पुगेर फर्केको अवधिमा जीवनलाई गहन पुनराबलोकन गरेका छन्, कसले के भन्ला भन्ने कुरालाई बालै नदिई आफ्ना चिन्तन, चिन्ता, विचार र भावनालाई लगभग 'मृत्युनिकटको सङ्कल्पना (डाइङ डिक्लेरेसन)कै रुपमा शाब्दिक प्रदर्शन गरेका छन् । यसले उनको परिवार, आफन्त, पाठक तथा उनी बाँचेको समाजको फलकलाई नै कतिपय कुरामा सोच्न र पुनर्विचार गर्न बाध्य बनाएको छ । यस कृतिमा डा. पुडासैनीले जीवनप्रेम मात्र होइन शक्ति र न्यायसम्बन्धी परिभाषासमेत बदलेका पाइन्छ। यसका कारण कालो आँधी मनालापमा अन्तर्वस्तुको विकास सुन्दर रुपमा भएको छ। साहित्यिक मनालापका प्रमुख रणनीति- निर्वाध आत्माभिव्यक्ति,

आलोचनात्मक चिन्तन र अनुभूतिको भाषिक सामर्थ्य जस्ता तीनै पक्षमा डा. दामोदर पुडासैनी 'किशोर'ले यस कृतिमा ठुलो सफलता हाँसिल गरेका छन् । मनालापमा देखिएको फरक चिन्तनले लेखक दामोदर पुडासैनीलाई सामाजिक इञ्जिनियरको सुनिश्चित प्रतिष्ठा प्रदान गर्छ ।'

कालो आँधीको प्रकाशन संस्था रत्न पुस्तक भण्डारले आफ्नो प्रकाशकीयमा लेखेको छ– ' कालो आँधी जीवनसङ्घर्षको सुन्दर अभिलेख हो । अत्यन्त डरलाग्दा र गहिरा घाउहरू भोग्दाको ताजा बयान हो । पीडा र अभावको विरुद्ध सङ्घर्ष गर्दै जीवनलाई वैभवशाली बनाउने प्रयत्नको कथा हो । जीवनलाई नयाँ पाटोतर्फ मोड्न तत्पर सङ्घर्षको साहसी कथा हो यो । यो कृति अत्यासलाग्दो रोगविरुद्ध डटेर लड्ने हिम्मतको हतियार मात्र होइन, नेपाली समाज र संस्कारलाई उदाङ्गो उधिनेर नवीन दृष्टिकोणका साथ नवीन मार्गमा मानवजीवनलाई डोऱ्याउने असल मार्गचित्रको संरचना पनि हो । काव्यिक भाषाशैली, कलात्मक प्रवाहको लालित्यता, तथ्यको वेगवान स्पष्टता र भावको मनोहारी वहावको संयोजनका कारण डा. दामोदर पुडासैनी 'किशोर'को यो कृति कालो आँधी बहुसंख्यक पाठकको प्रिय स्थानमा रहनेछ भन्ने हाम्रो विश्वास छ । क्यान्सरको दर्दनाक पीडामा फस्दा पनि ठुलो हिम्मतसाथ लेखिएको यो कृतिले पुडासैनीले भोगेका पीडा मात्र नभई मान्छे, समाज र विश्वलाई फरक दार्शनिक दृष्टिबाट नियालेर फरक मार्गप्रशस्त गर्न सफल कृतिको रुपमा समेत पाठक समक्ष आएको छ ।


आफ्नो पुस्तक कालो आँधीका सम्बन्धमा डा. दामोदर पुडासैनी 'किशोर'ले लेख्नुभएको छ– 'जीवन र मृत्युको लडाइँको मझधारमा बसेर लेखिएको मनको आलाप हो– कालो आँधी । यो जीवन र परिवेश उधिनेर जीवनको मर्म खोतलेको एवम् मान्छे र समाजको मूल्य खोतलिएको अभिलेख पनि हो । यसमा रोगलाई केन्द्रमा राखेर समाज, मान्छे र संसारको दार्शनिक ढङ्गले चिरफार गर्ने प्रयास गरिएको छ । यस कृतिमा मृत्युको घातक पञ्जा पन्छाएर जीवनको गोरेटोमा फर्कंदाका अनुभूति छन्, मान्छेको अस्तित्वमा सामाजिक सान्निध्यले पारेका प्रभावहरू छन् र मृत्युले निकटबाट झस्काइरहेको वेला समाजको सामिप्यता र जीवनको अस्तित्वधारी उत्सवका रङ्गहरू पनि छन् । वास्तवमा यो पीडाको आँसुले लेखेको कृति हो ।'

नेपाली साहित्यमा अस्तित्ववादी मनालाप कृति शून्यप्रायः भएकोमा डा. दामोदर पुडासैनी 'किशोर'को कालो आँधी विधा भञ्जक रुपमा विशेष महत्व बोकेर प्रकाशमा आएको छ ।


कालो आँधी डा.पुडासैनीको एक्काइसौं कृति हो । यस अघि उहाँका एघार कवितासङ्ग्रह, सात नियात्रासङ्ग्रह, एक दर्शनसङ्ग्रह र एक आर्थिक व्यवस्थापन विधाका कृतिहरू प्रकाशित भैसकेका छन् । पुडासैनीका सिमानाका रङ्ग : सिमानाका तरङ्ग र ग्रीष्मको नीलो बतास मदन पुरस्कारको श्रेष्ठ सूचिमा परेका थिए ।

रत्न पुस्तक भण्डारका प्रमुख गोविन्द श्रेष्ठ तथा प्रवन्ध निर्देशक सुरेश श्रेष्ठले डा. दामोदर पुडासैनीको कृति कालो आँधी प्रकाशनको पहिलो दिनमै उल्लेख्य रुपमा बिक्री भएको, अहिले देशका प्रमुख बजारहरूमा उपलब्ध भैसकेको र निकट भविष्यमै स्वदेश तथा विदेशका प्रमुख विक्रेताहरू र पाठकहरू समक्ष पुऱ्याइने जानकारी दिनुभयो ।


# बजारमा कृति




कृति : कालो आँधी
विधा : अस्तित्ववादी मनालाप
लेखक : डा.दामोदर पुडासैनी 'किशोर'
प्रकाशक : रत्न पुस्तक भण्डार, काठमाडौं
मूल्य : रु.६९५।-
प्रकाशन वर्ष : २०८२ माघ




कृति : पुष्पाञ्जली
विधा : खण्डकाव्य
लेखक : लक्ष्मण तिमल्सिना
प्रकाशक : रमेशप्रसाद तिमल्सिना
मूल्य रु.२००।-
प्रकाशन वर्ष : २०८२




कृति : अक्षरैअक्षरमा
विधा : कवितासङ्ग्रह
लेखक : कणाद महर्षि
प्रकाशक : साझा प्रकाशन, ललितपुर।
मूल्य रु.३१०।-
प्रकाशन वर्ष : २०८२




कृति :नरमाया
विधा :शोककाव्य
लेखक :खगेन्द्र दाहाल
प्रकाशक :शुभेच्छ अध्ययन केन्द्रका लागि पारु काफ्ले ।
मूल्य रु.१५०।-
प्रकाशन वर्ष : २०८१

# साहित्य सन्ध्याको ४७८ औं शृङ्खलामा 'साहित्यमा अर्थ-सामाजिक परिदृश्य' विषयमा विशद चर्चा गरिनुका साथै सुमी लोहनीद्वारा अनुसिर्जित 'अष्टावक्र महागीतामृत' कृतिको परिचर्चाका साथ कविगोष्ठीको आयोजना गरियो

२०८३ साउन २ गते अपराह्न १ बजे आर.आर.क्याम्पस, प्रदर्शनीमार्ग, काठमाडौँको सभाकक्षमा साहित्य सन्ध्याको नियमित मासिक ४७८ औँ शृङ्खलामा 'साहित्यमा अर्थ-सामाजिक परिदृश्य' विषयमा विशद चर्चा गरिनुका साथै साहित्यकार सुमी लोहनीद्वारा अनुसिर्जित 'अष्टावक्र महागीतामृत' कृतिको परिचर्चाका साथ कविगोष्ठीको आयोजना गरियो । सन्ध्याका अध्यक्ष राम विनयको अध्यक्षता र सचिव जयन्ती स्पन्दनको सञ्चालनमा सम्पन्न भएको उक्त समारोहमा प्रमुख अतिथिका रूपमा राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष एवम् पूर्वगभर्नर तथा अर्थविद् दीपेन्द्रबहादुर क्षेत्री उपस्थित हुनुहुन्थ्यो भने विशिष्ट अतिथिको रूपमा साहित्य सन्ध्याका सल्लाहकार प्रा.जगत् उपाध्याय 'प्रेक्षित' को उपस्थिति रहेको थियो । अतिथिहरूमा माधव प्रधान, डा.फणीन्द्रराज निरौला, प्राज्ञ नर्मदेश्वरी सत्याल, डा.गोविन्दप्रसाद आचार्य, सुमी लोहनी, डा.कृष्ण सुवेदी, डा.रूपनारायण श्रेष्ठ, गायत्रीकुमार चापागाईँ, कृष्ण बाउसे, ओमप्रसाद कोइराला, महेशराज खरेललगायतको उपस्थिति रहेको थियो ।

दीपेन्द्रबहादुर क्षेत्रीले 'साहित्यमा अर्थ-सामाजिक परिदृश्य' विषयमा विशद चर्चा गर्नुहुँदै साहित्य सन्ध्याको आजको यो समारोहमा उपस्थित भएर सिर्जना सुन्ने र 'साहित्यमा अर्थ-सामाजिक परिदृश्य'जस्तो अत्यन्त समसामयिक विषयमा आफ्ना धारणा राख्ने अवसर मिलेको छ । यथार्थमा जीवनसँग नजोडिएको साहित्य साहित्य हुनसक्तैन ।



इमानका साथ जीवन घोट्ने कुनै पनि व्यक्ति होस् वा बसमा पकेट मार्ने नै किन नहुन् सबै पैसाकै लागि काम गर्छन् । रोजगारीका लागि पराया भूमिमा जीवन घोटिरहेका नेपालीहरू आयआर्जनकै लागि पसिना बगाइरहेका छन् । आयआर्जन जीविकोपार्जनका लागि हुने गर्छ । यद्यपि साहित्य चाहिँ पैसाकै लागि मात्र नभएर आत्मसन्तुष्टिका लागि पनि लेखिन्छ । अर्थोपार्जनलाई मात्र ध्येय बनाउनेहरू राष्ट्रवादी भावनामा कमजोर रहने गरेको देखिएको छ भने साहित्यकारमा राष्ट्रवादी भावना प्रबल रहेको देखिन्छ । अहिले ठुला राशिका पुरस्कारका माध्यमबाट साहित्यकारलाई प्रोत्साहित गर्ने प्रवृत्ति पनि बढेको पाइएको छ ।

आर्थिक पक्षले हेर्दा हाम्रो मुलुक कृषिप्रधान देश हो तर अहिले सेवाक्षेत्र प्रमुख हो भन्नथालिएको छ । उद्योग-व्यवसायले तेस्रो हिस्सा लिने गरेको देखिन्छ । अहिले मुलुकको अर्थतन्त्रमा सङ्कुचन रहेकाले बैङ्कहरूले व्यवसायीले मागेअनुसारको प्रकारको कर्जा प्रवाह नगरिदिएको व्यवसायीको गुनासो देखिन्छ तर बैङ्किङ क्षेत्रमा बचतकर्ताले गरेको बचतको ब्याज २% मा झरेको अवस्थाले बैङ्कप्रतिको बचतकर्ताको विश्वास घट्ने अवस्था देखिएको छ र बचतकर्ताले यति थोरै ब्याज लिएर बैङ्कमा किन पैसा राख्ने भनेर

फिर्ता लिए भने भोलिका दिनमा बैङ्कमा तरलता कसरी कायम हुन्छ ? त्यसैगरी मध्यम वर्गका लागि सरकारले विशेष सहयोग गर्ने भन्ने उद्घोषले निम्नमध्यम वर्ग उपेक्षित हुने र युवापलायनको समस्या झनै बढेर जाने अवस्था देखिएको छ ! महङ्गी ५% भन्दा बढीले बढ्ने तर बचतकर्ताले बैङ्कमा राखेको रकमको ब्याज भने २% मात्र पाउने हो भने नागरिक सोझै घाटामा रहन्छन् र हरेक नेपालीको टाउकोमा रु.९८,०००।- भन्दा बढी ऋणको भार रहेको छ। यो अवस्थाले जनताको जीवनस्तर दिनहुँ कष्टकर हुने सङ्केत देखिएको छ। रोजगारीका अवसर कति हो कति सिर्जना गर्छौं भन्ने सरकारी उद्घोषअनुसार रोजगारी सिर्जना भइहाल्ने अवस्था पनि देखिएको छैन।

साहित्यिक क्षेत्र पनि यो आर्थिक चपेटाबाट मुक्त हुने अवस्था देखिएको छैन । अशक्त साहित्यकार झमक घिमिरेलाई पूर्ववर्ती सरकारले बसोवासको लागि घर नै बनाइदिएर प्रोत्साहित गरेको दृष्टान्त अनुकरणीय छ । वर्तमान एआईजस्ता प्रविधिले साहित्यकारका कृतिको प्रचारप्रसारमा, बजारीकरणमा, समूहीकृत गर्ने कुरामा सहयोग गर्ने अवस्था चाहिँ रहेको छ र त्यसको सदुपयोग गरिनु आवश्यक छ भन्नेसमेतको धारणा राख्नुभएको थियो।

प्रा.जगत्प्रसाद उपाध्याय 'प्रेक्षित'ले सुमी लोहनीद्वारा अनुसिर्जित 'अष्टावक्र महागीतामृत' कृतिको परिचर्चा गर्नुहुँदै साहित्य सन्ध्याले आजको यो समारोहमा दर्शनसँग सम्बन्धित रहेको पौराणिक कृतिका बारेमा परिचर्चा गर्ने कार्यक्रम राखेको छ। दर्शन वा दृष्टिकोणविना जीवन, समाज वा राज्य केही पनि चल्दैन । अष्टावक्र वैदिक वाङ्मयसँग सम्बन्धित पात्र हुन् । यो भूखण्डभित्र थुप्रै विद्वान्हरूको जन्म भएको छ। सिन्धुघाटीको सभ्यताको काललगत्तै ऋग्वेदपछि यजुर्वेदको रचना भएको र जनकको समयकालमा शास्त्रीय बहस यथेष्ट भएको, जनकलाई अष्टावक्रले दिएको आत्मज्ञान नै अष्टावक्र गीता हो । अष्टावक्र गीतालाई अनुसिर्जन गरेर साहित्यकार सुमी लोहनीले यो अनुकरणीय कृति तयार पार्नुभएको छ। माता हरिमाया शिवाकोटी र पिता खडानन्द शिवाकोटीकी सुपुत्री सुमी लोहनीका दशओटा मौलिक र तीनओटा अनुवादका कृतिसमेत प्रकाशित भइसकेका छन्।

आफ्नै बाबुको श्रापका कारण शरीरका आठओटा अङ्ग बाङ्गाटिङ्गा भएर जन्मिएका अष्टावक्र सुजाता र कउरका सुपुत्र हुन्। प्रज्ञान् ब्रह्म, अहम् ब्रह्मास्मि, तत्त्वमसि, आत्मा नै ब्रह्मजस्ता महान् वाक्यहरू ब्रह्मसूत्रमा आए। जति फैलिन सक्छ त्यो अनन्त हुन्छ, नाशवान् हुँदैन त्यही नै ब्रह्म हो। आठ ठाउँमा बाङ्गो शरीर लिएर जन्मिएका भए पनि अष्टावक्र अत्यन्त मेधावी र प्रतिभाशाली थिए । उनले जनकको सभामा शास्त्रास्त्र गर्दा सबैलाई हराए र त्यहाँ बन्धक पारिएका आफ्ना बाबुलाई पनि मुक्त गरेर फर्किँदा बाटोमा नदीमा नुहाउँदा बुबाको श्राप पनि फिर्ता भएकाले उनको शरीर सुन्दर भयो । अष्टावक्रले जनकलाई विषय वासना त्यागेर अनि क्षमा र दयालाई अमृत ठानेर ग्रहण गर्ने सन्देश दिएका थिए। चैतन्य वा आत्मा नै ब्रह्म हो। हरेक व्यक्ति आफैँमा मुक्त हुन्छ । बुद्धले पनि आफ्नो मालिक आफैँ हो भनेका छन् । संसारमा जेजति घटना घट्छन् तिनलाई नियाल्नुपर्छ, आत्ममूल्याङ्कन गर्नुपर्छ। अष्टावक्रगीतामा बिसओटा अध्यायमा जनकलाई सन्देश दिइएको छ । रजनिशले पनि अष्टावक्र गीताबाट प्रभावित भएर महागीता भनेका छन् । साधनाको खुट्किलो नतोकी अघि बढ्दै गर र म ब्रह्म हुँ, म मुक्त छु भन्ने बोध गर, कुनै ध्यान वा तपस्या

गर्नुपर्दैन । महाभारतभन्दा अगाडि नै लेखिएको र यो गीताहरूको पनि गीता हो र महागीता हो भनिएको छ । ब्रह्मज्ञानीहरूको मथिङ्गल हल्लाउने र विचार तथा आचरणको तालमेलको सन्देश दिने भएकाले अष्टावक्र महागीता महत्त्वपूर्ण दार्शनिक कृति हो । अष्टावक्र महागीतामृतमा रहेका बिसैओटा अध्यायका संस्कृतका श्लोक जस्ताको तस्तै राखिदिएर सरल नेपाली भाषामा अनुसिर्जन गरिएको हुँदा योकृतिअनुकरणीयरपठनीयरहेकोछ।ब्रह्मवादी दर्शनजस्तो कठोर विषयमा प्रवेश गरेर सुमी लोहनीले अनुकरणीय कार्य गर्नुभएको हुँदा हार्दिक बधाइसमेत दिन्छु भन्नुभएको थियो ।

अष्टावक्र महागीतामृत कृतिको अनुसिर्जन गर्ने साहित्यकार सुमी लोहनीले यो कृतिले धर्म, जात, लिङ्ग, वर्ण, वर्ग आदि केहीका पक्षमा वकालत गर्दैन बरु यो कृति विशुद्ध आत्मज्ञानका बारेमा लेखिएको र अहिलेको जीवनजगत्‌लाई भोग्ने हामी सबैलाई यो कृति अत्यन्त उपयोगी रहेको छ । यसमा संस्कृतका जम्मा २९८ ओटा मात्र श्लोक रहेका छन् र ती सबै श्लोकलाई यो कृतिमा सरल नेपाली भाषामा आफूले अनुसिर्जन गर्ने प्रयत्न गरेकी हुँ । यसले भौतिक संसारको समग्र खुसी क्षणिक हुन्छ तर आत्मज्ञानले दिलाउने खुसीले नै मन स्थिर पार्ने र खुसी राख्ने काम गर्छ भन्ने सन्देश दिएको छ। यो कृति हाम्रो आफ्नै देशको मौलिक कृति, मिथिलाको धरोहर हो भन्नुभएको थियो ।

समारोहमा ओमप्रसाद कोइराला, नर्मदेश्वरी सत्याल, गायत्रीकुमार चापागाईँ, डा.रूपनारयण श्रेष्ठ, महेशराज खरेल, राजन आचार्य, लक्ष्मण तिमल्सिना, चेवन बस्नेत, पोष चापागाईँ, कृष्ण बाउसे, शान्ता दाहाल, कृष्णप्रसाद पौडेल जस्ताघरे, कुमार नेपाल, डा.मनोज जोशी, माधव प्रधान, नवराज श्रेष्ठ, डा.गोविन्दप्रसाद आचार्य, जमुना आचार्य, शिवप्रसाद आचार्य, दिनेशराज खरेल, बैरागी जेठा, लीलाराज दाहाल, बलराम विष्ट, केदारनाथ आचार्य, एम.पी.पाण्डे र प्रमोद भण्डारीले आआफ्ना कविता, गीत, गजल, मुक्तक वाचन गर्नुभएको थियो ।

वाचित रचनामाथि समीक्षा गर्नुहुँदै समालोचक प्रा.जगत् उपाध्याय 'प्रेक्षित'ले लामो इतिहास बनाएको साहित्य सन्ध्याको आजको यो विशेष समारोहमा परिचर्चा गरिएको विषय र सुनाइएका कविता समसामयिक रहेका छन् । स्रष्टाका सिर्जनामा समाजको यथार्थ चित्रण गरी मार्गनिर्देशन दिनुपर्ने मान्यतालाई आजका धेरै कविताले पालना गरेका छन् । अहिले मुलुक गम्भीर सङ्कटमा छ त्यसैले हामी स्रष्टाले अत्यन्त गम्भीरता र सचेतताका साथ बौद्धिक सिर्जना गरेर मुलुक र जनताका पक्षमा योगदान गर्नुपर्ने धारणा राख्नुभयो ।

सभाध्यक्ष राम विनयले साहित्य सन्ध्या भनेको एक प्रकारको कार्यशाला हो । २०३९ पुस २ गते बुधवार नेपाल ल क्याम्पसबाट साहित्यका माध्यमबाट सामाजिक रूपान्तरण अभियानको अगुवाइ गरिरहेको यो संस्थाले नयाँ र पुराना स्रष्टालाई एकै ठाउँमा भेला गराई कार्यशालाको स्वरूप प्रदान गरिरहेको छ । आजको यो समारोहमा बहस गर्नै पर्ने निकै महत्त्वपूर्ण विषय 'साहित्यमा अर्थ-राजनीतिक परिदृश्य'का बारेमा दीपेन्द्रबहादुर क्षेत्रीले विभिन्न तथ्ययुक्त दृष्टान्तसहित विशद चर्चा गरिदिनुभएको र प्रा.जगत् उपाध्याय 'प्रेक्षित'ले साहित्कार सुमी लोहनीद्वारा अनुसिर्जन गरिएको अष्टावक्र महागीतामृत कृतिको विशद परिचर्चा गरिदिनुका साथै वाचित सिर्जनामाथि पनि समीक्षा गरिदिनुभएकामा उहाँहरूलाई धन्यवाद दिनुभएको थियो र समारोहमा उपस्थित सबैप्रति आभार प्रकट गर्दै समारोहको समापन गर्नुभएको थियो ।

# 'अविरल जनसाहित्य यात्रा-१११' मा निरञ्जना चन्द 'निरु'का कविता गुञ्जिए

साउन ९ गते अपराह्न १ बजे राष्ट्रिय जनसांस्कृतिक महासङ्घको सभाकक्षमा राष्ट्रिय जनसाहित्यिक सङ्घ, नेपालले २०७२ सालदेखि अविच्छिन्न रूपमा आयोजना गरिरहेको 'अविरल जनसाहित्य यात्रा'को १११ औँ शृङ्खलामा निरञ्जना चन्द 'निरु'का एक दर्जन कविता गुञ्जिए ।

राष्ट्रिय जनसाहित्यिक सङ्घ नेपालकी अध्यक्ष नर्मदेश्वरी सत्यालको अध्यक्षतामा सम्पन्न उक्त समारोहमा प्रमुख अतिथिका रूपमा एमाले नेता एवम् महासङ्घका इन्चार्ज जीवन घिमिरे उपस्थित हुनुहुन्थ्यो भने प्रा.केशव सुवेदी, प्रा.डा.जीवेन्द्र देव गिरी, प्रा.डा.हेमनाथ पौडेल, प्रा.जगत् उपाध्याय 'प्रेक्षित', प्रा.डा.देवी नेपाल, महासङ्घकी उपाध्यक्ष नमुना शर्मा, महासचिव आर.सी.न्यौपाने विशेष अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो । महासङ्घका पूर्वअध्यक्ष प्रेमनाथ अधिकारी, वासुदेव अधिकारी, माधव चौलागाईँ, निराजन चापागाईँ, महेशराज खरेल, प्रशान्त खरेललगायत अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो ।

राष्ट्रिय जनसाहित्यिक सङ्घ, नेपालको काव्य विभाग सदस्य गोपालकुमार मैनालीको सञ्चालनमा सम्पन्न उक्त समारोहमा सङ्घका महासचिव डा.कृष्ण सुवेदीले कविनायक निरञ्जना चन्द 'निरु'को परिचय दिनुभएको थियो भने समारोहको अध्यक्षता गर्दै नर्मदेश्वरी सत्यालले उपस्थित हुनुहुने सबैलाई स्वागत गर्दै कविनायकलाई पनि माल्यार्पण गरी स्वागत गर्नुभएको थियो ।




कविनायकले आफ्ना कविताको रचनागर्भको जानकारीसहित कवि निरञ्जनाले 'युगीन प्रतिध्वनि', 'अयोग्य योद्धा र पदचापहरू', 'वनफूल', 'मेरो बस्तीमा घाम किन आएन !', 'छाउगोठका शरणार्थी सपनाहरू' र 'मधेसको आँगनमा दहेज' शीर्षकका चारओटा कविता वाचन गर्नुभयो । सहयोगी कविहरू जयन्ता पोखरेलले 'निश्चिन्त भएर उठ', यशोदा अधिकारीले 'दिलमाया', रामचन्द्र दाहालले 'फर्केर आऊ आफ्नै घर', माधव चौलागाईँले 'गुराँसहरू युद्ध गर्दैनन्', गीता सापकोटाले 'सत्तासीन गुनासो' शीर्षकका र कविनायकका गुरु प्रा.डा.जीवेन्द्र देव गिरीले 'जीर्णकवच' शीर्षकको कविता वाचन गर्नुभएको थियो भने वाचित कवितामाथि डा.अमृता शर्माले टिप्पणी गर्नुभएको थियो ।

'अविच्छिन्न प्रकाशित भइरहेको
साहित्यिक पत्रिका
**शब्द-संयोजन**
मासिक' पढ्नुहोस् ।

# शक्तिशाली कविले अरूलाई बदल्ने सामर्थ्य राख्नुपर्छ



❖ प्रा. डा. रामप्रसाद ज्ञवाली

लामो समयदेखि चलिरहेको अविरल जनसाहित्य यात्राको आजको यो विशेष समारोहमा थोरै मौसमको पनि र केही राजनीतिक कारणले पनि होला उपस्थिति केही कम देखिए पनि यो अत्यन्त गुणात्मक रहेको छ । वास्तवमा आजको यो विशेष समारोह काव्यिक संसद्जस्तो भएको छ । मिहिनेती, प्रतिभाशाली छन्दकवि नारायण निरासीका देशभक्तिपूर्ण, विद्रोही चेतनाले युक्त, प्रत्येक बिहानी नयाँजस्तै लाग्ने खालका एक दर्जन कविता हामीले सुन्यौँ । कवितामा पुनरावृत्तिजस्तो सुनिए पनि हाम्रो जीवन नै पुनरावृत्ति हो । कविताका हजारौँ परिभाषा छन् । समाज बदलिइरहन्छ, मान्छे बदलिइरहन्छ त्यसैले समयक्रमअनुसार नै कविता लेखिन्छ । आदर्शको पाटो कवितामा आउनु राम्रो कुरा हो तर विचार र व्यवहारको तादात्म्य चाहिँ मिल्नुपर्छ । कविताले सोझो अर्थ दिँदैन, हाम्रा लोकसाहित्यले सुन्दर कविता बनाएको पाइन्छ । लयले कवितालाई मौलिक बनाउँछ तर भावानुकूल लयको मिठास चाहिँ आवश्यक हुन्छ । त्यही लयचेतनाका कारण पद्यकविता स्थापित भएको छ भने गद्यकविताले आफूलाई स्थापित गर्न अझै सकेको छैन ।

करुणा, विवेक, भाव, अन्तरवस्तुको संयोजन कविताले गर्नुपर्दछ । चन्दनजस्तो, उखुजस्तो कविता भइदियोस् भन्ने अपेक्षा गरिन्छ । देख्नु, हेर्नु स्थिति हो भने परिस्थिति चाहिँ भोगाइ हो त्यसैले कविले परिस्थितिजन्य कविता लेख्ने हो । माहुरी र माकुराको संश्लेषण हो कविता भन्ने कुराको अनुभूत कविले गर्नु आवश्यक छ । गुफामा अँध्यारो हुनु प्रकृति असफल भएको मान्नु हो र त्यसमा मान्छेले बत्ती बालेर सफल बनाइदिनुपर्छ त्यसैले पनि कविले कल्पना, दर्शन, विचारको संश्लेषण गरेर कविता सिर्जना गर्दछ । शक्तिशाली कविले आफू बदलिएर होइन अरूलाई बदल्ने सामर्थ्य राख्नुपर्छ त्यसैले कवि अत्यन्त थोरै मात्र बन्नसक्छन् भनिन्छ । जतासुकै र जुनसुकै क्षेत्रबाट पनि राम्रा कुराको ग्रहण गर्ने, प्रत्येकको महत्ताबोध गर्ने, सौन्दर्यको सृष्टि गर्दा सामूहिकता र वर्गीयतालाई बिर्सिनुनहुने कुराको ख्याल राख्नुपर्दछ । प्रचारको, हल्लाको साहित्य जीवनको साहित्य हुनसक्तैन । कविले आलोचना र प्रशंसालाई स्वीकार गरी साधना गर्नु आवश्यक छ । कविता लेख्दा आफैँ कवितामा रूपान्तरण हुनु कविको प्राप्ति हो । अनुप्रभाव (अरूको प्रभाव ग्रहण गर्ने), मौलिकता र आविष्कार (युग बदल्ने, नयाँ धारा निर्माण गर्ने) चरणमा आविष्कार सबल पक्ष हो । आजका कवितामा पुनरावृत्तिजस्तो लाग्नुमा चाहिँ विषयको विविधताले समाधान देला भन्ने लाग्छ । आजको यो विशेष समारोह सार्थक भएको छ । म फेरि पनि कविलाई धन्यवाद दिन्छु, बधाइ दिन्छु । आजको यो महत्त्वपूर्ण समारोहमा आफ्ना धारणा राख्नेसमेतको अवसरले मलाई गर्वबोध भएको छ, म आयोजकलाई धन्यवाद पनि दिन्छु ।

*-रमेश पोखरेल (प्रा.डा.रामप्रसाद ज्ञवालीले १०७ औँ अविरल जनसाहित्य यात्रामा व्यक्त गर्नुभएको मन्तव्यमा आधारित)*

# नागरिकमैत्री सार्वजनिक सेवा

- सेवाग्राहीप्रति सम्मान, शिष्टता र समान व्यवहार गरौँ,
- छिटो, सरल, पारदर्शी र गुणस्तरीय सेवा प्रदान गरौँ,
- सेवासम्बन्धी सूचना, प्रक्रिया र शुल्क स्पष्टरूपमा उपलब्ध गराऔँ,
- प्रविधिमैत्री तथा डिजिटल सेवाको प्रभावकारी उपयोग गरौँ,
- सेवाग्राहीका गुनासा, सुझाव र प्रतिक्रियालाई सम्बोधन गरौँ,
- सुशासन, इमानदारिता, जबाफदेहिता र उत्तरदायित्वलाई आत्मसात् गरौँ,
- सार्वजनिक सेवालाई विश्वासयोग्य, पहुँचयोग्य र नागरिककेन्द्रित बनाऔँ,


**सेवाग्राहीको सन्तुष्टि नै सार्वजनिक सेवाको सफलता हो ।**



नेपाल सरकार

**विज्ञापन बोर्ड**

बबरमहल, काठमाडौँ

जि.प्र.का.का. द.नं. ९४/२०६०/०६१ म.क्षे.हु.नि. द.नं. २०/०६९/७०




'अविच्छिन्न प्रकाशन भइरहेको साहित्यिक पत्रिका शब्द–संयोजन मासिक'

खोजी खोजी पढ्नुहोस्' ।